
# नगर शिक्षा योजना

## खाँदबारी नगरपालिका

(२०८३/२०८४–२०९३/२०९४)




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

<u>प्रकाशक</u>

## खाँदबारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

# हाम्रो भनाई

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क एवम् माध्यमिक तहसम्म निःशुल्क शिक्षाको मौलिक हक सुनिश्चित गरेको छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विद्यालय शिक्षाको योजना तर्जुमा, सञ्चालन, व्यवस्थापन, अनुगमन, मूल्याङ्कन तथा गुणस्तर अभिवृद्धि सम्बन्धी महत्वपूर्ण जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। यी संवैधानिक तथा कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्दै शिक्षालाई समतामूलक, गुणस्तरीय, जीवनोपयोगी तथा प्रविधिमैत्री बनाउने उद्देश्यका साथ खाँदबारी नगरपालिकाले दशवर्षे नगर शिक्षा योजना (२०८३/८४—२०९२/९३) तर्जुमा गरेको छ।

शिक्षा कुनै पनि समाजको समग्र विकास, सुशासन, सामाजिक रूपान्तरण तथा आर्थिक समृद्धिको आधार हो। वर्तमान विश्व परिवेशमा ज्ञान, सीप, प्रविधि र नवप्रवर्तनमा आधारित शिक्षाले मात्र सक्षम, सिर्जनशील, नैतिक तथा प्रतिस्पर्धी नागरिक उत्पादन गर्न सक्छ। यस यथार्थलाई आत्मसात् गर्दै खाँदबारी नगरपालिकाको शैक्षिक अवस्था, उपलब्धि, चुनौती, अवसर तथा स्थानीय आवश्यकताको वस्तुगत विश्लेषणका आधारमा आगामी दश वर्षको स्पष्ट लक्ष्य, उद्देश्य, रणनीति तथा कार्ययोजना सहित यो नगर शिक्षा योजना तयार गरिएको हो।

यस योजनामा प्रारम्भिक बालविकासदेखि माध्यमिक शिक्षासम्मको गुणस्तर सुधार, समावेशी तथा विशेष शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, वैकल्पिक तथा निरन्तर शिक्षा, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण—सिकाइ, विद्यालय पूर्वाधार विकास, शिक्षकको पेशागत क्षमता अभिवृद्धि, विद्यालय सुशासन, शैक्षिक अनुसन्धान, अनुगमन तथा मूल्याङ्कनलाई एकीकृत रूपमा समेटिएको छ। यस योजनाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद क्षेत्रको दीर्घकालीन मार्गदर्शक दस्तावेजका रूपमा कार्य गर्दै गुणस्तरीय सार्वजनिक शिक्षाको सुदृढीकरण तथा समग्र शैक्षिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ।

यो योजना निर्माणका क्रममा नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर शिक्षा समिति, वडा कार्यालयहरू, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी, विभिन्न सरकारी तथा गैरसरकारी निकाय, विकास साझेदार, शिक्षा क्षेत्रका विज्ञ तथा सम्पूर्ण सरोकारवालाबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्राप्त सुझाव, अनुभव र सहयोग अमूल्य रहेको छ। यसरी प्राप्त भएको सुझावहरुलाइ अध्ययन गर्ने र योजनालाइ मूर्त रुप दिन नगर शिक्षा योजना निर्माण कार्यदलप्रति पनि भन्यवाद ज्ञापन गरिन्छ । योजना निर्माण प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति शिक्षा, युवा तथा खेलकुद शाखा हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछ।

यस योजनाको सफल कार्यान्वयन नगरपालिकाको एकल प्रयासबाट मात्र सम्भव छैन। यसका लागि जनप्रतिनिधि, विद्यालय परिवार, अभिभावक, समुदाय, सरकारी तथा गैरसरकारी निकाय, निजी क्षेत्र, विकास साझेदार तथा सम्पूर्ण नगरवासीको सक्रिय सहभागिता, सहकार्य र साझा प्रतिबद्धता अपरिहार्य छ। योजनामा

समेटिएका नीति, रणनीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनबाट खाँदबारी नगरपालिकालाई गुणस्तरीय, समावेशी, प्रविधिमैत्री, नवप्रवर्तनमुखी तथा जीवनोपयोगी शिक्षाको उत्कृष्ट स्थानीय सरकारका रूपमा स्थापित गर्न सकिने पूर्ण विश्वास व्यक्त गर्दै यस अभियानमा सबै सरोकारवालाको निरन्तर सहयोग, साथ र प्रतिबद्धताको अपेक्षा गर्दछौं।

अन्त्यमा, यस नगर शिक्षा योजनाको सफल कार्यान्वयनबाट प्रत्येक बालबालिका तथा युवाले गुणस्तरीय शिक्षा, सीप, अवसर र जीवनका लागि आवश्यक क्षमता प्राप्त गरी समुन्नत, समावेशी र समृद्ध खाँदबारी निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्दछौं।

मिति -२०८३ असार

**-शिक्षा, युवा तथा खेलकुद शाखा**
**खाँदबारी नगरपालिका**

# योजनाको सारांश

खाँदबारी नगरपालिकाको नगर शिक्षा योजना (२०८३/८४—२०९२/९३) नगरभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय, प्रविधिमैत्री, जीवनोपयोगी तथा दिगो बनाउने उद्देश्यले तयार गरिएको दीर्घकालीन रणनीतिक दस्तावेज हो। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय शिक्षा नीति २०७६, सोह्रौं योजना आ.व. २०८१/८२-२०८५/८६, खाँदबारी नगरपालिकाको आवधिक योजना २०७८/७९-२०८२/८३, कोशी प्रदेशको दोस्रो आवधिक योजना २०८१/८२-२०८५/८६, विद्यालय शिक्षा क्षेत्र योजना २०७९-८८ तथा दिगो विकास लक्ष्य (SDG—४) को मर्मअनुरूप तयार गरिएको यस योजनाले स्थानीय आवश्यकता, प्राथमिकता तथा उपलब्ध स्रोत—साधनलाई आधार मानी आगामी दश वर्षका लागि शिक्षा क्षेत्रको स्पष्ट मार्गनिर्देशन प्रदान गर्दछ।

यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक शिक्षासम्मका कार्यक्रम, समावेशी तथा विशेष शिक्षा, वैकल्पिक तथा अनौपचारिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, आजीवन सिकाइ, युवा विकास तथा खेलकुद प्रवर्द्धनलाई एकीकृत रूपमा समेटेको छ। शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने, सिकाइ उपलब्धिमा सुधार गर्ने, विद्यालय छाड्ने दर न्यूनीकरण गर्ने, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि गर्ने, विद्यालय सुशासन सुदृढ बनाउने, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण—सिकाइ विस्तार गर्ने तथा सुरक्षित, बालमैत्री र समावेशी विद्यालय वातावरण निर्माण गर्ने यस योजनाका प्रमुख प्राथमिकताहरू रहेका छन्।

योजना निर्माणका क्रममा नगरपालिकाको विद्यमान शैक्षिक अवस्था, जनसांख्यिक तथा सामाजिक—आर्थिक अवस्था, विद्यालयको भौतिक तथा शैक्षिक स्थिति, सिकाइ उपलब्धि, शिक्षक व्यवस्थापन, पहुँच तथा समताको अवस्था लगायतका विषयको विश्लेषण गरिएको छ। साथै, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी, जनप्रतिनिधि, विषयगत शाखासँगको परामर्श र सहभागिताका आधारमा योजना तर्जुमा गरिएको छ। यस योजनाले विशेषगरी बालिका, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका बालबालिका, आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका समुदाय र विद्यालयबाहिर रहेका बालबालिकाको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधारलाई विशेष प्राथमिकता दिएको छ।

योजनाको कार्यान्वयनका लागि स्पष्ट उद्देश्य, रणनीति, अपेक्षित नतिजा, कार्यसम्पादन सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी निर्धारण, स्रोत व्यवस्थापन तथा प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणालीको व्यवस्था गरिएको छ। स्थानीय स्रोत—साधनको अधिकतम परिचालन, सङ्घ, प्रदेश तथा विकास साझेदारसँगको समन्वय, समुदायको सक्रिय सहभागिता र सार्वजनिक—निजी साझेदारीमार्फत योजनाका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने लक्ष्य राखिएको छ।

समग्रमा, यो नगर शिक्षा योजना खाँदबारी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद क्षेत्रको दीर्घकालीन मार्गदर्शक दस्तावेजका रूपमा रहेको छ। योजनाको प्रभावकारी कार्यान्वयनबाट प्रत्येक बालबालिकाले गुणस्तरीय, समावेशी, जीवनोपयोगी तथा प्रविधिमैत्री शिक्षा प्राप्त गर्ने शिक्षामार्फत समतामूलक, सक्षम, समृद्ध र सभ्य समाज निर्माणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

## (क) विषय प्रवेश

संविधानतः सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ । नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा विद्यालय शिक्षा सम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भअनुसार शिक्षानीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ । यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्त्वपूर्ण मानिन्छ ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन तथा मध्यकालीन योजना हो । यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ । साथै, यसले सङ्घीय तथा प्रदेशस्तरीय शिक्षानीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा दिगो विकास लक्ष्य (SDG-4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मक रूपमा अघि बढाउन सहयोग पुर्‍याउँछ ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागितामूलक र समावेशी हुनुपर्दछ । यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ । यसले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गतामैत्री पूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणाली जस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । दीर्घकालीन दृष्टि, स्पष्ट लक्ष्य र मापनयोग्य सूचकहरू सहितको स्थानीय शिक्षा योजना मार्फत स्थानीय तहले आफ्ना नागरिकका लागि समावेशी, गुणस्तरीय र दिगो शिक्षा प्रणाली निर्माणतर्फ ठोस कदम चाल्न सक्नेछ ।

**(ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य**

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो । गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षाबिना दिगो विकास सम्भव हुँदैन । सङ्घीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा सेवा प्रवाहको महत्त्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य झनै बढेको छ । स्पष्ट दृष्टि, लक्ष्य र रणनीतिबिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरूले अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ ।

स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउन शिक्षा योजना निर्माण आवश्यक हुन्छ । देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ । एकै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ । यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ ।

सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग गर्न शिक्षा योजना निर्माण औचित्यपूर्ण हुन्छ । शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ । साथै, यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ ।

शिक्षामार्फत समावेशिता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु औचित्यपूर्ण हुने भएकाले शिक्षा योजना निर्माण गर्नु प्रमुख आवश्यकताको विषय हो । बालबालिकाहरू शिक्षाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ । शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याउँछ ।

त्यसै गरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ । शिक्षकको पेसागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ । साथै शिक्षा योजनामार्फत जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपतकालीन अवस्थामै पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी सम्भव हुन्छ ।

यसरी, शिक्षा योजना निर्माणले स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ । यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG-4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी, प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ । त्यसैले, गुणस्तरीय, समावेशी र दिगो शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण आवश्यक मात्र नभई अत्यन्त औचित्यपूर्ण कार्य हो ।

**(ग) योजना निर्माण प्रक्रिया**

शिक्षा योजना निर्माण गर्दा देहाय बमोजिमका सामग्रीहरूलाई आधार बनाइएको छ :

१.नेपालको संविधान २०७२

२.सोह्रौं योजना आ.व. २०८१/८२-२०८५/८६

३.स्थानीय सरकार सञ्चालन ऐन, २०७४

४.सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

५.खाँदबारी नगरपालिकाको आवधिक योजना २०७८/७९-२०८२/८३

६.कोशी प्रदेशको दोस्रो आवधिक योजना २०८१/८२-२०८५/८६

७.अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावलीहरू

८. विद्यालय शिक्षा क्षेत्र योजना २०७९-८८

९.राष्ट्रिय शिक्षा नीति २०७६

१०. दिगो विकासका लक्ष्यहरू

११. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८

१२. स्थानीय तहको मध्यकालीन खर्च संरचना

१३. राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

१४. विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रमहरू आदि ।

त्यसै गरी योजना निर्माणको क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्बन गरिएको थियो :

क) नगर शिक्षा समितिको बैठक

ख) योजना निर्माण समितिको गठन

ग) सरोकारवालाहरूको भेलाको उपस्थिति र निर्णय

घ) प्रथम मस्यौदा तयारी

ङ) योजनाको अन्तिम रूप

च) योजनाको मूल्याङ्कन

छ) योजनाको स्वीकृति र कार्यान्वयनको अवस्था

**(घ) योजनाको दस्तावेजको स्वरूप**

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्या, चुनौती र अवसरहरू उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरू प्रस्तुत गरिएको छ ।

तेस्रो परिच्छेदमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाकाहरू समावेश गरिएको छ । यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन् ।

परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषयक्षेत्रहरू समावेश गरिएको छ । यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रमसम्बद्ध मूल्याङ्कन प्रविधि, शिक्षक व्यवस्थापन र क्षमता विकास, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा, विद्यालयको भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास रहेका छन् ।

परिच्छेद पाँचमा विद्यालय सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था साथै अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रस्तुतीकरण प्रणाली समावेश गरिएको छ भने परिच्छेद छ मा योजनाका लागि लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ । त्यसै गरी परिच्छेद सातमा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्य मुख्य सूचकहरू उल्लेख गरिएको छ ।

## विषय सूची

### परिच्छेद-१


**परिचय** **१-६**

१.१ भौगोलिक अवस्था १

१.२ ऐतिहासिक पृष्ठभुमि २

१.३ प्रशासकीय तथा राजनैतिक बिभाजन २

१.४ जनसाङ्ख्खिक संरचनाको स्थिति ३

१.५ सामाजिक तथ सांस्कृतिक अवस्थाको विश्लेषण ३

१.६ आर्थिक अवस्थाको विश्लेषण ४

१.७ शैक्षिक अवस्थाको विश्लेषण ४

१.८ मूख्य समस्या तथा चुनौतीको विश्लेषण ५

१. मूख्य समस्या विश्लेषण ५

२. शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण ५

३. सवल वक्ष ५

४ . कमजोर पक्ष ५

५ . अवसर ५

६ . चुनौती ६


### परिच्छेद २


**दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** **७-१०**

२.१ दूरदृष्टिः ७

२.२ लक्ष्य ७

२.३ उद्देश्यः ७

२.४ रणनीतिहरु ७

२.५ कार्यनीति ८

२.६ अपेक्षित उपलव्धि ९

२.७ मुख्य कार्यसम्पादन सुचक र लक्ष्य नर्धारण १०


### परच्छेद-३


**शिक्षाका क्षेत्रहरु** **१२-४२**

**३.१ प्रारम्भिक बालविकास र शिक्षा** **१२**

३.१.१ परिचय १३

३.१.२ बर्तमान अवस्था १३

३.१.३ चुनौति तथा अवसरहरु १४

३.१.४ लक्ष्य १४

३.१.६ रणनीतिहरू (Strategies) १४
३.१.७ उपलव्धि, नतिजा र प्रमूख क्रियाकलाप १५
**३.२** आधारभूत शिक्षा १६
३.२.१ परिचय १६
३.२.२ वर्तमान अवस्था १६
३.२.३ आधारभूत शिक्षामा निम्नलिखित चुनौतीहरु १७
**३.२.४** उद्धेश्य १८
३.२.५ रणनितिहरु : १८
३.२.६ उपलव्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य १९
**३.३ माध्यमिक शिक्षा २१**
३.३.१ परिचय **२१**
३.३.२ वर्तमान अवस्था **२१**
३.३.३ चुनौति तथा अवसरहरु **२१**
३.३.४ लक्ष्य (Goal) **२३**
३.३.५ उद्देश्यहरु **२३**
३.३.६ रणनीतिहरु (Strategies) **२३**
३.३.७ उपलब्धि तथा प्रमुख नतिजाहरु **२४**
३.३.८ प्रमुख क्रियाकलाप तथा लक्ष्य नर्धारण **२५**
**३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम २६**
३.४.१ परिचय २६
३.४.२ वर्तमान अवस्था २६
३.४.३ चुनौति र अवसरहरु २६
३.४.४ लक्ष्य २६
३.४.५ उद्देश्य २६
३.४.६ रणनीति (Strategies) २७
३.४.७ प्रमुख क्रियाकलाप तथा लक्ष्य निर्धारण २७
३.५ शिक्षक व्यवस्थापन र विकास २८
३.५.१ परिचय २८
३.५.२ वर्तमान अवस्था २९
३.५.३ शिक्षक दरबन्दीको व्यवस्थापन २९
३.५.४ शिक्षक तयारी २९
३.५.५ शिक्षण पेशामा आकर्षण र नियुक्ति ३०
३.५.६ शिक्षण सिकाइ क्रियाकलाप ३०

३.५.७ शिक्षक उत्तरदायित्व ३१
३.५.८ शिक्षक पेशागत सहयोग पद्धति ३२
३.५.९ शिक्षक क्षमता विकास कार्यक्रम ३२
३.५.१० चुनौतिहरु ३३
३.५.११ उद्देश्य ३३
३.५.१२ रणनीतिहरु ३४
३.५.१३ उपलब्धी, मुख्य नतिजाहरु,मुख्य क्रियाकलाप तथा लक्ष्य ३४
**३.६ पाठ्यक्रम र मूल्याङ्कन ३६**
३.६.१ परिचय ३६
३.६.२ वर्तमान अवस्था ३६
३.६.३ अवसर र चुनौतीहरु ३७
३.६.४ उद्देश्य ३७
३.६.५ रणनितिहरु ३८
३.६.६ उपलब्धि नतिजा, प्रमुख क्रियाकलाप ३८
**३.६.७** मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण ३९
**३.७ निरन्तर शिक्षा, अनौपचारिक शिक्षा,**
**जीवनपर्यन्त सिकाइ र खुला विद्यालय शिक्षा** ३९
३.७.१ परिचय (Introduction) ३९
३.७.२ चुनौति तथा अवसरहरु ४०
३.७.३ लक्ष्य ४०
३.७. ४ उद्देश्यहरु ४०
३.७. ५ रणनीतिहरु ४१
३.७. ६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ४१
३.७.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु ४२

## परिच्छेद ४

**अन्तरसम्वन्धित विषय तथा क्षेत्रहरु ४३-५९**

४.१ समता र समावेशिकरण ४३
४.१.१ परिचय (Introduction) ४३
४.१.२ बर्तमान अवस्था ४४
४.१.३ चुनौति र अवसरहरु ४४
४.१.४ लक्ष्य ४४
४.१.५ उद्देश्य ४४

४.१.६ रणनितिहरु ४५
४.१.७ उपलब्धि, प्रमुख नतिजा, मुख्य क्रियाकलाप र लक्ष्य ४५
४.१.८ प्रमुख क्रियाकलापहरु **४५**
४.२ दिवा खाजा ४५
४.२.१ परिचय ४६
४.२.२ वर्तमान अवस्था ४६
४.२.३ अवसर र चुनौतिहरु ४६
४.२.४ लक्ष्य ४७
४.२.५ उद्देश्य ४७
४.२.६ रणनिति ४७
४.२.७ उपलब्धि नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ४८
४.२.८ प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण ४८
४.३ छात्रवृति ४९
४.३.१ परिचय ४९
४.३.२ बर्तमान अवस्था ४९
४.३.३ चुनौति र अवसरहरु ५०
४.३.४ लक्ष्य ५०
४.३.५ उद्देश्य (Objectives) ५०
४.३.६ रणनीतिहरू (Strategies) ५०
४.३.७ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य ५१
४.३.८ प्रमुख क्रियाकलापहरु ५१
**४.४ आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षा** **५२**
**४.४.१** परिचय **५२**
४.४.२ बर्तमान अवस्था **५२**
४.४.३ लक्ष्य (Goal) **५३**
४.४.४ उद्देश्यहरू (Objectives) **५३**
४.४.५ रणनीति **५३**
४.४.६ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य **५३**
४.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य **५४**
४.५ **विद्यालयको भौतिक पूर्वाधार विकास** **५४**
४.५.१ परिचय **५४**
४.५.२ वर्तमान अवस्था **५५**
४.५.३ अवसर र चुनौतीहरु **५५**
४.५.४ लक्ष्य **५५**

४.५.५ उद्देश्य **५५**
४.५.६ रणनीतिहरु **५५**
४.५.७ उपलब्धि तथा नतिजाहरु **५६**
४.५.८ प्रमुख क्रियापलाप तथा लक्ष्य निर्धारण ५६
**४.६ शिक्षामा सूचना र प्रविधि** **५७**
**४.६.१** परिचय ५७
४.६.२ वर्तमान अवस्था ५७
४.६.३ अवसर र चुनौति ५७
४.६.४ उद्देश्यहरु ५७
४.६.५ रणनीतिहरु ५८
४.६.६ उपलब्धि नतिजा ५८
४.६.७ प्रमुख क्रियापलाप तथा लक्ष्य निर्धारण ५९

**परिच्छेद ५**

**सुशासन तथा व्यवस्थापन** **६०-६२**
५.१ संस्थागत क्षमता विकास ६०
५.१.१.परिचय ६०
५.१.२ वर्तमान अवस्था ६०
५.१.३ चुनौती ६०
५.१.४ लक्ष्य ६१
५.१.५ उद्देश्य ६१
५.१.६ रणनीति ६१
५.१.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप ६२
५.१.८ प्रमुख क्रियाकलाप तथा लक्ष्य निर्धारण ६२

**परिच्छेद ६**

**लगानी र स्रोत व्यवस्थापन** **६३-६५**
६.१ परिचय **६३**
६.२ बर्तमान अवस्था **६३**
६.३ चुनौती तथा अवसरहरु **६४**
६.४ लक्ष्य (Goal) **६४**
६.५ उद्देश्य **६४**
६.६ रणनीतिहरू (Strategies) **६४**
६.७ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान ६५

**परिच्छेद ७**

| | |
|---|---|
| **कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण** | **६७-६९** |
| ७.१ परिचय | **६७** |
| ७.२ वर्तमान अवस्था | **६७** |
| ७.३ उद्देश्यहरू | **६७** |
| ७.४ रणनीतिहरू | **६८** |
| ७.५ उपलब्धि, प्रमूख नतिजा, प्रमूख क्रियाकलाप र लक्ष्यहरु | ६९ |
| वजेट अनुमान | ७०-७४ |
| अनुसूचिहरु | ७५ |

# परिच्छेद-१
# परिचय

## १.१ भौगोलिक अवस्था

कोशी प्रदेश अन्तरगत संखुवासभा जिल्लाको सदरमुकामको रुपमा रहेको खाँदबारी नगरपालिका समुद्र सतहबाट २७८ मिटर (सभा , अरुण दोभान ) देखि २१७१ मिटरको उचाइ (छ्याङ्कुटी ) सम्म फैलिएर रहेको पहाडी क्षेत्रभित्र पर्दछ। यस पालिकाको माथिल्लो भागमा डाँडा, भिरालो जमिन र तल्ला भागमा समथर विश्वको सभवैभन्दा होचो उपत्यका समेत रहेको छ । भौगोलिक अवस्थितिको हिसाबले यो नगरपालिका २७ डिग्री १६ मिनेट १४ सेकेण्ड देखि २७ डिग्री २७ मिनेट ४४ सेकेण्ड सम्मको उत्तरी अक्षांश र ८७ डिग्री १४ मिनेट २७ सेकेण्ड देखि ८७ डिग्री ७ मिनेट २६ सेकेण्ड सम्मको पूर्वी देशान्तरमा अवस्थित छ । यस पालिकाको क्षेत्रफल १२२.७८ वर्ग किमी (४७.४१ वर्ग माइल) रहेको छ । संखुवासभा जिल्लाका तत्कालीन मनकामना, पाङ्मा र माल्टा गाउँ विकास समितिहरुलाई वि.स. २०५३ माघ ११ गते मिलाएर खाँदबारी नगरपालिका घोषणा गरिएको थियो । वि.सं. २०७३ फाल्गुन २२ मा नेपाल सरकारको निर्णयअनुसार सित्तलपाटी गाविस समेत यसमा गाभेर यो नगरपालिकाको क्षेत्र विस्तार गरिएको थियो। राज्यको संघीय संरचना हुनु अगाडि राजनैतिक रुपले १३ वटा वडाहरुमा बिभाजित यस खाँदबारी नगरपालिकामा साविकको सितलपाटी गाउँपालिकालाई समेत समायोजन गरेपछि अहिले ११ वटा वडाहरु रहेका छन् । यस नगरपालिकाको पश्चिममा भोजपुर जिल्लाको षडानन्द नगरपालिका , पूर्वमा पाँचखपन नगरपालिका र यस नगरपालिका , उत्तरमा चिचिला गाउँपालिका र सिलिचोङ गाउँपालिका तथा दक्षिणमा भोजपुर जिल्ला र यस नगरपालिका रहेका छन् ।

यस पालिकामा विश्वको होचो उपत्यका भनेर चिनिएको अरुण उपत्यका देखि २१७१ मिटरको उचाइसम्मको क्षेत्र पर्ने भएकोले विविध प्रकारका हावापानी पाइन्छ । यस पालिकाको तल्लो भेगमा गर्मी समयमा अध्याधिक गर्मी र जाडोमा चिसो हुने गर्दछ भने माथिल्लो क्षेत्रमा गर्मीमा मध्यम तापक्रम र जाडोमा चिसो हुने गरेको भएपनि हिमपात सामान्यतया हुँदैन । खाँदबारी नगरपालिकामा ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरुका रुपमा मनकामना मन्दिर, चारधारा, सतिढुङ्गा, फेक्मालुङ, छहरे झरना, बन्दुके,त्रिवेणी, पोखरी पार्क, शान्ति बाल उद्यान, लहरीखर्क, चेवास्थित भ्यू टावर, कोकले बजार रमितेडाँडा,सित्तलपाटी डाँडा तथा रेवाहाङ पार्क जस्ता धेरै रहेका छन् ।

खाँदबारी नगरपालिका अरुण नदी उपत्यकामा अवस्थित भएकाले यहाँको जैविक विविधता अत्यन्तै समृद्ध र विविध प्रकृतिको छ । यहाँ साल, चिलाउने, रुद्राक्ष, सल्ला, लालीगुराँस, उत्तिस, बाँस, विभिन्न घाँस तथा बहुमूल्य औषधीय वनस्पतिहरू पाइन्छन् । अरुण नदी, साना खोला र आसपासका जंगलले चराचुरुङ्गी, सरिसृप, उभयचर, कीरा—फट्याङ्ग्रा तथा विभिन्न स्तनधारी जनावरका लागि महत्वपूर्ण आवास प्रदान गर्छन् । यो क्षेत्र महत्वपूर्ण पंक्षी क्षेत्र भित्र पर्ने भएकाले यहाँ धेरै किसिमका स्थानीय तथा प्रवासी चराहरू

पाइन्छन्, जसले जैविक सन्तुलन र पर्यावरणीय स्वास्थ्यलाई मजबुत बनाएको छ । समग्रमा, खाँदबारी नगरपालिकाको जैविक विविधताले प्राकृतिक स्रोत संरक्षण, जलवायु सन्तुलन, जीविकोपार्जन तथा प्रकृति पर्यटनका दृष्टिले महत्वपूर्ण भूमिका खेलेको छ ।

खाँदबारी नगरपालिका पहाडी भू–भाग र अरुण नदी उपत्यकामा अवस्थित भएकाले यहाँ विभिन्न प्रकारका प्राकृतिक प्रकोप तथा जोखिमको अवस्था देखिन्छ । मुख्य रूपमा बाढी, पहिरो तथा भू–क्षय यस क्षेत्रका प्रमुख जोखिम हुन् । वर्षायाममा अत्यधिक वर्षा हुँदा अरुण नदी तथा साना खोलाहरूमा पानीको बहाव बढेर तटीय क्षेत्रमा बाढी र कटानको जोखिम बढ्छ । कमजोर भू–संरचना, सडक निर्माण र अव्यवस्थित बस्ती विस्तारका कारण पहिरोको सम्भावना पनि उच्च छ । त्यसैगरी, भूकम्पीय जोखिमको दृष्टिले पनि खाँदबारी मध्यमदेखि उच्च जोखिम क्षेत्रमा पर्छ । जलवायु परिवर्तनका कारण अनियमित वर्षा, असिना, आँधीहुरी र सुख्खाजस्ता समस्याहरू बढ्दै गएका छन्, जसले कृषि, पूर्वाधार र जनजीवनमा असर पुर्‍याएको छ । त्यसैले खाँदबारी नगरपालिकामा प्राकृतिक प्रकोप न्यूनीकरण, जोखिम व्यवस्थापन र आपतकालीन तयारी अत्यन्त आवश्यक रहेको छ ।

## १.२ ऐतिहासिक पृष्ठभुमि

बि.सं.२०२४ सालमा तात्कालीन श्री ५ को सरकारले राजपत्रमा सूचना प्रकाशित गरी खाँदबारीलाई सङ्खुवासभा जिल्लाको सदरमुकाम तोकेको थियो । जिल्लाको सदरमुकामको रुपमा रहेको खाँदबारी २०५३ साल माघ १८ गतेका दिन तात्कालीन समयमा बिद्यमान रहेका मनकामना, पाङ्मा र माल्टा गा.बि.स.हरुलाई समायोजन गरी समायोजित भूगोललाई १३ वोटा वडाहरुमा बिभाजन गरी संखुवासभा जिल्लाको पहिलो नगरपालिकाको रुपमा खाँदबारी नगरपालिकाको घोषणा भएको थियो । समयको अन्तरालसँगै सिङ्गो मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा प्रवेश गरेपछि २०७३ सालमा साबिकको सितलपाटी गाउँ विकास समितिलाई समेत खाँदबारी नगरपालिकामा मिलाएर फरि दोश्रो पटक यस नगरपालिकालाई ११ वटा वडाहरुमा पुनः संरचना गरी हालको खाँदबारी नगरपालिकाको गठन भएको हो ।

## १.३ प्रशासकीय तथा राजनैतिक बिभाजन

खाँदबारी नगरपालिका कोशी प्रदेश अन्तरगत संखुवासभा जिल्लाको सदरमुकाम हो । यस जिल्लालाई प्रतिनिधि सभाका लागि १ निर्वाचन क्षेत्र र प्रदेश सभाका लागि २ वटा निर्वाचन क्षेत्रमा बिभाजन गरिएकोमा यो खाँदबारी नगरपालिका प्रदेश सभाका हिसावले निर्वाचन क्षेत्र नं १ मा पर्दछ । २०५३ साल माघ १८ गतेका दिन तात्कालीन मनकामना, पाङ्मा र माल्टा गाउँ विकास समितिलाई मिलाएर गठन गरिएको यस नगरपारिकालाई २०७३ सालमा पुन: संरचना गरी प्रशासकीय तथा राजनैतिकरुपमा ११ वटा वडामा बिभाजन गरिएको छ ।

## १.४ जनसाङ्ख्खिक संरचनाको स्थिति

खाँदबारी नगरपालिका संखुवासभा जिल्लामा अवस्थित एक प्रमुख बजार क्षेत्र हो। राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको कूल जनसंख्या ३५,५६५ रहेको छ। यसमध्ये महिला १८,२०९ (५१.२%) र पुरुष १७,३५६ (४८.८%) रहेका छन्। लैङ्गिक अनुपात ९५.३२ प्रतिशत रहेको छ भने साक्षरता दर ८३.६ प्रतिशत रहेको छ जसमा पुरुष ८९.८ प्रतिशत र महिला ७७.८ प्रतिशत साक्षरता दर रहेको छ।त्यस्तै क्षेत्री १७.५ प्रतिशत, राई ११ प्रतिशत, नेवर ८.४ प्रतिशत, तमाङ ८.२ प्रतिशत, विश्वकर्मा ७.३ प्रतिशत, गुरुङ ७ प्रतिशत, कुलुङ ६.३ प्रतिशत,ब्रामण ५.२ प्रतिशत, मगर ५.२ र शेर्पा ३.३ प्रतिशत र अन्य विविध जातजाति बसोबास गरेको पाइन्छ । औसत परिवार सङ्ख्या ५,९३९ रहेको छ । यस पालिकामा हिन्दु ५४.१ , बौद्ध २२.४ प्रतिशत, किरात १९.७ प्रतिशत र अन्य धर्म मान्ने मानिसहरुको बसोबास रहेको छ । अपांगता भएको जनसंख्या २.७ प्रतिशत रहेको छ । ० देखि १४ वर्ष सम्मका बालबालिकाको सङ्ख्या ९,९३७ रहेको छ भने १५ देखि ६४ वर्ष उमेर समूहको जनसङ्ख्या २२,९१५ र ६५ वर्षभन्दा माथिको जनसङ्ख्या २,७१३ रहेको छ ।

## १.५ सामाजिक तथ सांस्कृतिक अवस्थाको विश्लेषण

यस नगरपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक स्वरूपले चिनिन्छ, जसले नगरपालिकालाई सामाजिक विविधता र सहअस्तित्वको दृष्टिले महत्वपूर्ण बनाएको छ। यस नगरपालिकामा ब्राह्मण-क्षेत्री, राई, लिम्बू, गुरुङ, तामाङ, मगर, नेवार, दलित तथा अन्य समुदायहरूको मिश्रित बसोबास रहेको छ।यहाँ विविध प्रकारका धर्म, परम्परा, संस्कृति तथा मूल्यमान्यताहरु रहेका छन् । यहाँको सांस्कृतिक जीवन अत्यन्तै समृद्ध र विविध छ। यहाँ किराँत, हिन्दु, बौद्ध लगायत विभिन्न धार्मिक–सांस्कृतिक परम्पराहरू सहअस्तित्वमा रहेका छन्। उभौली–उधौली, साकेला, दशैं, तिहार, माघे संक्रान्ति, ल्होसार, बुद्ध जयन्ती जस्ता पर्वहरू सामूहिक रूपमा मनाइन्छन्।स्थानीय भाषा, लोकगीत, लोकनृत्य, बेषभूषा र परम्परागत संस्कारहरूले नगरपालिकाको सांस्कृतिक पहिचानलाई बलियो बनाएका छन्। विभिन्न जाति, वर्ग र समुदायबीच आपसी सहकार्य र सामाजिक सद्भाव तुलनात्मक रूपमा सन्तोषजनक देखिन्छ तर आधुनिकता, प्रविधि र बाह्य संस्कृतिको प्रभावले युवा पुस्तामा परम्परागत संस्कृतिप्रति चासो घट्दै जानु, स्थानीय भाषाको प्रयोग कम हुनु र सांस्कृतिक अभ्यास कमजोर हुँदै जानु जस्ता चुनौतीहरू देखापर्न थालेका छन्।

समग्रमा, यस नगरपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्था- विविधता, सहिष्णुता र परिवर्तनशीलताको मिश्रण हो। सामाजिक समावेशीकरण, सांस्कृतिक संरक्षण, महिला तथा सीमान्तकृत समुदायको सशक्तिकरण, र युवालाई लक्षित सिर्जनात्मक अवसरहरूको विकास नगरपालिकाको दिगो सामाजिक विकासका लागि अत्यावश्यक देखिन्छ।

## १.६ आर्थिक अवस्थाको विश्लेषण

यस नगरपालिकामा मुख्य व्यवसाय कृषि र पशुपालनमा आधारित छ । धान, मकै, तरकारी, फलफूल, आलु मुख्य कृषि बाली हुन भने गाई, भैसी, बाख्रा, सुँगुर तथा कुखुरापालन मुख्य पशुपालनमा पर्दछन् ।यहाँको रुद्राक्ष व्यवसायलाई पनि एक महत्वपूर्ण व्यवसायको रुपमा लिन सकिन्छ । नगरपालिका क्षेत्रका मानिसहरु विविध पेशा जस्तै कृषक, साना व्यवसायी, सरकारी/ सार्वजनिक पेशा, वैदिशिक रोजगार तथा हस्तकला पेशामा आवद्ध भएको पाइन्छ ।यहाँका मानिसहरुले आफूले उत्पादन गरेको कृषिजन्य तथा पशुजन्य उत्पादनहरु विभिन्न स्थानमा लाग्ने मेला तथा वजारमा विक्रिवितारण हुने गरेको छ ।

## १.७ शैक्षिक अवस्थाको विश्लेषण

IEMIS २०८१ अनुसार यस पालिकामा सामुदायिक तथा संस्थागत गरी १९ वटा माध्यमिक र २७ वटा आधारभूत विद्यालय गरी जम्मा ४६ वटा विद्यालयहरु संचालित छन् भने उच्च शिक्षाको पढाइ हुने २ वटा क्याम्पस रहेका छन् ।यस नगरपालिकामा नमूना विद्यालयका रुपमा एकवटा नमूना विद्यालय र फरक क्षमता भएका बालबालिकालाई पठनपाठन गराउने एकवटा स्रोत कक्षा संचालित छ ।त्यसैगरि कृषि विषय पठनपाठन हुने एकवटा विद्यालय र स्वास्थ्य क्षेत्रको मध्यम जनशक्ति उत्पादन गर्ने एक पोलिक्लिनिक समेत संचालनमा रहेको छ ।यहाँ ५ वटा सामुदायिक अध्ययन केन्द्र रहेका छन् । यस पालिकामा प्रारम्भिक बालविकासमा ७१२ छात्रा र ८३० छात्र गरी जम्मा १५४२ जना बालबालिका अध्ययन गर्दछन् भने आधारभूत तह कक्षा १-८ मा ३४३५ छात्रा र ३९४४ छात्र गरी जम्मा ७३७९ बालबालिका अध्ययन गरिरहेका छन् । त्यसै गरी माध्यमिक तहमा १५२८ जना छात्रा र १३८१ छात्र गरी २९०९ जना छात्रछात्रा अध्ययन गरिरहेका छन् ।

यस नगरपालिकामा ३८ जना संघीय अनुदान र ३ जना स्थानीय अनुदान गरी ४१ जना प्रारम्भिक बाल कक्षामा अध्यापन गराउने शिक्षक रहेका छन् । प्राथमिक तहको स्वीकृत दरबन्दीमा १७३ राहत अनुदानमा १४ जना गरी १८७ शिक्षकहरु कार्यरत छन् भने निम्न माध्यमिक तहमा ३८ जना स्वीकृत दरबन्दीमा ७ जना राहत अनुदानमा गरी ४५ जना शिक्षकहरु कार्यरत छन् । माध्यमिक तह कक्षा ९-१० मा स्वीकृत दरबन्दीमा ३८ जना राहत अनुदानमा १० जना गरी ४८ जना कार्यरत छन् भने माध्यमिक तह कक्षा ११-१२ मा स्वीकृत दरबन्दीमा ६ जना र राहत अनुदान कोटामा ५ जना गरी ११ जना कार्यरत छन् ।त्यसै गरी संघीय अनुदानमा ४ जना निम्न माध्यमिक र ९ जना माध्यमिक तहका शिक्षकहरु कार्यरत छन् भने प्रदेशले अनुदान उपलब्ध गराउने गरी माध्यमिक तहको १ जना शिक्षकका साथै २ वाट विद्यालयमा २ जना विद्यालयक नर्स समेत कार्यरत छन् ।

स्थानीय तहबाट तलबभत्ता पाउने गरी आधारभूत तहमा ४, माध्यमिक तहमा ५ जना ११ जना स्थानीय तहका शिक्षक समेत कार्यरत रहेका छन् ।त्यसै गरी यू.डब्लयू.यस. र यस नगरपालिकाको लागत साझेदारीमा प्राथमिक तहमा २ जना शिक्षकहरु कार्यरत रहेका छन् ।

## १.८ मूख्य समस्या तथा चुनौतीको विश्लेषण

### १. मूख्य समस्या विश्लेषण

यस नगरपालिकाको विद्यालय शिक्षामा तपसिल अनुसारको मुख्य समस्या रहेको छन्-

क) विद्यालय शिक्षामा भौतिक पूर्वधार तथा शैक्षिक गुणस्तर सुनिश्चितता गर्न नसक्नु,

ख) विद्यलय शिक्षामा बालबालिकाहरुमा तहगत र विषयगत सक्षमता तथा प्रभावकारिता सुनिश्चत गर्न नसक्नु,

ग) अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्न नसक्नु ,

घ) सबै विद्यालयको संस्थागत क्षमता विकास र व्यवस्थापनमा समस्या हुनु ,

ङ) विद्यालयमा तहगत र विषयगत दरबन्दीको व्यवस्थापन गर्न नसक्नु,

च) सबै विद्यालयमा विपद् र जलवायु परिवर्तनप्रति सुरक्षा र उत्थानशीलता सुनिश्चित गर्न नसक्नु ,

छ) विद्यालयको समग्र विकासमा अभिभावकहरुको संलग्नता र सहयोग अभवृद्धि गर्न नसक्नु ,

ज) विद्यालयका मानव संशाधनको समय सापेक्ष क्षमता विकास गर्न नसक्नु ,

झ) विद्यार्थीहरुको अन्तर्निहित क्षमताको प्रष्फुटन गर्ने वातावरणको व्यवस्थापन गर्न नसक्नु ,

### २. शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

१.सबल पक्ष

क) सबै बालबालिकालाई पहुँच सुनिश्चित भएको,

ख) आधारभूत तह (कक्षा १-५) मा पर्याप्त दरबन्दी भएको ,

ग) शैक्षिक व्यवस्थापन तथा संस्थागत सुशासनमा बढोत्तरी हुँदै गएको ,

घ) सूचना प्रविधिको पहुँचमा वृद्धि हुँदै गएको ,

ङ) विद्यालयको हातासम्म सडक संजालको विस्तार भएको ,

२.कमजोर पक्ष

क) विद्यार्थीहरुको सिकाइ उपलब्धी अपेक्षित सुधार गर्न नसक्नु ,

ख) आधारभूत तह कक्षा ६-८ र माध्यमिक तहमा न्यूनतम दरबन्दी नहुनु ,

ग) विद्यालयमा उचित आर्थिक स्रोत तथा भौतिक पूर्वधार पर्याप्त नहुनु ,

घ) विद्यालयमा कार्यरत मावन संशाधन उपयुक्त र नवप्रवर्तनकारी नहुनु ,

ङ) विद्यालयमा सरोकारवालाहरुको सहभागीतामा कमि हुनु ,

च) सह/अतिरिक्त क्रियाकलापका लागि उपयुक्त वातावरण नहुनु ,

३. अवसर

क) विद्यालय शिक्षा सुव्यवस्थित गर्न संवैधानिक तथा कानुनी आधारहरु प्राप्त हुनु,

ख) शिक्षाम लगानी वृद्धि गरी समतामुलक पहुँच, सहभागिता र गुणस्तर सुधार गर्न सक्नु ,

ग)  स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु ,

घ)  तीनवटै सरकार तथा अन्य संघ संस्थाहरुबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु ,

ङ)  सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु,

च) स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा पालिकाले चाहेका विषयवस्तु तथा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तनसँग सम्बन्धित विषयवस्तु समावेश गर्ने अवसर हुनु ,

छ) वैकल्पिक सिकाइ सहजीकरण प्रक्रिया अवलम्वनको अवसर हुनु ,

## ४. चुनौती

क) सबै बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्न ,

ख) सबै बालबालिकालाई समतामूलक  सहभागिता र निरन्तरता सुनिश्चित गर्न ,

ग) विद्यालय  समायोजन गर्न  ,

घ)  विद्यालय शिक्षक दरवन्दी व्यवस्थापन गर्न ,

ङ)  निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन गर्न ,

च)  पाठ्यक्रम पाठ्यपुस्तक तथा मुल्यांकन प्रणालीमा सुधार गर्न ,

छ)  शिक्षामा सुचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न ,

ज)  विपद् व्यवस्थापन र वैकल्पिक शिक्षणको माध्यमबाट सहजीकरण गर्न ,

झ) जीव पर्यन्त सिकाइका अवसरहरु सुनिश्चित गर्न ,

ञ) सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधारको निर्माण र हरित विद्यालयको रुपमा विकास गर्न आर्थिक स्रोत सङ्कलनमा चुनौती ,

ट) जलबायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरु अवलम्बन गर्न सीमित जनशक्ति र स्रोतको कारण अपेक्षित उपलब्धि प्राप्त गर्न ,

ठ)  तहगत स्वीकृत दरबन्दी नभएको विद्यालयमा प्रधानाध्यापक व्यवस्थापन गर्न ,

## परिच्छेद २

## दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ दूरदृष्टिः

**“प्रविधिमैत्री, सिपयुक्त गुणस्तरीय शिक्षाः समृद्ध खाँदबारी नगर हाम्रो इच्छा“**

### २.२ लक्ष्य

ज्ञान, सीप र प्रविधिको माध्यमबाट सिपयुक्त, दक्ष जनशक्ति उत्पादन गरी सुन्दर तथा समृद्ध नगर निर्माण गर्ने,

### २.३ . उद्देश्यः

क) सवै वालवालिकाहरुको समतामूलक पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चितता गर्नु,

ख) विद्यलय शिक्षामा बालबालिकाहरुमा तहगत र विषयगत सक्षमता तथा गुणस्तर सुनिश्चत गर्नु,

ग) अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु,

घ) विद्यालयमा तहगत र विषयगत दरबन्दीको व्यवस्थापन गर्नु,

ङ) सबै विद्यालयमा विपद् र जलवालयु परिवर्तनप्रति सुरक्षा र उत्थानशीलता सुनिश्चित गर्नु,

च) शिक्षा क्षेत्रमा लगानी अभिवृद्धि गरी दक्ष जनशक्ति उत्पादन गर्नु,

छ) विद्यालयको समग्र विकासका लागि अभिभावक सहयोग र संलग्नतामा बृद्धि गर्नु,

ज) विद्यालयमा बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पुर्वाधारको विस्तार गर्नु,

झ) शिक्षामा सूचना तथा संचार प्रविधिको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु,

ञ) स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नु,

### २.४ रणनीतिहरु

क) सवै वालवालिकाहरुको समतामूलक पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चितताका लागि नक्साङनका आधारमा विद्यालय पुनर्संरचना गरी प्रोत्साहनमूलक शैक्षिक कार्यक्रम संचालन गर्ने,

ख) विद्यालय शिक्षामा बालबालिकाहरुमा तहगत र विषयगत सक्षमता तथा गुणस्तर सुनिश्चत गर्न सुपरीवेक्षण तथा अनुगमनलाई व्यवस्थित बनाई आवश्यक स्रोत साधन र सीप विकास गर्ने,

ग) सामुदायिक सिकाइ केन्द्रलाई स्रोत साधन सम्पन्न बनाई अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने,

घ) तीनै तहका सरकारहरुसँग समन्वय गरि विद्यालयमा तहगत र विषयगत दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने,

ङ) सबै विद्यालयमा सचेतना कार्यक्रम संचालन गर्दै हरित विद्यालय, वातावरणमैत्री पुर्वाधार निर्माण गर्दै विपद् र जलवायु परिवर्तन प्रतिसुरक्षा र उत्थानशीलता सुनिश्चित गर्ने,

च) विज्ञान, इन्जिनियरिङ, स्वास्थ्य विज्ञान, पशु विज्ञान, बाली विज्ञान जस्ता बहुप्राविधिक विषयहरुको संचालन तथा व्यवस्थापन गर्दै ज्ञान, सीपमा आधारित गुणस्तरीय तथा प्राविधिक शिक्षा प्रदान गर्ने,

छ) सरकारी तथा निजी क्षेत्र समेतको शिक्षा क्षेत्रमा लगानी अभिवृद्धि गर्दै दक्ष जनशक्ति उत्पादनमा केन्द्रित गर्ने,

ज) विद्यालयको समग्र विकासका लागि अभिभावक सहयोग र संलग्नतामा बृद्धि गर्ने,

झ) विद्यालयमा बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पुर्वाधारको विस्तार गर्ने,

ञ) शिक्षामा सूचना तथा संचार प्रविधिको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,

ट) स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,

२.५ कार्यनीति

क) सवै वालवालिकाहरुको समतामूलक पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चितताका लागि नक्साङनका आधारमा विद्यालय पुनर्संरचना गरि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निशुल्क पाठ्यपुस्तक, छात्र वृत्ति, दिवाखाजा, विद्यालय पोशाक, शैक्षिक सामाग्री वितरण अभिभावक शिक्षा जस्ता प्रोत्साहनमूलक शैक्षिक कार्यक्रम संचालन गरिनेछ ।

ख) विद्यालय शिक्षामा बालबालिकाहरुमा तहगत र विषयगत सक्षमता तथा गुणस्तर सुनिश्चत गर्न उपयुक्त पाठ्य सामाग्री, सन्दर्भ सामाग्री, स्रोत सामाग्री, उपयुक्त कक्षा कोठ व्यवस्थापन, शिक्षकको क्षमता विकास जस्ता कार्यक्रम संचालन गरि स्थानीय तहभित्र सुपरीवेक्षण तथा अनुगमनलाई व्यवस्थित बनाई आवश्यक स्रोत साधन र सीप विकास गरिनेछ।

ग) सामुदायिक सिकाइ केन्द्रलाई स्रोत साधन सम्पन्न बनाई अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गरिनेछ ।

घ) तीनै तहका सरकारहरुसँग समन्वय गरि विद्यालयमा तहगत र विषयगत दरबन्दी मिलान तथा व्यवस्थापन गरिनेछ।

ङ) सबै विद्यालयमा सचेतना कार्यक्रम संचालन गर्दै हरित विद्यालय, वातावरणमैत्री पुर्वाधार निर्माण गर्दै विपद् र जलवायु परिवर्तन प्रतिसुरक्षा र उत्थानशीलता सुनिश्चित गरिनेछ ।

च) विज्ञान, इन्जिनियरिङ, स्वास्थ्य विज्ञान, पशु विज्ञान, बाली विज्ञान जस्ता बहुप्राविधिक विषयहरुको संचालन तथा व्यवस्थापन गर्दै ज्ञान, सीपमा आधारित गुणस्तरीय तथा प्राविधिक शिक्षा प्रदान गरिनेछ।

छ) सरकारी तथा निजी क्षेत्र समेतको शिक्षा क्षेत्रमा लगानी अभिवृद्धि गर्दै दक्ष जनशक्ति उत्पादनमा केन्द्रित गरिनेछ।

ज) विद्यालयको समग्र विकासका लागि अभिभावक सहयोग र संलग्नतामा बृद्धि गरिनेछ।

झ) विद्यालयमा बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पुर्वाधारको विस्तार गरिनेछ।

ञ) शिक्षामा सूचना तथा संचार प्रविधिको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

ट) स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

२.५ अपेक्षित उपलब्धि

क) सवै वालवालिकाहरुको समतामूलक पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चितताका लागि नक्साङनका आधारमा विद्यालय पुनर्संरचना गरि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निशुल्क पाठ्यपुस्तक, छात्र वृत्ति, दिवाखाजा, विद्यालय पोशाक, शैक्षिक सामाग्री वितरण अभिभावक शिक्षा जस्ता प्रोत्साहनमूलक शैक्षिक कार्यक्रम संचालन भएको हुनेछ।

ख) विद्यालय शिक्षामा बालबालिकाहरुमा तहगत र विषयगत सक्षमता तथा गुणस्तर सुनिश्चत गर्न उपयुक्त पाठ्य सामाग्री, सन्दर्भ सामाग्री, स्रोत सामाग्री, उपयुक्त कक्षा कोठ व्यवस्थापन, शिक्षकको क्षमता विकास जस्ता कार्यक्रम संचालन गरि स्थानीय तहभित्र सुपरीवेक्षण तथा अनुगमनलाई व्यवस्थित बनाई आवश्यक स्रोत साधन र सीप विकास भएको हुनेछ।

ग) सामुदायिक सिकाइ केन्द्रलाई स्रोत साधन सम्पन्न बनाई अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित भएको हुनेछ ।

घ) तीनै तहका सरकारहरुसँग समन्वय गरि विद्यालयमा तहगत र विषयगत दरबन्दी मिलान तथा व्यवस्थापन भएको हुनेछ ।

ङ) सबै विद्यालयमा सचेतना कार्यक्रम संचालन गर्दै हरित विद्यालय, वातावरणमैत्री पुर्वाधार निर्माण गर्दै विपद् र जलवायु परिवर्तन प्रतिसुरक्षा र उत्थानशीलता सुनिश्चित भएको हुनेछ ।

च) विज्ञान, इन्जिनियरिङ, स्वास्थ्य विज्ञान, पशु विज्ञान, बाली विज्ञान जस्ता बहुप्राविधिक विषयहरुको संचालन तथा व्यवस्थापन गर्दै ज्ञान, सीपमा आधारित गुणस्तरीय तथा प्राविधिक शिक्षा प्रदान भएको हुनेछ।

छ) सरकारी तथा निजी क्षेत्र समेतको शिक्षा क्षेत्रमा लगानी अभिवृद्दि गर्दै दक्ष जनशक्ति उत्पादन भएको हुनेछ।

ज) विद्यालयको समग्र विकासका लागि अभिभावक सहयोग र संलग्नतामा बृद्धि भएको हुनेछ।

झ) विद्यालयमा बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पुर्वाधारको विस्तार भएको हुनेछ।

ञ) शिक्षामा सूचना तथा संचार प्रविधिको प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ।

ट) स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ ।

## २.६ मुख्य कार्यसम्पादन सुचक र लक्ष्य नर्धारण

यहाँ प्रस्तुत गरिएको सूचकहरु राष्ट्रिय तथ्याङ्क कार्यालय र IEMIS का साथै शक्षा तथा मानव स्रोत केन्द्रले प्रकाशन गर्ने Flash Report कf आधारमा निका लएको छ ।

| क्र.स. | सूचक | आधार वर्ष २०८१ | २०८४ | २०८७ | २०९२ |
|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | |
| १.१ | प्रारम्भिक बालविकासमा कूल भर्ना दर GER (%) | 110.9 | 109.5 | 109 | 108.5 |
| १.२ | प्रारम्भिक बालविकास शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | 82.7 | 85 | 90 | 100 |
| १.३ | प्रारम्भिक बालविकास शिक्षामा खुद भर्ना दर NER (%) | 74.4 | 80.5 | 89 | 100 |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) NIR | 93.8 | 96 | 98 | 100 |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) GIR | 130.4 | 125 | 120 | 115 |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर NER (%) | 95.2 | 97 | 99 | 100 |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर GER (%) | 132.6 | 127 | 122 | 118 |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर NIR (%) | 97.07 | 98 | 100 | 100 |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर GIR (%) | 130.5 | 127.5 | 122 | 120 |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर RR (%) | 88.7 | 90 | 95 | 96 |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर (%) | 91.96 | 93 | 95 | 97 |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका (%) | 33.4 | 29.5 | 22 | 20 |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क GPI | 0.85 | 1 | 1 | 1 |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर NER (%) | 94.8 | 96 | 98 | 99 |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर GER (%) | 129.6 | 127 | 123 | 120 |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर RR (%) | 86.4 | 89 | 93 | 95 |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर (%) | 87.5 | 90 | 93 | 95 |

| | | | | | |
|---|---|---|---|---|---|
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक GPI | 0.87 | 1 | 1 | 1 |
| २.१६ | विद्यालय बाहिर रहेका बालबालिका (%) | 0.6 | 0 | 0 | 0 |
| २.१७ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या (%) | 37.5 | 38 | 39 | 40 |
| ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर NER (%) | 53.6 | 55 | 57 | 60 |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर GER (%) | 86.3 | 88 | 89 | 91 |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) GPI | 1.12 | 1.10 | 1.08 | 1.05 |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | 68.4 | 70.2 | 75 | 80 |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या (%) | 18.18 | 20 | 23 | 25 |
| ४. जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | |
| ४.१ | साक्षरता दर (५ वर्ष भन्दा माथि) (%) | 83.6 | 86 | 90 | 95 |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | 97.02 | 98 | 98.5 | 99 |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | 0.81 | 0.90 | 0.95 | 1 |
| ५. सुशासन तथा व्यवस्थापन | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा शिक्षक विद्यार्थीः अनुपात (सामुदायिक विद्यालय) | 1:13.5 | 1: 20 | 1: 25 | 1:30 |
| ५.२ | आधारभूत तह (कक्षा६-८) मा शिक्षक विद्यार्थीः अनुपात (सामुदायिक विद्यालय) | 1:40.5 | 1: 37 | 1: 35 | 1:30 |
| ५.३ | माध्यमिक तह (कक्षा ९-१०) मा शिक्षक विद्यार्थीः अनुपात (सामुदायिक विद्यालय) | 1:30.1 | 1:30 | 1:30 | 1:30 |
| ५.४ | माध्यमिक तह (कक्षा९-१२) मा शिक्षक विद्यार्थीः अनुपात | 1: 63.4 | 1: 62 | 1: 60 | 1: 58 |

## परच्छेद- ३
## शिक्षाका क्षेत्रहरु

यस नगरपालिकामा नया शिक्षा योजना (२०८३/८४-२०९३/९४) लागत अनुमान सहित योजनाको खाका तयार गरिएको छ । यस परिच्छेदमा प्रारम्भिक बालबालिका तथा शिक्षा, आधारभूत शिक्षा, माद्यामिक शिक्षा,शिक्षक व्यवस्थापन, पाठ्यक्रम तथा मूल्याङकन , उच्च शिक्षाका लक्ष्य उद्देश्य, रणनीति प्रमुख क्रियाकलाप नतिजाहरु निर्धारण गरिएको छ ।

नेपालको संविधानले निर्दिष्ट गरिएका दृष्टिकोण,अधिकार,नीति,संरचना राष्ट्रिय शिक्षा नीति,दिगो विकासका लक्ष्यहरु,पन्ध्रौ योजना,राष्ट्रिय तथा अन्तराष्ट्रिय घोषणा पत्र, राष्ट्रिय पाठ्यक्रम प्रारुप,स्थानीय सरकार संचालन ऐन लगाएत शिक्षाका वर्तमान सम्मको स्थितिलाई समेटी योजना तयार पारिएको छ ।

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

चार बर्ष उमेर पुरा भएका बालबालिकालाई सर्बाङगीण विकासको अवधारणा अनुरुप कक्षा १ मा प्रवेश गर्नुपुर्व दिइने एक वर्ष अवधिको शिक्षालाई प्रारम्भिक बाल विकास र शिक्षा मानिएको छ । यस उमेर समूहका बालबालिकाहरुको सर्वाङ्गीण विकास अन्तर्गत शारीरिक,मानसिक बौद्धिक, सामाजिक संवेगात्मक एवम् भाषिक पक्षहरुको विकासलाई झजनात्उछ । प्रारम्भिक बालविकासको मुख्य उद्देश्य गर्भावस्थादेखि ८ वर्षसम्मका सम्पूर्ण बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि अति आवश्यक तत्वहरु राम्रो स्वास्थ्य पर्याप्त पोषण सुरक्षा तथा संरक्षण उत्प्रेरणा तथा सिकाइ एवम् संवेदनशील स्याहार, उचित पालनपोषण आदिजस्ता अवसरहरु प्रदान गर्नु हो । प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग गरी आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो ।

नेपाल लगायत विभिन्न मूलुकले कार्यन्वयनमा ल्यायको दिगो विकासका १७ ओटा लक्ष्यहरु मध्ये ११ ओटा लक्ष्यहरु प्रत्यक्षरुपमा प्रारम्भिक बालविकाससँग सम्बन्धित रहेकोले सबै नीति तथा कार्यक्रमले ती लक्ष्यहरुलाई प्राप्त गर्न आपसी समन्वय र सहकार्यमा काम गर्ने वातावरण बन्नुपर्ने देखिन्छ । शिक्षा ऐन २०२८ अनुसार ४ वर्ष उमेर पूरा भएका बालबालिकालाई दिइने शिक्षालाई प्रारम्भिक बाल शिक्षा भन्ने बुझिन्छ । ऐनको आठौ संशोधनले वाल विकास केन्द्रलाई विद्यालय संरचनामा एकीकरण गरेपछि आधारभूत शिक्षाको परिभाषामा प्रारम्भिक बाल शिक्षालाई समेत समावेश गराइएको छ । चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने नीतिगत प्रबन्ध चालू पन्ध्रौं याजना, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६, राष्ट्रिय शिक्षा नीति, २०७६ मा समेत उल्लेख गरिएको अवस्था छ । शिशु स्याहार केन्द्र, नर्सरी विद्यालय, किण्डर गार्डन विद्यालय, विद्यालय तथा समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्र र पूर्व प्राथमिक कक्षा आदिका नामबाट विभिन्न कार्यक्रमहरू, विभिन्न सरकारी निकाय, गैर सरकारी संघसंस्थाहरू र निजी क्षेत्रको संलग्नतामा सञ्चालन हुनु, नेपालको संविधानले प्रारम्भिक बालविकास र सहभागिताको हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको र प्रत्येक बालवालिकालाई परिवार तथा

राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हकको प्रत्याभूत गर्नु साथै बालबालिकाको बाच्न पाउने अधिकार, संरक्षणको अधिकार विकासको अधिकार र सहभागिता हुन पाउने अधिकार सुनिश्चतताले उनिहरुको सर्वाङगीण विकासमा टेवा पुर्याउने कुरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५, बालबालिकासम्बन्धी ऐन, २०७५, सोह्रौं योजनमा समेत उल्लेख छ।

### ३.१.२ बर्तमान अवस्था

यस नगरपालिकामा यस योजना निर्माणका लागि लिएको आधार बर्ष २०८१ अनुसार जम्मा ४६ ओटा प्रारम्भिक बालविकास केन्द्र सञ्चालनमा रहेका छन् । जसमा सामुदायिकतर्फ ३२ र संस्थागत विद्यालयतर्फ १४ ओटा केन्द्रहरू रहेका छन् । यी केन्द्रहरूमा कुल १५४२ जना बालबालिकाहरू अध्ययनरत छन् । जसमध्ये ८३० जना छात्र र ७१२ जना छात्रा रहेका छन् । प्रारम्भिक बालविकास केन्द्रको कुल भर्नादर ११०.९ रहेको छ भने प्रारम्भिक बाल शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुने वालबालिकाको संख्या ८२.७ रहेको छ ।

तालिका १

प्रारम्भिक बालविकासर शिक्षासँग सम्बन्धित विवरण

| जम्मा बालविकास | | जम्मा बालबालिका | | | दलित बालबालिका | | | अपाङ्गता भएका बालबालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | सङ्ख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ३३ | ४८९ | ४१७ | ९०६ | ७७ | ५६ | १३३ | ८ | ६ | १४ |
| संस्थागत | १३ | ३४१ | २९५ | ६३६ | २८ | २० | ४८ | ३ | ० | ३ |
| जम्मा | ४६ | ८३० | ७१२ | १५४२ | १०५ | ७६ | १८१ | ११ | ६ | १७ |

स्रोत-IEMIS 2081

यस नगरपालिकाले प्रारम्भिक बाल विकास र शिक्षालाई बालबालिकाको नैसर्गिक अधिकारको रूपमा लिएको छ । यसले ५ वर्षमुनिका बालबालिकाको शारीरिक, मानसिक, सामाजिक र सर्वाङ्गीण विकास सुनिश्चित गर्ने आधार तयार गर्दछ । नगरपालिकाले प्रारम्भिक बाल विकासलाई विद्यालय शिक्षासँग पूर्ण रूपमा एकीकृत गरी प्रत्येक विद्यालयमा अनिवार्य गर्ने नीति लागू गरेको छ । जसले बालबालिकाको सिकाइको निरन्तरता र गुणस्तर सुनिश्चित गर्दछ । धेरै केन्द्रहरूमा बालमैत्री वातावरण, खेल सामग्री, श्रव्यदृश्य सिकाइ सामग्री र पर्याप्त शिक्षण उपकरणको अभाव रहेको छ । यद्यपि नगरपालिकाले यी केन्द्रहरूको स्तरोन्नति गर्ने योजना बनाएको छ र निजी क्षेत्रसँगको सहकार्यमा नयाँ केन्द्र स्थापना गर्ने सम्भावनाहरूलाई आफ्नो सबल पक्षको रूपमा लिएको छ ।

### ३.१.३ चुनौति तथा अवसरहरु

१. सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षाको पहुँच सुनिश्चित गर्नु,
२. ऐन नियम तथा कार्यविधिमा भएका व्यवस्थाहरुको प्रभावकारी कार्यन्वयन गर्नु,
३. उचित नक्सांकनको आधारमा बाल विकास केन्द्र स्थापना, समायोजन, गाभ्ने तथा बन्द गर्ने कार्यलाई सार्थकता दिनु,
४. आकर्षक पारिश्रमिक व्यवस्था सहितको दक्ष एवम क्षमतावान बाल शिक्षकको व्यवस्थापन गर्नु,
५. सबै केन्द्रमा प्रविधिको विस्तार गरी सिकाईमा प्रयोग गर्नु,

### ३.१.४ लक्ष्य

बालबालिकाहरुको सर्वाङ्गीण विकासमा केन्द्रित क्रियाकलापलाई गुणस्तरीय र प्रभावकारी बनाइ आधारभूत शिक्षाको आधार तयार गर्ने ।

**३.१.५** उद्देश्यहरु (Objectives)

यस योजनाको मुख्य उद्देश्य सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास र गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्नु रहेको छ । प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्न उद्देश्यहरू रहेका छन ।

1. चार वर्ष उमेर पुगेका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकासको पहुँच सुनिश्चित गर्नु,
2. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु,
3. सबै बालबालिकाहरूलाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु,

३.१.६ रणनीतिहरू (Strategies)

यस योजनामा प्रारम्भिक बालविकास तथा शिक्षासँग सम्बन्धित उद्देश्यहरू हासिल गर्न, निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छ ।

1. सरकारले निर्धारण गरेको मापदण्ड र ढाँचाअनुसार प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।
2. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण गरी प्रारम्भिक बालविकास तथा शिक्षा उमेर समूहका सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा सेवा उपलब्ध गराइने छ ।
3. नगरपालिकाको सबै वडा सम्मको भौगोलिक क्षेत्रमा बसोबास गर्ने ४ वर्षका बालबालिकालाईसमेट्ने गरि आवश्यकतामा आधारित प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका विभिन्न नमुनाहरू विकास गरी पहुँच सुनिश्चत गरिनेछ ।
4. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको प्रभावकारीता अभिबृद्धि गर्नका लागि लागि परिवार,समुदाय,संघ संस्था निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइने छ ।
5. प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङगीण विकासलाई सहयोग पुग्ने बातावरण तयार गरिनेछ ।

### ३.१.७ उपलव्धि,नतिजा र प्रमूख क्रियाकलाप

**क) अपेक्षित उपलब्धिः**

यस नगरपालिका भित्र रहेका चार बर्ष उमेर पुरा भएका बालबालिकाहरुले प्रारम्भिक बालविकास र शिक्षाको अनुभव हासिल गरेका हुनेछन् ।

**ख) प्रमुख नतिजाहरु**

१. उमेर समुहका बालबालिकाहरुलाई शिक्षामा सहज पहुँच हुने ।

२. प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर सुनिश्चित हुने ।

३. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका लागि संघ, प्रदेश र स्थानीय तह वीच समन्वय हुने ।

४. बालबालिकाको सर्वाङ्गिण विकासका लागि गुणस्तरीय सेवा उपलब्ध हुने।

**ग) प्रमुख क्रियाकलापहरु तथा लक्ष्य निर्धारण**

| क. सं. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | भौतिक लक्ष्य दोस्रो ५ बर्ष जम्मा | |
| १ | भर्ना अभियान संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | अभिभावक सचेतता कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | निरन्तर | | | | | | |
| ४ | बालशिक्षक तथा कर्मचारी योग्यता, छनौटको मापदण्ड पाठ्यक्रम मापदण्ड निर्माण | पटक | १ | | | | | १ | |
| ५ | बालविकास शिक्षकको तालिम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | बाल पुस्तक व्यवस्थापन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | बालविकास केन्द्रको स्थापना/पुनर्संरचना गर्ने | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | भौतिक सुविधा विस्तार तथा सिकाइ सामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | बालशिक्षक सेवा सुविधा तथा प्रोत्साहन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

आधारभूत शिक्षाले वालवालिकाको सर्वाङ्गिण विकास,गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ। यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाईको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ। नेपालको संविधानले आधारभूत शिक्षालाई व्यक्तिको मौलिक अधिकारका रुपमा लिएको हुनाले आधारभूत शिक्षामा समतामूलक पहुँच पुर्याई गुणस्तर सुनिश्चित गर्नु राज्यको दायित्य हो । नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र नि:शुल्क पाउने हक हुनेछ भनेको छ। यसै गरी अनिवार्य तथा नि : शुल्क शिक्षा सम्वन्धी ऐन २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्वन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका वालवालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ। प्रचलित ऐनहरुले परिभाषित गरे अनुसार नेपालमा आधारभूत शिक्षा भन्नाले प्रारम्भिक वालशिक्षा देखि कक्षा ८ सम्म दिईने शिक्षा हो।

संविधानले विद्यालय तहको शिक्षालाई स्थानिय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ, प्रदेश र स्थानिय सरकारको साझा अधिकार भित्र पनि राखेको हो । संविधानका उल्लिखित प्रावधानहरुले सवै वालवालिकाहरुलाई गुणस्तरिय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचिका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने स्पष्ट गरेको छ।

यस खण्डमा आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच गुणस्तर तथा समता र व्यवस्थापकिय प्रवन्धको वर्तमान अवश्थाको समिक्षाका आधारमा चुनौतीहरु पहिचान गरी आगामी दश वर्षका लागि यस तहको शिक्षा विकासका उद्धेश्य, रणनिति, नतिजा र प्रमुख क्रियाकलापहरु तथा लक्ष्य उल्लेख गरिएको छ।

### ३.२.२ वर्तमान अवस्था

यस नगरपालिकाका सामुदायिक विद्यालयहरूमा आधारभूत शिक्षा प्रवाहको विश्लेषण गर्दा, विद्यार्थी सङ्ख्या कक्षा १-८ मा ४,६६३ रहेको छ भने शिक्षक दरबन्दी २३२ (दरबन्दी र राहात) रहेको छ । शिक्षक-विद्यार्थी अनुपात २०.०९ रहेको देखिन्छ । जम्मा विद्यार्थीहरूमध्ये दलित विद्यार्थी ६६४ जना, जनजाति ३३१८ जना र अपाङ्गता भएका बालबालिका ४२ जना रहेका छन् ।

संस्थागत विद्यालयहरूको आधारभूत तहमा अध्ययनरत विद्यार्थी सङ्ख्या २७१६ जना रहेको छ । जसमध्ये दलित १६२ जना, जनजाति २०३९ जना र अपाङ्गता भएका बालबालिका ११ जना रहेको देखिन्छ । विद्यालय पूर्वाधार, जस्तै कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान र सूचना तथा सञ्चार प्रविधि केही संस्थागत विद्यालयमा पर्याप्त छैन । यस्ता कमजोरीहरूको सुधार गर्नु, शिक्षक उपलब्धता सुनिश्चित गर्नु र समग्र सिकाइ वातावरण सुदृढ पार्नु आवश्यक छ ।

**तालिका २**

**आधारभूत शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय सङ्ख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | सङ्ख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | 33 | 2379 | 2284 | 4663 | 348 | 316 | 664 | 22 | 20 | 42 |
| संस्थागत | 13 | 1565 | 1151 | 2716 | 93 | 69 | 162 | 6 | 5 | 11 |
| जम्मा | 46 | 3944 | 3435 | 7379 | 441 | 385 | 826 | 28 | 25 | 53 |

स्रोत-IEMIS 2081

आधारभूत शिक्षामा सवै वालवालिकाको समतामूलक पहुँच पुर्याउन विगतमा गरिएका प्रयासहरुको नतिजास्वरुप कक्षा १ देखि ५ को खुद भर्नादर ९५.२ प्रतिशत र कक्षा १ देखि ८ को खुद भर्नादर ९४.८ प्रतिशत पुगेको छ। यस्तै आधारभूत तह पुरा गर्ने दर ८७.५ प्रतिशत र कक्षा ८ को टिकाउदर ८६.४ प्रतिशत रहेको छ। आधारभूत शिक्षाको पहुँचमा आर्थिक तथा सामाजिक अवस्था तथा भौगोलिक अवस्थितिमा आधारित असमानताहरु रहेका छन ।

यस नगरपालिकाले आधारभूत शिक्षालाई पहुँचयोग्य र गुणस्तरीय बनाउने नीति अवलम्बन गरेको छ । यस नगरपालिकामा केही बालबालिका अझै पनि विद्यालयबाहिर रहेका छन् । सामुदायिक विद्यालयहरूमा स्वच्छ खानेपानी, समावेशी शौचालय, सुविधासम्पन्न पुस्तकालय, सुरक्षित खेलमैदान तथा सूचना प्रविधि (इन्टरनेट, कम्प्युटर ल्याब) जस्ता पूर्वाधारको अभाव देखिएको छ । विषयगत शिक्षकको कमी, परम्परागत शिक्षण पद्धति तथा सीमित सिकाइ सामग्रीका कारण शिक्षाको गुणस्तर सुधारमा चुनौती रहेको छ ।

**३.२.३ आधारभूत शिक्षामा निम्नलिखित चुनौतीहरु :**

१. आधारभूत शिक्षामा सवै वालवालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्न,
२. अनिवार्य तथा नि : शुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन गर्न,
३. आधारभूत तहमा सिकाईको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाई उपलव्धिमा सुधार ल्याउन,
४. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई वालमैत्री तथा अपांगमैत्री वनाउन,
५. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा शिक्षकको दक्षतामा वृद्धि गरी सिकाईमा प्रभावकारी ढंगले प्रयोग गर्न,
६. आवश्यक शिक्षक दरवन्दिको व्यवस्था गरी विद्यालयमा सक्षम र योग्य विद्यालय जनशक्ति (शिक्षक तथा प्र.अ.तथा कर्मचारी समेत) व्यवस्थापन गर्न,
७. पोषण,स्वास्थ्य, दिवाखाजालगायत विद्यार्थी सहायता प्रणालीको उचित व्यवस्था गर्न,
८. विद्यालय शिक्षालाई विविधताअनुकुल,समावेशि र समतामुलक वनाउन,
९. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लयागतका परिस्थिति प्रति उत्थानशिल वनाउन,
१०. विद्यार्थी मुल्याङ्कनलाई सिकाई क्रियाकलापको अभिन्न अंगका रुपमा विकास गर्न र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी विश्वसनीय र वैद्य वनाउन,
११. शिक्षकको वृत्ति विकासलाई व्यवस्थीत वनाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य वनाउन,
१२. सान्दर्भिक स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन गर्न,
१३. अनुगमन, सुपरिवेक्षण तथा समन्वयमा प्रभावकारीता ल्याउन,

### ३.२.४ उद्धेश्य

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सवैको समतामूलक पँहुच र सहभागीता सुनिश्चित गर्नु,
२. आधारभूत शिक्षा पुरा गरेका सवै वालवालिकाहरुमा निर्धारित सिकाई उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु,
३. आधारभुत विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण वालमैत्री,अपागमैत्री, समावेशी र सुरक्षित वनाउनु,
४. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रवन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकुल,उत्थानशील र जवाफदेहि वनाउनु,
५. आधारभूत तहको सिकाईलाई दैनिक जीवनसंग सम्वन्धित गराउने र अन्तरसम्वन्धित विषयवस्तुलाई एकिकृत गरी सिकाई क्रियाकलाप सञ्चालन गर्नु,

### ३.२.५ रणनितिहरु :

योजनाका उद्धेश्यहरु हासिल गर्न निम्नलिखित रणनितिहरु अवलम्वन गरिनेछ ।

१. संघीय मापदण्ड अनुसार स्थानिय तहले आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कन मार्फत सवै वालवालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरुलाई पुनर्वितरण तथा समायोजन गरिने,
२. विद्यालय वाहिर रहेका सवै वालवालिकाहरुको विवरण संकलन गरी उनीहरुको पहुँच सुनिश्चित गर्न प्रोत्साहन एवम् आकर्षणका लागि आवश्यक व्यवस्था मिलाउने,
३. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य सस्थाको सहकार्यमा प्रदेश तथा स्थानिय तहले विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिने,
४. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिने,
५. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वास्थ्यकर दिवाखाजाको प्रवन्धलाई थप व्यवस्थित गर्न विद्यालयले दिवाखाजा व्यवस्थापनलाई व्यवस्थित गरिने,
६. निर्धारित सिकाई उपलब्धि हासिल गराउन शिक्षकहरुको क्षमता विकास गरि उत्तरदायी र जवाफदेहि बनाउने,
७. शिक्षण सिकाइ सामग्रीको समुचित व्यवस्थापन गरि प्रभावकारी र गुणस्तरीय मार्फत  कक्षा शिक्षण गरिने,
८. शिक्षण सिकाइलाइ प्रवर्धन गर्न आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग गरिने,
९. शिक्षकको वृत्ति विकासलाइ विद्यार्थीको सिकाइ उपलब्धिसँग आवद्ध गरिने,
१०. मूल्याङ्कनलाई शिक्षण सिकाईकै अभिन्न अंगको रुपमा विकास गरी शिक्षकहरुको कक्षाकोठामा आधारित मूल्याङ्कन गर्न क्षमता विकास गरिने,
११. खानेपानी, शौचालय तथा सरसफाईको उचित प्रवन्ध सहित न्युनतम भौतिक सुविधा सुनिश्चित गरी वालमैत्री,अपांगमैत्री, समावेशी र सुरक्षित सिकाई वातावरण तयार गरिने,
१२. तोकिएका मापदण्ड पुरा गराउने कार्यमा स्थानीय सरकारले प्रदेश र संघीय सरकारसंग समन्वय र सहकार्य गरी आवश्यक लगानीको प्रवन्ध गरिने,
१३. स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशिल वनाउने योजना तयार गरी कार्यन्वयन गरिने ।

१४. विद्यार्थी शिक्षक अनुपात लगायत शिक्षक दरवन्दीका आधारहरुको पुनरावलोकन गरी नगरपालिकाका लागि दरवन्दि निर्धारण गरिने र आवश्यकता अनुसार शिक्षक दरवन्दि मिलान तथा समायोजन गरिने,

१५. नगरपालिका र विद्यालयको आन्तरिक स्रोतवाट समेत दरबन्दी सृजना गरी स्थानीय तहले शिक्षक,कर्मचारी नियुक्ति गर्ने व्यवस्था मिलाउने,

१६. स्थानीय पाठ्यक्रममा परिमार्जन गरी सामाजिक मूल्यमान्यता, संस्कृतिलाई विद्यार्थीको नैतिक चरित्र निर्माणसँग आवद्ध गरिने,

### ३.२.६ उपलव्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलव्धि(Outcomes)**

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागीता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुने ।

**ख) प्रमुख नतिजाहरु (Key Results)**

१. संघीय मापदण्ड अनुसार स्थानिय तहले आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कन मार्फत सवै वालवालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरुलाई पुनर्वितरण तथा समायोजन भएको हुने,

२. विद्यालय वाहिर रहेका सवै वालवालिकाहरुको विवरण संकलन गरी उनीहरुको पहुँच सुनिश्चित गर्न प्रोत्साहन एवम् आकर्षणका लागि आवश्यक व्यवस्था भएको हुने,

३. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य सस्थाको सहकार्यमा प्रदेश तथा स्थानिय तहले विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन भएको हुने,

४. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण भएको हुने,

५. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वास्थ्यकर दिवाखाजाको प्रवन्धलाई थप व्यवस्थित गर्न विद्यालयले दिवाखाजा व्यवस्थापनलाई व्यवस्थित भएको हुने,

६. निर्धारित सिकाई उपलव्धि हासिल गराउन शिक्षकहरुको क्षमता विकास गरि उत्तरदायी र जवाफदेहि बनाएको हुने,

७. शिक्षण सिकाइ सामग्रीको समुचित व्यवस्थापन गरि प्रभावकारी र गुणस्तरीय मार्फत कक्षा शिक्षण भएको हुने,

८. शिक्षण सिकाइलाइ प्रवर्धन गर्न आधुनिक सूचना प्रविधिको अधिकतम प्रयोग भएको हुने,

९. शिक्षकको वृत्ति विकासलाइ विद्यार्थीको सिकाइ उपलब्धिसँग आवद्ध भएको हुने,

१०. मूल्याङ्कनलाई शिक्षण सिकाईकै अभिन्न अंगको रुपमा विकास गरी शिक्षकहरुको कक्षाकोठामा आधारित मूल्याङ्कन गर्न क्षमता विकास भएको हुने,

११. खानेपानी, शौचालय तथा सरसफाईको उचित प्रवन्ध सहित न्युनतम भौतिक सुविधा सुनिश्चित गरी वालमैत्री,अपांगमैत्री, समावेशी र सुरक्षित सिकाई वातावरण तयार भएको हुने,

१२. तोकिएका मापदण्ड पुरा गराउने कार्यमा स्थानीय सरकारले प्रदेश र संघीय सरकारसंग समन्वय र सहकार्य गरी आवश्यक लगानीको प्रवन्ध भएको हुने,

१३. स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशिल वनाउने योजना तयार गरी कार्यन्वयन भएको हुने,

१४. विद्यार्थी शिक्षक अनुपात लगायत शिक्षक दरवन्दीका आधारहरुको पुनरावलोकन गरी नगरपालिकाका लागि दरवन्दि निर्धारण गरिने र आवश्यकता अनुसार शिक्षक दरवन्दि मिलान तथा समायोजन भएको हुने,

१५. नगरपालिका र विद्यालयको आन्तरिक स्रोतवाट समेत दरबन्दी सृजना गरी स्थानीय तहले शिक्षक,कर्मचारी नियुक्ति गर्ने व्यवस्था भएको हुने,

१६. स्थानीय पाठ्यक्रममा परिमार्जन गरी सामाजिक मूल्यमान्यता, संस्कृतिलाई विद्यार्थीको नैतिक चरित्र निर्माणसँग आवद्ध भएको हुने,

## ग) प्रमुख क्रियाकलापहरु तथा लक्ष्य (Major Activities and target)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | सङ्घको निर्णय बमोजिम |
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | नियमित | | | | | | | | |
| ४ | आधारभूत तहका बालबालिकाहरूका लागि पठनसामग्री व्यवस्था | विद्यालय | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | | |
| ५ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | दुईकोठे भवन | २ | २ | २ | २ | २ | १० | २० | |
| ६ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | शिक्षक क्षमता विकास (कस्टमाइज्ड तालिम) | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | विद्यालय उत्थानशीलता योजना निर्माण तथा कार्यान्वयन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | विद्यालय | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | सामुदायिक विद्यालय सबैलाई | |
| ११ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | जना | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| १२ | पाठ्यपुस्तक व्यवस्था | जना | सबै | सबै | सबै | सबै | सबै | सबै | | |
| १३ | विपन्नका लागि छात्रवृत्ति | विद्यालय | | | | | | | | |
| १४ | अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै | | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

विद्यालय शिक्षालाई आधारभूत र माध्यामिक तह गरी दुई तहमा बाडिएको छ । शिक्षा ऐन,२०२८ (संशोधन सहित) अनुसार कक्षा ९ देखि १२ सम्म दिइने शिक्षालाई माध्यमिक शिक्षाका रुपमा परिभाषित गरिएको छ । श्रमप्रति सकारात्मक भावना भएका सीपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण प्राविधिक तथा व्यावसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ । नेपालको संविधान २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ जसअनुसार माध्यमिक तह सम्म निशुल्क शिक्षा पाउने हक सुनिश्चित गरेको छ । आधारभूत शिक्षा र उच्च शिक्षालाई जोड्ने सेतुका रुपमा माध्यामिक शिक्षा रहेको छ भने उच्च शिक्षा र कामको संसारमा प्रवेश गर्नका लागि आधारशिलाको रुपमा । माध्यामिक शिक्षाको हासिल पश्चात ठूलो संख्या कामको संसारमा प्रवेश गर्दछ भने मेधावी सानो संख्या उच्च शिक्षामा प्रवेश गर्दछ ।नेपालमा विद्यालय शिक्षामा पहुच बढाउन तथा गुणस्तरमा सुधार ल्याउन राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरु हुदै आएका छ । विद्यालय शिक्षालाई ब्यवस्थित गर्न नेपालको संविधान,राष्टिय शिक्षा नीति २०७६, पन्ध्रौ योजना शिक्षा ऐन २०२८,नियमावली २०५९, स्थानीय सरकार संचालन ऐन २०७४, अनिवार्य तथा निशुल्क ऐन २०७५ र नियमावली २०७७ जस्ता कानुनी दस्तावेज कृयाशिल छन। नेपालको संविधानमा माध्यामिक तहसम्मको शिक्षा कानुन अनुसार निशुल्क प्रदान गरिने व्यवस्था गरिएको छ र संविधानको अनुसूची ८ मा आधारभूत तथा माध्यामिक तहसम्मको शिक्षालाई स्थानीय तहको एकल कार्यसूचिमा समावेश गरिएको छ । अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा ऐन २०७५ मा पनि माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा प्रदान गरिने कानुनी व्यवस्था गरिएको छ । पन्ध्रौं आवधिक योजनाले पनि माध्यमिक शिक्षामा सर्वसुलभ पहुँच कायम गर्न विभिन्न नीतिगत व्यवस्था गरेको छ । शिक्षा नीति, २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहूँच सुनिश्चित गर्दै सिर्जनशिलता रचनात्मकता अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने नीति लिएको छ ।

नेपालको विद्यालय शिक्षामा बालबालिकाको पहुँच बृदि हुदै गएपनि करिब ४.९ प्रतिशत बालबालिका अझै विद्यालय बाहिर रहेको तथ्याङकले देखाउछ । यसले शैक्षिक गतिविधिहरु प्रभावित भएको देखिन्छ ।

### ३.३.२ वर्तमान अवस्था

संघिय संरचना अनुरुप तिनवटै तह संघ, प्रदेश र स्थानीय तहबाट शिक्षाको व्यवस्थापन गर्ने कार्य भए पनि माध्यमिक तहसम्मको शिक्षा मूलतः स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ । शिक्षा क्षेत्रको परिवर्तन विकास तथा व्यवस्थापनका लागि सोहिअनुसार शिक्षाका संरचनाहरु धमाधम बन्ने क्रममा छन । खाँदबारी नगरपालिकामा गुणस्तरीय शिक्षाको सुनिश्चित गर्नका लागि विद्यालय शिक्षामा आधुनिक सुचना प्रविधिलाई जोड दिइरहेको अवस्था छ । विभिन्न किसिमका तालिम मार्फत शिक्षामा जोड दिइदै आएको छ ।विद्यालयको सांचालन व्यवस्थापन अनुगमन तथा सुपरिवेक्षणको सम्पुर्ण जिम्मा स्थानीय तहलाई दिएता पनि प्रशासनिक कार्य बोझका कारण विद्यालयहरु आवस्यकता अनुसार निरीक्षण तथा सुपरिवेक्षणमा सहयोगको अवस्था, शिक्षकको पेशागत सहयोग पर्याप्त देखिदैन ।

यस नगरपालिकाका सामुदायिक विद्यालयहरूमा माध्यमिक शिक्षा (कक्षा ९-१२) प्रवाहको विश्लेषण गर्दा, विद्यार्थी सङ्ख्या २४१९ जना, शिक्षक दरबन्दी ६५ र शिक्षक-विद्यार्थी अनुपात १:३७ रहेको देखिन्छ । जम्मा विद्यार्थीमध्ये दलित २०९, जनजाति १८१७ र अपाङ्गता भएका बालबालिका १० जना रहेका छन् । संस्थागत विद्यालयहरूमा अध्ययन गर्दा, विद्यार्थी सङ्ख्या ४९० जना रहेको छन् । दलित विद्यार्थी २८ जना, जनजाति ३९३ र अपाङ्गता भएका बालबालिका २ रहेको अवस्था छ । यस अवस्थालाई लक्षित गरी भर्ना र सिकाइ अवसर प्रदान गर्ने चुनौतीहरू विद्यमान छन् ।

**तालिका ३**

**माध्यमिक शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय सङ्ख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | सङ्ख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | १३ | ११५० | १२६९ | २४१९ | ९२ | ११७ | २०९ | २ | ८ | १० |
| संस्थागत | ६ | २३१ | २५९ | ४९० | ११ | १७ | २८ | ० | २ | २ |
| जम्मा | १९ | १३८१ | १५२० | २९०९ | १०३ | १३४ | २३७ | २ | १० | १२ |

स्रोत-IEMIS 2081

नेपालको सङ्घीय संरचना र शैक्षिक नीतिअनुसार कक्षा ९-१२ लाई माध्यमिक शिक्षा मानिएको अवस्थामा यस नगरपालिकाले माध्यमिक शिक्षालाई सक्षम, कर्मठ, नैतिकवान् र पौरखी मानव संसाधन उत्पादन गर्ने आधारका रूपमा परिभाषित गरेको छ । नगरपालिकाको साक्षरता दर उच्च भए पनि माध्यमिक तहमा पहुँच र गुणस्तर सुधारको आवश्यकता रहेकोछ । विषयगत शिक्षकको अभाव, विज्ञान तथा कम्प्युटर प्रयोगशालाको कमी र इन्टरनेट सुविधा पर्याप्त रहेको छैन ।

### ३.३.३ चुनौति तथा अवसरहरु

सार्वजनिक शिक्षा प्रणालीमा गुणस्तर अभवृद्धि गर्नु सरोकारवालाहरुविच अपनत्व कायम गर्नु, शिक्षा र रोजगारीविच तालमेल कायम गर्नु, शिक्षक र शिक्षाक्षेत्रको जनशक्तिमा जवाफदेहिता सुनिश्चित गर्नु, सार्वजनिक शिक्षामा सर्वसाधरण नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु जस्ता सवालहरु शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरु रहेका छन । यसका अलावा तपशिल अनुसार अवसर र चुनौतीहरु उल्लेख गरीएका छन

सबै बालबालिकाहरुका लागि निशुल्क माध्यमिक शिक्षा सुनिश्चित गर्नु,

१. विद्यालयमा न्युनतम शिक्षक दरबन्दिको सुनिश्चित गर्नु ,
२. सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक सुधार गरि अभिभावकको आकर्षणको केन्द्र बनाउनु,
३. निःशुल्क माध्यमिक शिक्षालाई कार्यन्वयन गर्ने र माध्यमिक शिक्षामा खुद भर्नादर सतप्रतिशत पुर्याउनु,
४. शिक्षकको दरबन्दि मिलान तथा दक्ष शिक्षकलाई शिक्षणमा टिकाइराखु,

५. विद्यार्थीको नतिजा प्रति शैक्षिक संस्था तथा शिक्षकलाई जिम्मेवार, जवाफदेही तथा उत्तरदायि बनाउनु,
६. विद्यार्थीमा न्यूनतम सक्षमताको अवस्था सुनिश्चित गर्नु,
७. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार, शिक्षकको दक्षतामा वृद्धि र शिक्षणमा सुधार गर्नु
८. सिकाइमा प्रभावकारिता अभिवृद्धि गरी विद्यार्थी सिकाइ उपलब्धिमा सुधार गर्नु

**३.३.४ लक्ष्य (Goal)**

निशुल्क माध्यमिक शिक्षामा सबै बालवालिकाको पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रोजगारमुलक, सकारात्मक प्रतिस्पर्धी सोच र सीपयुक्त एवं उत्पादनमुखी जनशक्ति तयार गर्नु ।

३.३.५ **उद्देश्यहरु**

१. सबै बालबालिकाको गुणस्तरीय माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गर्दै सिर्जनशिलता, अन्वेषणात्मकता, सकारात्मक सोच, सीपयुक्त, नैतिकवान तथा उत्पादनशील प्रतिस्पर्धी जनशक्ति तयार गर्नु ।
२. माध्यमिक शिक्षा पूरा गरेका सबै बालबालिकाहरूलाई रोजगारी, आत्मनिर्भरता र निरन्तर सिकाइका लागि तयार बनाउनु ।
३. शैक्षिक उपलब्धि र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षको प्रवेशको लागि आधार तयार गर्नु ।
४. बालमैत्री,सिकाइमैत्री, समावेशी र सुरक्षित भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्नु ।
५. विज्ञान शिक्षा प्रवद्धन तथा नव प्रवर्तनमा जोड दिने ।

**३.३.६ रणनीतिहरु (Strategies)**

योजनाका उद्देश्यहरु हासिल गर्ने निम्नलिखित रणनितिहरु अवलम्बन गरनेछ ।

१. संघीय मापदण्ड अनुसार स्थानीय तहले समन्वय गरी विद्यालय नक्साङ्कन मार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरुको पुनर्वितरण तथा, समायोजन गरिनेछ।
२. माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउन वैकल्पिक माध्यमको प्रयोग तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
३. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रुपमा विकास गरी सिकाइलाई प्रविधिमैत्री, व्यवहारिक र नतिजामुलक बनाइने ।
४. शिक्षक निरन्तर अध्यावधिक हुन साथै उत्प्रेरणा बढाउने कार्यक्रम सञ्चालन गरी दक्ष विषय शिक्षकको व्यवस्थालाई वढावा दिइने ।
५. सबै विद्यालयहरुमा विद्यालयहरुको न्यूनतम भौतिक तथा शैक्षिक वातावरणमा सुधार गर्ने।
६. विद्यालय शिक्षामा स्थानीय सरकारको लगानी वृद्धि गरिनेछ ।

७. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण संस्थाहरुको निरन्तर अनुगमन, निरीक्षण तथा मूल्याङ्कनको व्यवस्था गरीने साथै माध्यमिक विद्यालयहरुलाई पुरस्कृत गर्न तथा नियमन गर्न कार्यसम्पादन परीक्षण पद्धति लागु गरिनेछ।

८. माद्यामिक विद्यालयमा सक्षम र योग्यता प्राप्त तहगत प्र अ को व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापन प्रति प्र अ लाई उत्तरदायी बनाउने ।

९. शिक्षक तयारी विकास र सहायता प्रणालीलाई पुन संरचित गरिनेछ।

१०.विज्ञान शिक्षा (११-१२) अध्ययन गर्ने विद्यार्थीलाई विद्यालय साझेदारीमा आवासिय छात्रबृत्ति दिने

११.विज्ञान प्रदर्शनी तथा प्रतिभाको खोजी गरी मन्त्रालयमा सिफारिस गर्ने ।

### ३.३.७ उपलब्धि तथा प्रमुख नतिजाहरु

**उपलब्धि (Outcomes)**

१. संघ प्रदेश र स्थानीय तहको समन्वय र सहकार्य भइ बजेट व्यवस्थापन तथा कार्यक्रम कार्यान्वयनबाट सबैका लागि निःशुल्क माध्यमिक शिक्षा सुनिश्चित भएको हुनेछ ।

२. माग, आवश्यकता र औचित्यताको आधारमा माध्यमिक विद्यालयको स्थापना, पुनवितरण तथा समायोजन भएको हुनेछ ।

३. विद्यालयहरुले अवलम्वन गरेका असल अभ्यासहरुलाई एक आपसमा अनुभव साटासाट गरि प्रयोग भएको हुनेछ ।

४. आर्थिक सामाजिक हिसाबले कमजोर पृष्ठभूमि भएका विद्यार्थीहरुलाई लक्षित गरी आवश्यकतामा आधारित छात्रवृति प्रदान गरी माध्यमिक शिक्षाको पहुँचमा सुनिश्चितता भएको हुनेछ ।

५. सुरक्षित विद्यालय,सुरक्षित समुदायको अवधारणा र मापदण्ड तयार गरी सबै सामुदायिक तथा संस्थागत सुरक्षित विद्यालय पुर्वाधारको विकास भएको हुनेछ ।

६. माध्यमिक शिक्षालाई प्रविधियुक्त र प्रतिस्पर्धी बनाउन विज्ञान, प्रविधि इन्जिनियरिङ र गणित (STEM)जस्ता बहु प्रा व धक विषयको शिक्षण सिकाइमा विशेष जोड दिनका लागि आवश्यक पर्ने पुर्वाधार विकास भएको हुनेछ ।

७. शैक्षिक सुशासनको सुनिश्चितता गर्न विद्यालय सञ्चालन तथा विद्यार्थी सिकाइमा जवाफदेहिता, उत्तरदायित्व, पारदर्शिता कायम गर्न कार्यसम्पादन करार, कार्यसम्पादन परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन जस्ता कार्यहरु भएको हुनेछ ।

८. माध्यमिक शिक्षामा मानव मूल्य प्रवर्द्धन गर्न परम्परागत संस्कृति,अनुशासनको पालना, लगायतका विषय वा विषयवस्तु समावेश भएको हुनेछ ।

९. विद्यालय अनुगमन निरीक्षण तथा सुपरिवेक्षण प्रक्रियालाई नतिजामुलक बनाउन उपचारात्मक सेवा उपलब्ध भएको हुनेछ ।

१०. शैक्षिक गुणस्तर अभिवृद्धिका निम्ति शिक्षा क्षेत्रमा गरिने लगानी वृद्धि भएको हुनेछ ।

११. शिक्षा क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्था, सहकारी र अन्य सामुदायिक संस्थाहरुसँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने पद्धतिको विकास भएको हुनेछ ।

१२. अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराई भौतिक पूर्वाधार, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रणाली समावेशी एवम् अपाङ्गमैत्री भएको हुनेछ ।

१३. सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापन भएको ह

**३.३.८ प्रमुख क्रियाकलाप तथा लक्ष्य** नर्धारण

| **क.सं** | **प्रमुख क्रियाकलापहरु** | **इकाइ** | **भौतिक लक्ष्य पहिलो ५ बर्ष** | | | | | **भौतिक लक्ष्य दोस्रो ५ बर्ष** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | |
| १ | माग र आवश्यकतामा आधारित तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | ICT क्षमता विकास तालिम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | सरोकारवालामा छलफल,परामर्श तथा अन्तर्क्रिया | पटक | | १ | | १ | | ३ | |
| ४ | भौतिक पुर्वाधार निर्माण तथा मर्मत सम्भार | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ५ | स्यानिटरी प्याड व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | छात्रवृत्ति, निशुल्क पाठ्यपुस्तक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | पाठ्यक्रम,परीक्षा मुल्याङ्कन तथा नतिजा सम्वन्धी पुनर्ताजगी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | SEE तथा SLC मा उत्कृष्ट नतिजा हासिल गराउने विद्यालयहरुलाई प्रोत्साहन पुरस्कार | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ९ | आवासिय छात्रबृत्ति | जना | ४ | ४ | ४ | ४ | ४ | २० | |
| १० | विज्ञान प्रदर्शनी तथा प्रतिभाको खोजी | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम

३.४.१ परिचय

शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई रोजगारसँग, रोजगारलाई उद्पादन सँग र उत्पादनलाई बजारसँग आबद्व गरी ब्यक्तिको जिविको पार्जनमा सघाउने तथा राष्ट्रको सामाजिक आर्थिक अवस्था सुदृढ गर्न प्रदान गरिने शिक्षा नै प्राविधिक तथा व्यवसायिक शिक्षा हो भने पेशा वा सीपको लागि आवश्यक पर्ने ज्ञान सीप र प्रवृति आर्जन गर्न प्रदन गर्ने शिक्षा तालिम हो।

नेपालको संविधान अनुरुप "समृद्ध नेपाल सुखी नेपाली" भन्ने राष्ट्रिय आकांक्षा पुरा गर्नका लागि पन्ध्रो योजना, शिक्षा नीति २०७६ले गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरिएको छ । यस प्रकारको शिक्षाको विकासले यस नगरपालिकामा सीपयुक्त दक्ष जनशक्ति उत्पादन हुने र रोजगार एवम् स्वरोजगारको अवसरहरु सृजना भई विदेशिने युवाहरु आत्मनिर्भर बन्ने अवस्था सिर्जना हुनेछ

### ३.४.२ वर्तमान अवस्था

यस पालिकामा २ वटा माध्यमिक विद्यालयमा प्राविधक शिक्षा पठनपाठन भइरहेको अवस्था छ भने मकालु टेक्निकल ईन्स्टच्युट CTEVT बाट सम्बन्धन प्राप्त सञ्चालनमा छ ।श्री मनकामना रत्न अम्विका माध्यमिक विद्यालयमा सिभिल इन्जिनियरिङ कक्षा ९ बाट कक्षा १२ सम्म अध्यापन हुन्छ ।त्यसैगरी श्री महेन्द्र माध्यमिक विद्यालयमा CTEVT बाट सम्बन्धन प्राप्त कृषि विषयमा १८ महिने JTA अध्यापन हुन्छ ।

### ३.४.३ चुनौति र अवसरहरु

संघीय संरचनामा विद्यालयको शिक्षासँगसँगै प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका लागि स्थानीय तहमा नीति, कार्यक्रम समन्वय सहयोग तथा व्यवस्थापन गर्ने संरचना र जिम्मेवारीको संयन्त्र विकास गर्नु, सार्वजनिक निजी साझेदारीको माध्यमबाट प्राविधिक तथा व्यावसायिक शिक्षाको बजारको माग र तालिम प्राप्त जनशक्तिको मेल हुने प्रणाली स्थापित गर्नु प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको मुख्य चुनौति यस क्षेत्रका चुनौतिका विषयहरु हुन् ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद ऐन नियम, सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरुको पहुँच विस्तार, छात्रवृत्ति लगायतका सहायता प्रणालीको व्यवस्थापन निजी क्षेत्रको संलग्नता बढ्नु, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले प्राविधिक तथा व्यावसायिक शिक्षालाई समेटिनु केही अवसरहरु हुन् ।

### ३.४.४ लक्ष्य

गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासमा पहुँच अभिबृद्धि गर्दै सीपयुक्त एवम् उत्पादनशील जनशक्ति विकास गर्नु,

### ३.४.५ उद्देश्य

क) नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाको नियमन, व्यवस्थापन र अनुगमन संयन्त्र विकास गर्नु,

ख) लक्षित समूहलाई समतामूलक, समावेशी र समन्यायिक पहुँच पुऱ्याउनु,

### ३.४.६ रणनीति (Strategies)

१. प्रचलित कानुन कार्यान्वयन गराउने,
२. दिगो स्रोतको लागि संघीय र प्रदेश तथा स्थानीय तहसँग समन्वय गरी स्रोत व्यवस्थापन गर्ने,
३. अनुगमनको सूचक निर्माण गरी नियमित अनुगमन गर्ने,
४. लक्षित समूहलाई छात्रवृत्ति, निःशुल्क अध्ययन गर्ने अवसर प्रदान गर्ने वातावरण निर्माण गर्ने,

### ३.४.७ प्रमुख क्रियाकलाप तथा लक्ष्य निर्धारण

| क्र.सं | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य पहिलो ५ बर्ष | | | | | भौतिक लक्ष्य दोस्रो ५ बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | अभिभावक तथा सरोकारवाला संघसंस्थाहरुलाई लागत साझेदारीका लागि प्रोत्साहन | पटक | निरन्तर | | | | | | |
| २ | अनुगमन सूचक निर्माण गर्ने | पटक | १ | | | | | १ | |
| ३ | सूचकका आधारमा अनुगमन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | छात्रवृत्ति छनौट मापदण्ड निर्माण | पटक | १ | | | | | | |
| ५ | नगरले आवश्कताको आधारमा छात्रवृत्तिमा साझेदारी गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ३.५ शिक्षक व्यवस्थापन र विकास

### ३.५.१ परिचय

बालबालिकामा गुणस्तरीय शिक्षा प्राप्तिका लागि उपयुक्त पाठ्यक्रम पाठ्यपुस्तकका साथै सही ढङ्गबाट विद्यार्थीमा प्रबाह हुनु जरुरी छ । सही तरिकावाट प्रवाहका लागि शिक्षक विषयगत तथा शिक्षण प्रविधिगत रुपमा योग्य, सक्षम, पेशागत रुपमा दक्ष, पेशा प्रति प्रतिबद्ध र विद्यार्थीको सिकाइ प्रति जिम्मेवार र जवाफदेही हुनु अनिवार्य छ ।शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना ब्यक्तित्व प्रदर्शनले शिक्षण सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सवै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकको व्यवस्थापनवाट नै शिक्षामा गुणस्तर सुनिश्चित गर्न सकिन्छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुनु पर्दछ । विद्यार्थी सङ्ख्या , कक्षा र विषयका आधारमा शिक्षक दरबन्दीको व्यवस्थापन गरी योग्य र सक्षम शिक्षक नियुक्ति साथै परिवर्तित सन्दर्भ र शिक्षा क्षेत्रमा आएका नयाँ प्रविधिको वारेमा शिक्षकलाई तालिमको उचित व्यवस्था गरेमा मात्र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सकिन्छ।

सवैभन्दा महत्वपूर्ण पक्ष विद्यालयमा विद्यार्थी सङ्ख्या कक्षा सङ्ख्या विषयका आधारमा तहगत र विक्षयगत शिक्षकको दरबन्दी उपलब्ध हुनु पर्दछ । वर्तमान अवस्थामा नेपालमा दरबन्दी मिलान हुन सकेको छैन । स्वीकृत दरबन्दी, राहत अनुदान कोटा, शिक्षण अनुदान आदी विभिन्न प्रकृतिका शिक्षक रहने व्यवस्था भएवाट समेत शिक्षकको उचित व्यवस्थापन हुन सकेको छैन साथै शिक्षकको मनोवल उच्च हुन सकेको छैन । यस्ता प्रकृतिका शिक्षक पदलाई एकरुपता कायम गरी ब्यवस्थित बनाउनु आवश्यक छ ।

दोस्रो कुरा रिक्त दरबन्दीमा योग्य र सक्षम विषयगत शिक्षक छनौट गरी यथा समयमा पदस्थापन गर्नु पर्दछ ।शिक्षक पदस्थापन गर्दा शिक्षकको चाहना सुगमता ब्यक्तिगत परिवेश समेतलाई ध्यान दिनु पर्ने हुन्छ । हाल नेपालमा रिक्त स्वीकृत दरबन्दीमा शिक्षक सेवा आयोगवाट खुल्ला विज्ञापनको माध्यमवाट छनौट गरी आयोगको सिफारिसका आधारमा स्थायी नियुक्ति गरि शिक्षा विकास तथा समन्वय इकाइ तथा स्थानीय निकायवाट पदस्थापन गरिन्छ । अस्थायी र राहत अनुदान वा शिक्षण अनुदानमा नियुक्ति विद्यालयवाटै गरिने भएकोले योग्यता र क्षमता अनुसार नै शिक्षक नियुक्ति हुने कुरामा सुनिश्चित गर्न सकिएको छैन ।योग्य र सक्षम शिक्षक नियुक्ति नभएसम्म गुणस्तरीय शिक्षा प्रदान गर्न कठिन हुन्छ ।

नयाँ पदस्थापन भएका शिक्षकलाई कक्षामा प्रवेश गर्नु भन्दा पहिले सेवा प्रवेशको लागि छोटो अवधीको तालिकको व्यवस्था हुनु जरुरी देखिन्छ । समय समयमा नयाँ प्रविधिसङ्ग समेत परिचित गराउने गरी पुनर्ताजगी तालिमको व्यवस्था गरी शिक्षकलाई विषयवस्तुको ज्ञान तथा शिक्षण सीपमा अध्यावधिक बनाई राख्नु पर्ने हुन्छ ।

शिक्षकको मनोवल उच्च बनाई अधिकतम क्षमताको प्रयोग गराउनु पर्ने हुन्छ । यस कार्यका लागि शिक्षकलाई सकेसम्म निजको चाहना बमोजिकको स्थानमा पदस्थापन गरी उसलाई योग्यता र क्षमता सेवा अवधी आदिका आधारमा वृत्ति विकासको अवसर प्रदान गर्नु पर्दछ ।अन्य सेवाको सापेक्षतामा समय सापेक्ष तलब भत्ता लगायतका सुविधाहरु उपलब्ध हुनु जरुरी छ । सकेसम्म एकै प्रकृतिका शिक्षकको व्यवस्था गर्नु पर्दछ ।सो हुन नसकेमा तत्कालिन अवस्थामा समान किसिमको सुविधा उपलब्ध हुने बातावरण बनाउनु पर्दछ । शिक्षक पेशालाई रोजाइको पेशा बनाउन सकेको खण्डमा मात्र अधिकतम क्षमताको प्रयोग गराइ विद्यार्थीको सिकाइ उपलब्धीमा बृद्धि गर्न सकिन्छ ।

३.५.२ वर्तमान अवस्था

यस पालिकामा तपसिल बमोजिमका शिक्षक कार्यरत छन् ।

| सि.न. | माध्यमिक | | निम्नमाध्यमिक | | प्राथमिक | | उमावि | |
|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | दरबन्दी | राहत | दरबन्दी | राहत | दरबन्दी | राहत |
| १ | ३८ | १० | ३८ | ७ | १७३ | १४ | ६ | ५ |

## ३.५.३ <u>शिक्षक दरबन्दीको व्यवस्थापन</u>

सवैका लागि शिक्षा कार्यक्रम लगायतका कार्यान्वयनसगै सवै बालबालिकाको शिक्षामा पहुँच विस्तार गर्न धेरै नयाँ विद्यालयहरु खुले, विद्यालयको तह बृद्धि भयो,विद्यार्थी सङ्ख्यामा बृद्धि भयो तर शिक्षक दरबन्दी सङ्ख्यामा बृद्धि भएन । सुगमका र पुराना विद्यालयमा दरबन्दी थुप्रिदै गयो भने दुर्गम र सुविधा विहिन स्थानका र नयाँ विद्यालयमा शिक्षक दरबन्दीको व्यवस्था हुन सकेको छैन ।प्रा वि तहमा केही दरबन्दी भए पनि नि. मा. वि., मा. वि. र उच्च मा. वि. तहको शिक्षक दरबन्दी अत्यन्तै कम रहेको कारण योग्य र विषयगत शिक्षकको अभाव नै देखिन्छ। नेपाल सरकारले मौजुदा दरबन्दीलाई मिलाउने निर्देशन दिएको भए तापनि नि. मा. वि.,मा.वि. र उच्च मा. वि. दरबन्दी थप गर्ने व्यवस्था नगरेको हुँदा कक्षा, विद्यार्थी सङ्ख्या र विषयगत आधारमा दरबन्दी मिलान हुन सकेको छैन ।

## ३.५.४ <u>शिक्षक तयारी</u>

हालसम्म सङ्घिय शिक्षा ऐन र शिक्षा नियमावली निर्माण हुन सकेको छैन। साविकको शिक्षा ऐन र नियमावलीकै आधारमा हालसम्म शिक्षा प्रशासन चल्दै आएको छ । शिक्षा ऐन नियम तथा शिक्षक सेवा आयोग नियमावली अनुसार प्रा वि तहमा कक्षा १२ , नि. मा. वि. तहमा संवन्धित विषयमा कक्षा १२ र मा. वि.तहमा संवन्धित विषयमा स्नातक र उच्च मा. वि.मा स्नातकोत्तर योग्यता हासिल गरी तालिम प्राप्त हुनु पर्दछ वा शिक्षा शास्त्रका विषयमा न्यूनतम योग्यता हासिल गरेको हुनु पर्दछ । शैक्षिक योग्यता र

तालिम प्राप्त ब्यक्ति मात्र शिक्षक अध्यापन अनुमति पत्र पाउन योग्य हुनेछन्। गणित,विज्ञान,अङ्ग्रेजी,प्राविधिक धारका विषय लगायत केही विषयहरुमा पर्याप्त जनशक्ति प्राप्त हुन नसकेको हुँदा माध्यमिक तहमा भने ती विषयमा तालिम नलिएका ब्यक्ति समेत उम्मेदवार हुन पाउने व्यवस्था छ ।शिक्षक सेवा आयोगवाट हुने शिक्षक अध्यापन अनुमति पत्र परीक्षामा सफल भइ अध्यापन अनुमति पत्र प्राप्त ब्यक्ति मात्र शिक्षक पदको उम्मेदवार हुन पाउने व्यवस्था छ ।

### ३.५.५ शिक्षण पेशामा आकर्षण र नियुक्ति

गुणस्तरीय शिक्षा प्रदान गर्न अन्य क्षेत्रको भन्दा सक्षम ब्यक्ति शिक्षक पदमा नियुक्ति हुनु आवश्यक छ।योग्य र सक्षम ब्यक्तिलाई आकर्षण गर्न शिक्षक पेशालाई आकर्षक र मर्यादित वनाउनु पर्ने हुन्छ ।समय समयमा शिक्षक पेशालाई आकर्षक बनाउन प्रयासहरु भइरहेका छन् तै पनि अन्य क्षेत्रका राष्ट्रसेवकको सरह तलब सुविधा दिएर मात्र यो पेशा आकर्षक बन्न नसकेको व्यवहारवाट देखिएको छ ।शिक्षक पेशालाई आकर्षक बनाउन अन्य क्षेत्रको तुलनामा थप सुविधा प्रदान हुनु आवस्यक छ ।तलब भत्ता सुविधा लगायत सामाजिक मर्यादा बढाउन सकेको खण्डमा मात्र सक्षम र योग्य ब्यक्तिको यस पेशामा प्रवेश हुने देखिन्छ ।शिक्षक नियुक्तिको हकमा स्वीकृत रिक्त दरबन्दीमा सम्वन्धित स्थानीय तहवाट माग सङ्कलन गरी शिक्षा विकास तथा समन्वय इकाइले शिक्षा तथा मानव स्रोत विकास केन्द्र मार्फत शिक्षक सेवा आयोगमा माग पठाइ आयोगवाट विज्ञापन प्रकाशन गरी लिखित परीक्षा तथा अन्तर्वार्तावाट सफल उम्मेदवारलाई नियुक्तिका लागि सम्वन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइमा सिफारिस गरी पठाउने र इकाइले उम्मेदवारहरुलाई रोजाइ नियुक्ति दिई सम्वन्धित स्थानीय तहमा पदस्थापनको लागि पठाउने व्यवस्था छ ।राहत र करार शिक्षकको नियुक्ति सम्वन्धित विद्यालवाट परीक्षा प्रणालीवाट छनौट गरी नियुक्ति गरिन्छ ।करार शिक्षक नियुक्तिको लागि कुनै खास कार्यविधि नभएकोले भएमध्ये सवैभन्दा योग्य उम्मेदवारलाई नै नियुक्ति गरियो भनेर विश्वस्त हुन सकिएको छैन ।स्थायी शिक्षक नियुक्तिको लागि समेत धेरै लामो समय लाग्ने हुँदा तत्काल पदपूर्ति हुन नसक्नाले करार र कम सक्षम शिक्षक नियुक्ति गरी पठन पाठन गराउनु पर्ने अवस्था छ ।अस्थायी र करार शिक्षकको अस्थाइ मानसिकताले प्रभावकारी शिक्षण सिकाइ वातावरण वन्न सकेको छैन ।प्राविधिक धार तर्फको शिक्षक त अझ नपाइने पाइए पनि छोटो समयको लागि वेटिङको रुपमा मात्र रहने हुँदा पठन पाठनमा अपेक्षित उपलब्धि हासिल हुन कठिनाइ देखिएको छ ।

### ३.५.६ शिक्षण सिकाइ क्रियाकलाप

बालबालिकाहरुको सिकाई उपलब्धी पाठ्यक्रम पाठ्यपुस्तकको विषयबस्तुको कक्षा कोठामा गरिने सिकाइ क्रियाकलापमा भर पर्दछ ।विद्यालय तहको पाठ्यक्रम प्रारुप २०७६ ले शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रविधि मैत्री, परियोजनामा आधारित,समुहकार्यमा आधारित तथा सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ ।त्यस्तै राष्ट्रिय शिक्षा नीति २०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण

सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रुपमा एकिकृत गर्दै प्रविधि मैत्री, व्यवहारिक र नतिजा मूलक बनाउने लक्ष्य राखेको छ ।नेपालमा हालसम्म सञ्चालनमा आएका विभिन्न योजना परियोजनाहरुले समेत शिक्षामा बालबालिकाको पहुँचको साथसाथै गुणस्तरमा जोड दिएको छ ।जसका लागि शिक्षण सिकाइ क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउने, सूचना प्रविधिको प्रयोग गरी शिक्षण गर्ने, बालमैत्री वातावरण सृजना गर्ने जस्ता प्रयासहरु भएका छन् ।शिक्षकलाई शिकाइ क्रियाकलापमा सुधार ल्याउन विभिन्न किसिमका पेशागत तालिम प्रदान गरि क्षमता विकासका कार्यहरु पनि गरिएका छन् ।

यति हुँदाहुँदै पनि शिक्षण सिकाइ क्रियाकलापमा खासै सुधार आउन नसकेको अध्ययन प्रतिवेदनले देखाएको छ ।कमजोर सिकाइ स्तर भएका, अपाङ्गता भएका बालबालिकाहरुको सिकाइको स्तर माथि उठाउने प्रयास हुँदाहुँदै अपेक्षित उपलब्धी भने हासिल हुन सकेको छैन । जतिसुकै योग्य र सक्षम शिक्षक नियुक्ति भएर आएपनि सिकाइ क्रियाकलाप सञ्चालनमा कुनै नयाँपन आउन सकेको छैन ।

### ३.५.७ <u>शिक्षक उत्तरदायित्व</u>

उत्तरदायित्व भनेको जिम्मेवारी लिनु भन्ने बुझिन्छ ।शिक्षक विद्यार्थी प्रति उत्तरदायी हुनु भनेको शिक्षक आँफूले अध्यापन गर्ने विषयमा पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धीहरुमा भएको विद्यार्थीको प्रगति र विकासमा जिम्मेवार हुनु अथवा जवाफदेही हुनु भन्ने बुझ्नु पर्दछ। विद्यालयले निर्धारण गरेका आचार सहिता ,शिक्षा ऐन तथा नियमावलीको पालन गर्दै दैनिक कार्यतालिकामा तोकिएको विषयको अध्यापन गर्ने,मूल्याङ्कन गरी प्रतिवेदन प्र अ मा पेश गर्ने कार्य शिक्षकले गर्नु पर्ने हुँदा शिक्षक प्रधानाध्यापक प्रति उत्तरदायी बन्नु पर्दछ ।त्यस्तै विद्यालयमा नियमित उपस्थित भई तोकिएको घण्टी पूरा समय कक्षाकोठामा शिक्षण क्रियाकलापमा विताउनु पर्ने र तोकिएका सवै सिकाइ उपलब्धीहरु सवै विद्यार्थीमा हासिल गराउनु पर्दछ ।शिक्षकको बढुवाको लागि समेत विद्यार्थीको सिकाइ स्तर वापत अङ्क प्रदान गर्ने व्यवस्था गरी शिक्षकलाई उत्तरदायी बनाउन खोजिएको छ ।शिक्षक विद्यार्थीको सिकाइ उपलब्धीका विषयमा विद्यार्थी, अभिभावक प्रति जवाफदेही बन्नु पर्दछ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रवाट विभिन्न समयमा गरिएको उपलब्धी परीक्षणमा विद्यार्थीको उपलब्धी स्तर कमजोर देखिएको छ ।शिक्षकको वढुवाको लागि आधार वनाइएको उपलब्धी स्तरको सूचकले खासै मूल्याङ्कन गर्न सकेको देखिँदैन किनकी यो मूल्याङ्कन गरेका क्षेत्रको सापेक्षतामा अङ्क आउने वनाइएको छ ।शिक्षकहरुको आफ्नो पेशावाट हुने आमदानीवाट परिवारको जीविकोपार्जन हुन सक्ने अवस्था नभएका कारण हुन सक्छ विभिन्न वैकल्पिक पेशाको खोजीमा लाग्ने वा अन्य काममा सम्लग्न हुने गर्नाले नियमिततामा कमी हुने समय पूर्ण रुपमा पालन नगर्ने यदाकदा देख्न सकिन्छ ।यस्ता क्रियाकलापले उत्तरदायित्व निर्वाहमा बाधा पुऱ्याउँछ ।

### ३.५.८ शिक्षक पेशागत सहयोग पद्धति

शिक्षकको शिक्षण सिकाइको सहयोगका लागि नेपालमा विगतमा विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरियो ।कक्षा अवलोकन र छलफल, अनुगमन र पृष्ठपोषाण,नमूना कक्षा प्रदर्शन र छलफल ,शिक्षकहरुका पेशागत सञ्जाल निर्माण आदि कम्पोनेण्टहरु कार्यान्वयनमा ल्याइयो । त्यस्तै लिडर र फिडर विद्यालयको अवधारणा अगाडि सारियो ।राष्ट्रिय शिक्षा पद्धतिको योजना अनुसार तहगत रुपमा विद्यालय निरीक्षकको व्यवस्था गरि शिक्षण कार्यलाई सहयोग गर्ने काम भयो ।शिक्षकहरुलाई सेवा प्रवेश पुनर्ताजगी तालिमको व्यवस्था गरी शिक्षकको क्षमता विकास गरी शिक्षणमा सहयोग पुर्याउने काम समेत भए ।देशलाई आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि पेशागत सहयोगका लागि स्रोतकेन्द्र स्थापना गरी स्रोतब्यक्ती मार्फत पेशागत सहयोग उपलब्ध गराउने काम भयो ।दैनिक पाठयोजना निर्माण, पाठ्यक्रम तथा पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको अभिमुखिकरण, अतिरिक्त क्रियाकलाप सञ्चालन ,शैक्षिक सामाग्री निर्माणका क्षेत्रमा सहयोग उपलब्ध गराइयो ।यस्ता विविध क्रियाकलापले समेत उपलब्धी स्तर खासै माथि उकासिन सकेन। हाल सङ्घियताको कार्यान्वयन सँगै माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहवाट हुनेगरी अधिकारको बाँडफाँट भएको छ ।शिक्षक सहयोग कार्यक्रम अहिले आएर छायामा परेको छ ।विद्यालय निरीक्षण अनुगमन र पृष्ठपोषणको कार्य सून्य प्राय हुन पुगेको छ ।योग्यता पुरा गरेका योग्य र सक्षम प्र अ को व्यवस्था गरी शिक्षकलाई पेशागत सहयोग उपलब्ध गराउने कार्य समेत विविध कारणवाट पूरा हुन सकेको छैन ।

### ३.५.९ शिक्षक क्षमता विकास कार्यक्रम

पेशागत रुपमा योग्य, सक्षम ,दक्ष र अभिप्रेरित शिक्षकवाट मात्र कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउन सकिन्छ ।यसका लागि शिक्षकको पेशागत क्षमताको विकासका अवसरहरु उपलब्ध गराउनु पर्दछ । शिक्षकको पेशागत क्षमता विकासका विभिन्न तौरतरिकाहरु छन् ।शिक्षक तालिम, कार्यशाला,सेमिनार, क्रियात्मक अनुसन्धान, शिक्षकहरुको सिकाइ सञ्जाल निर्माण, अवलोकन भ्रमण , अनुगमन र पृष्ठपोषण आदी विविध अवयवहरुवाट शिक्षकको क्षमता विकास गर्न सकिन्छ ।नेपालमा शिक्षा क्षेत्रका विभिन्न योजना परियोजनाहरुको कार्यान्वयन गर्ने क्रममा शिक्षकको पेशागत विकासका लागि छुट्टै कम्पोन्ण्ट राखी कार्यक्रम सञ्चालन गरिए ।कक्षाकोठाको शिक्षणमा सुधार ल्याउने उद्देश्यले २०५० सालमा शैक्षिक जनशक्ति विकास केन्द्र स्थापना गरी सो अन्तर्गत ९ वटा शैक्षिक तालिम केन्द्र स्थापना गरि शिक्षक तालिम सञ्चालन गरी सवै शिक्षकलाई तालिम प्राप्त गराउने काम भयो ।यसैगरी विज्ञान शिक्षा विकास परियोजना पछि गएर माध्यमिक शिक्षा विकास परियोजनाबाट २५ वटा माध्यमिक शिक्षा विकास एकाइ मार्फत देश भरका माध्यमिक र निम्न माध्यमिक शिक्षकलाई सेवाकालिन तालिम उपलब्ध गराइयो ।यी प्रमाणिकरण तालिम बाहेक विभिन्न मोडुलर तालिमहरु सञ्चालन भए ।प्रधानाध्यापकहरुका लागि तालिम, बहुकक्षा शिक्षण तालिम, हाल आएर शिक्षकको पेशागत क्षमता विकास तालिम, कम्प्यूटर तालिम आदी विभिन्न किसिमका

तालिम प्रदान गरी शिक्षकको क्षमता विकास गराउने काम भएको छ ।हाल सातवटै प्रदेशहरुमा शिक्षा तालिम केन्द्र मार्फत शिक्षकको विभिन्न किसिमका क्षमता विकास तालिम सञ्चालन भइरहेको छ ।राष्ट्रिय शिक्षा नीति २०७६ ले स्थानीय तहले बिद्यालयलाई केन्द्र विन्दु वनाएर शिक्षकको निरन्तर पेशागत विकास कार्यक्रमहरु जस्तै कष्टमाइज्ड तालिम, कार्यशाला सेमिनार,अवलोकन भ्रमण ,प्रतिविम्वन,शिक्षक नेटवर्क, सहकार्यात्मक रुपमा गरिने अनुसन्धान ,मेण्टरिङ्, कोचिङ आदी सञ्चालन गरिने व्यवस्था गरेको छ ।सूचना तथा सञ्चार प्रविधिको तिव्र विकास सँगै तालिम दिने पद्धतिमा परिमार्जन गरी आमने सामने विद्यालयमा आधारित मिश्रित ,अनलाईन, भर्चुअल पद्धतिवाट तालिम सञ्चालन गरिने उल्लेख भए अनुसार तालिम सञ्चालनका माध्यमवाट शिक्षकको क्षमता विकासका कार्यहरु भएका छन् ।यी भन्दा बाहेक हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्र र पाठ्क्रम विकास केन्द्रवाट पेशागत विकास तालिम सञ्चालनका लागि मापदण्ड वनाउने, प्रारुप बनाउने तालिम पाठ्यक्रम विकास गर्ने कार्य हुँदै आएको छ ।

यसरी विभिन्न किसिमवाट शिक्षकको पेशागत क्षमता विकास तालिम सञ्चालन गरेर शिक्षकको क्षमता विकास गराउने प्रयत्न गरिएतापनि तालिमलाई बास्तविक आवश्यकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञान तथा सीपको कक्षा कोठामा प्रयोगमा समस्या देखिएको विभिन्न अध्ययनले देखाएको छ ।

## ३.५.१० चुनौतिहरु

माथि उल्लेखित बिष्लेषणका आधारमा शिक्षक व्यवस्थापन र विकासमा देहाय बमोजिमका चुनौतिहरु पहिचान गरिएको छ ।

१ शिक्षक दरबन्दी र सवै किसिमका शिक्षकहरुको एकै किसिमको सेवा सुविधाको व्यवस्थापन गर्नु ।
२ भौगोलिक क्षेत्रका आधारमा कक्षा, विद्यार्थी सङ्ख्या र विषयका आधारमा आवश्यक शिक्षक दरबन्दी व्यवस्थापन गर्नु ।
३. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धी सुनिश्चित गर्न, शिक्षण सिकाइ बालकेन्द्रित बनाउन, शिक्षण विधि तथा शिक्षण सहजीकरण क्रियाकलापमा विविधता ल्याउनु ।
४. वृत्ति विकासका अवसरहरुको सुनिश्चित गर्दै शिक्षकलाई पेशा प्रति आकर्षण गर्नु र विद्यार्थीको सिकाइ प्रति उत्तरदायी बनाउनु ।
५. शिक्षकको क्षमता विकासका कार्यक्रममा सवैलाई अवसर उपलब्ध गराउनु र सहभागी गराउनु ।
६. शिक्षकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ उपलब्धीसँग आवद्ध गर्नु ।

## ३.५.११ उद्देश्य

माथि उल्लेखित बर्तमान अवस्थाको विश्लेषण ,चुनौतिहरुका आधारमा शिक्षक व्यवस्थापन र विकासका देहाय बमोजिमका उद्देश्यहरु निर्धारण गरिएको छ ।

१ विद्यालयको प्राथमिक तहमा विद्यार्थी सङ्ख्या र कक्षा तथा निम्न माध्यमिक र माध्यमिक तहमा विद्यार्थी सङ्ख्या र विषयका आधारमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु ।

२ स्थानीय स्तरमा करारमा शिक्षक नियुक्ति प्रक्रियालाई कार्यविधिवाट व्यवस्थित बनाइ योग्य र सक्षम शिक्षक नियुक्ति तथा पदस्थापन गर्नु ।

३ शिक्षकको वृत्ति विकासका विभिन्न किसिमका अवसरहरु प्रदान गरी योग्य र सक्षम व्यक्तिलाई शिक्षण पेशामा आकर्षण गर्नु ।

४ शिक्षकहरुको समय सापेक्ष रुपमा सुविधा, अवसरहरु उपलब्ध गराइ स्थानीय ऐन नियम समेतवाट विद्यार्थीको सिकाइ प्रति उत्तरदायी बनाउनु ।

६ नियमित रुपमा शिक्षण सिकाइको सुपरिवेक्षण, मूल्याङ्कन र पृष्ठपोषण प्रदान गरी शिक्षण सिकाइ प्रभावकारी बनाउनु ।

### ३.५.१२ रणनीतिहरु

माथिका उद्देश्यहरु पुर्तिका लागि देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिने छ ।

१ नेपाल सरकारवाट स्वीकृत दरबन्दी,राहत र शिक्षण अनुदान कोटाको निर्धारित मापदण्ड अनुसार मिलान गरिने छ ।आवश्यकताका आधारमा स्थानीय स्तरवाट समेत दरबन्दी सृजना गरी शिक्षक आपूर्ति गरिने छ ।

२. कुनै कारणवाट विद्यालयमा शिक्षकको अनुपस्थिती हुने भएमा बैकल्पिक शिक्षकको व्यवस्था गरी शिक्षकको रिक्तता हुन दिइने छैन ।

३ शिक्षकको पेशागत क्षमता विकासका लागि नगरभित्र विज्ञ समुह निर्माण गरी नियमित सुपरिवेक्षण मार्फत शिक्षण सहयोग उपलब्ध गराइने छ ।

४ माथिल्ला निकायवाट सञ्चालन गरिने पेशागत क्षमता विकास कार्यक्रममा उक्त निकायसँग समन्वय गरी अधिकतम शिक्षकलाई सहभागी गराइने छ साथै स्थानीय स्तरमा समेत छोटो अवधीका तालिम तथा कार्यशालाको आयोजना गरी शिक्षकको क्षमता विकास गराइ विद्यार्थीको सिकाइको स्तरलाई वृद्धि गरिनेछ ।

### ३.५.१३ उपलब्धी, प्रमुख नतिजाहरु,मुख्य क्रियाकलाप तथा लक्ष्य

**क. उपलब्धीहरु**

सक्षम, योग्य तथा दक्ष शिक्षकको व्यवस्थावाट बालबालिकाको सिकाइमा सुधार भई सिकाइ उपलब्धीमा बृद्धि हुने ।

**ख.प्रमुख नतिजाहरु**

१ दरबन्दी मिलान भइ सवै विद्यालय र तहमा विद्यार्थी संख्या,कक्षा,विषयका आधारमा पर्याप्त शिक्षकको व्यवस्था हुने ।

२. दरबन्दी नपुग विद्यालयमा विद्यालयको अन्तरिक स्रोत समेतवाट शिक्षक व्यवस्थापन हुने ।

३. बैकल्पिक शिक्षकको व्यवस्थाबाट शिक्षकको अनुपस्थितिमा कक्षा खाली हुने अवस्थाको अन्त्य हुने ।

४. नियमित रुपमा सुपरिवेक्षण गरी शिक्षणमा सुधार आउने ।

५. नगरभित्र विज्ञ समुह निर्माण गरी नियमित सुपरिवेक्षण समेतबाट शिक्षकलाई आवश्यकताका आधारमा शिक्षण सहयोग उपलब्ध हुने ।
६. पेशागत विकासका प्रावधानहरुको विस्तार र सुदृढीकरण भइ स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणाली  मार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने ।

## ग. मुख्य क्रियाकलापहरु तथा लक्ष्य निर्धारण

| **क्र.सं** | **प्रमुख क्रियाकलापहरु** | **इकाइ** | **भौतिक लक्ष्य पहिलो ५ बर्ष** | | | | | **भौतिक लक्ष्य दोस्रो ५ बर्ष** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | |
| १ | स्थानीय विज्ञ समुह निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | पेशागत शैक्षिक अवलोकन तथा भ्रमण | पटक | | १ | | | | १ | |
| ३ | सेवा निबृत्त शिक्षक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | उत्कृष्ट नतिजा ल्याउने विद्यालयका प्र अ तथा बिषय शिक्षक सम्मान | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | मेन्टर शिक्षक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | शिक्षक सम्मेलन कार्यक्रम संचालन | | | १ | | | १ | २ | |

### ३.६ पाठ्यक्रम र मूल्याङ्कन

### ३.६.१ परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने ज्ञान, सिप, र अनुभवको विस्तृत योजनालाई पाठ्यक्रमको रुपमा परिभाषित गरिएको छ। राष्टिय रुपले देशभर संचालित सम्पुर्ण विद्यालयहरुमा एउटै पाठ्यक्रम लागु गरिएको छ । राष्ट्रिय पाठ्यक्रम
प्रारुप २०७६ ले स्थानीय पाठ्यक्रम निर्माणका लागि स्थानीय तहलाई जिम्मेवारी दिएको छ भने प्रथम पटक पाठ्यक्रममा कार्यघण्टा र पाठ्यघण्टाको व्यवस्था समेत गरिएको छ ।खाँदबारी नगरपालिकाले हाल स्थानीय तहमा पाठ्यक्रम निर्माण गरि शै स २०७९ देखि कार्यन्वयन समेत ल्याएको अवस्थामा छ।

पाठ्यक्रमले बालबलिकाको सम्पूर्ण शैक्षिक अनुभवलाई समेट्ने प्रयास गर्दछ।
पाठ्यक्रममा कुन विषयवस्तु सिकाउने भन्ने मात्र नभई विद्यार्थीले सिकेको वा नसिकेको विषयबस्तुहरु सुनिश्चित गरी आवश्यकता अनुसार पृष्ठपोषण प्रदान गरी मूल्याङ्कन निर्धारण गर्ने महत्वपुर्ण आधारको रुपमा पाठ्यक्रम उभिएको छ।

पाठ्यक्रमले राखेको उद्देश्य प्राप्तिका लागि शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन पश्चात उद्देश्य अनुरुप विद्यार्थीहरुको व्यवहारमा के कति परिवर्तनहरु आएका छन् वा छैनन् र निर्धारित उद्देश्यहरु के कति मात्रामा पूरा भए भनी लेखाजोखा गर्नु नै मूल्याङ्कन हो। परीक्षा विद्यार्थीहरूले सिकेका ज्ञान सीपहरूको मापन गर्ने साधन हो । आधारभूत तहको परीक्षा सञ्चालन र व्यवस्थापनको अधिकार स्थानीय तहको कार्यक्षेत्रभित्र रहेको छ । परीक्षा व्यवस्थापनका समग्र पक्षहरूमा विश्वासनियता र वैधता कायम गर्दै सिकाइको मूल्याङकन र सिकाइका लागि मूल्याङ्कन आवश्यकता छ ।

प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ८ सम्म आधारभूत शिक्षा र कक्षा ९ देखि १२ सम्म माध्यमिक शिक्षा कायम भएको अवस्थामा संघीय संरचना अनुकुल हुने गरी राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार विद्यालय शिक्षाको पाठ्यक्रमको पुर्नसंरचना रहेको उल्लेख छ। त्यसैगरी पाठ्यक्रम र मूल्याङकन पद्वतीलाई पनि समयानुकुल परिवर्तन बनाउनु जरुरी देखिन्छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले विद्यालय शिक्षामा नीतिगत तथा संरचनागत नविन आयाम समावेश गरी कक्षा १ देखि ३ सम्म एकीकृत पाठ्यक्रम तथा कक्षा १२ सम्म एकल पथिय पाठ्यक्रम ढाँचा अवलम्बन गर्ने कुरा सुझाएको छ । यस योजनाले पनि विद्यालय तहको शिक्षाका लागि संघीय तहमा रहेको पाठ्यक्रम विकास केन्द्रको नीतिगत व्यवस्थालाई कार्यान्वयन गराउन र स्थानीय स्तरका शिक्षाका क्षेत्राधिकारभित्र रहेर योजना र कार्यक्रम तयार गरी कार्यान्वयन र सहजीकरण गर्ने ध्येय लिएको छ ।यसरी हेर्दा पाठ्यक्रम एउटा शिक्षा प्रणालीलाई मार्ग दर्शन गर्ने आधार भएकोले मानवीय आवश्यकता, बालबालिकाका रुचि, सामाजिक मुल्य मान्यता र समाज तथा विश्वपरिवेशमा विकास भएका ज्ञान, सिप तथा प्रविधि अनुकुल पाठ्यक्रमलाई एउटा गतिशिल र लचिलो प्रक्रियाको रुपमा लिन आवश्यक छ भने यससँगै मूल्याङ्कन अपरिहार्य छ।

### ३.६.२ वर्तमान अवस्था

यस पालिका भित्र वर्तमान परिस्थितीमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुरुपा स्थानीय पाठ्यक्रम निर्माण भई कार्यन्वयन भइसकेको अवस्था छ। पाठ्यक्रममा गरिएको परिमार्जनले विगतमा प्रयोग गरिएको निरन्तर विद्यार्थी मुल्याङकन प्रणालीका समस्या तथा कठिनाइहरुको अनुभवका आधारमा मूल्याङ्कन साधनहरुलाई सहज र व्याहारिक बनाई नतिजालाई अक्षरांकन पद्धतिमा अभिलेखीकरण गर्ने प्रावधान रहेको छ ।

### ३.६.३ अवसर र चुनौतीहरु

नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि सरकोवाकारवालाको क्षमता विकास र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु, प्रमुख चुनौतिहरु तपसिल अनुसारका रहेका छन् ।

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक क्षमता विकास, विषयगत शिक्षकको व्यवस्था गर्नु ।
२. स्थानीय पाठ्यक्रम, पाठ्यसामाग्री निर्माण र कार्यान्वयनको व्यवस्थापन गर्नु ।
३. मूल्याङ्कन पद्धतिलाई जीवनउपयोगी सिपसँग जोडनु ।
४. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग गर्नु ।

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ को निर्माण, पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्रीको विकासमा प्रभावकारी भूमिका निर्वाह गर्नु आदि यससँग सम्बन्धित अवसरहरु हुन् ।

### ३.६.४ उद्देश्य

यस योजनाले पालिका भित्र पाठ्यक्रम र मूल्याङ्कन सम्बन्धी निम्न लिखित उद्देश्यहरु राखेको छः

क) पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, गुणस्तर प्राप्तिका लागि प्रभावकारी ढंगले कार्यान्वयन गर्नु,
ख) स्थानिय परिवेश बमोजिम तोकिएका तहमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्नु,
ग) सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,
घ) वेवसाइटहरुमा उपलब्ध सामाग्रीहरुमा विद्यालय, अभिभावक र विद्यार्थीहरुको पहुँच सुनिश्चित गर्नु,
ङ) पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक परिवेश अनुसार बालबालिकाहरुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,

### ३.६.५ रणनितिहरु

उल्लेखित उद्देश्यहरु हासिल गर्नका लागि निम्न रणनितिहरु अवलम्बन गरीनेछ।

१.पाठ्यक्रमलाई जीवन्त अनुभवमा आधारित सिपसँग जोडी कार्यान्वयन गरिनेछ।

२.पाठ्यक्रमलाई प्रविधिसँग सम्बन्धित गराई प्रविधिमैत्री सिपयुक्त सक्षम जनशक्ति तयार गरिनेछ।

३.पाठ्यक्रमको उद्देश्य प्राप्तिका लागि पालिका भित्रका बिद्यायलयहरुमा यसको मूल्याङ्कन र कार्यान्वनको पक्षको सुनिश्चित गरीनेछ ।

४.सिकाइलाई दैनिक जीवनसँग जोडन स्थानीय परिवेश र भौगिलिक अवस्था अनुकुलको विषयवस्तुलाई सिकाइ क्रियाकलापमा समावेश गरीनेछ ।

५.पालिका भित्रका आधारभूत र माध्यमिक विद्यालयहरुमा क्रमशः सञ्चार र प्रविधिको पहँचको सुनिश्चित गरिँदै लगिनेछ ।

६.स्थानीय परिवेश र भौगोलिक अवस्था अनुकुलको सिपमुलक तालिम शिक्षकहरुद्वारा विद्यालयमै संचालन गरीनेछ।

७.आधारभूत तथा माध्यमिक तहको परीक्षामा स्थानीय तहको प्रतिनिधिहरुलाई अनुगमन गर्ने वातावरण मिलाई परीक्षालाई थप सुधार गरीनेछ

८. सबै सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधिमा उचित प्रयोग गर्न सक्ने क्षमता विकास गरी कक्षागत वा तहगत रुपमा प्रविधिमा आधारित शिक्षक सिकाइलाई प्राथमिकता दिइनेछ ।

९.विद्यालय तहको परीक्षा तथा मूल्यांकन पद्धतिलाई क्रमश सुधार गर्दै लगिनेछ ।

### ३.६.६ उपलब्धि नतिजा, प्रमुख क्रियाकलाप

क) राष्ट्रिय र स्थानीय दुवै प्रकारका पाठ्यक्रमको प्रभाकारी कार्यान्वयनका लागि आवश्यक पर्ने संरचनागत तथा नीतिगत प्रबन्ध गरी कार्यान्वयनमा ल्याइनेछ ।

ख) सबै सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधिको प्रयोग गर्न सक्ने क्षमता विकास गरी कक्षागत वा तहगत रुपमा प्रविधिमा आधारित शिक्षक सिकाइलाई प्राथमिकता दिइनेछ ।

ग) स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि अनुगमन तथा पृष्ठपोषण कार्यलाई व्यवस्थित गरिनेछ ।

घ) विद्यालय तहको परीक्षा तथा मूल्यांकन पद्धतिलाई क्रमश सुधार गर्दै लगिनेछ ।

ङ) विद्यालय तहको आधारभूत तहको स्थानिय पाठ्यक्रमलाई समयानुकुल हुने गरी संशोधन गरिनेछ ।

### ३.६.७ मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण

| क्र. सं | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य पहिलो ५ बर्ष | | | | | भौतिक लक्ष्य दोस्रो ५ बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारुप कार्यन्वयन र अनुगमन | निरन्तर | | | | | | | |
| २ | एकिकृत पाठ्यक्रम प्रवोधिकरण तथा कार्यन्वयन र अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | पाठ्यक्रमको प्रवोधिकरण र कार्यन्वयनमा सुपरिवेक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | स्थानीय पाठ्यक्रम संशोधन तथा कार्यन्वयन र अनुगमन | पटक | १ | | | | | | |
| ६ | शिक्षा शाखामा पुस्तकालय स्थापना | पटक | | १ | | | | | |

## ३.७ निरन्तर शिक्षा, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र खुला विद्यालय शिक्षा

### ३.७.१ परिचय (Introduction)

औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर वा अलग रुपबाट खास उद्देश्य प्रासिका लागि तयार गरिएको शिक्षा अनौपचारिक शिक्षा हो। यो सिकाइ जीवन पद्धतिसँग जोडिएको छ । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका आवश्यक ज्ञान,सिप र प्रवृत्ति हासिल गर्नु अनौपचारिक शिक्षा हो । अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ ।

नेपालको संविधानले सुनिश्चत गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीति, २०७६ ले अवलम्बन गरेको सिद्धान्त दिगो विकासका लक्ष्य ४ तथा पन्ध्रौ आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक निरन्तर तथा जिवनपर्यन्त सिकाई र शिक्षा प्रणालीले योगदान गर्दछ ।अनौपचारिक तथा आजीवन सिकाइको पहुंचको विस्तारगरी गुणस्तर अभिवृद्धि गर्न संस्थागत क्षमताको विकास गर्नु आजको आवश्यकता रहेको छ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई साक्षर मुलुक बनाई अनौपचारिक बैकल्पिक परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु तथा औपचारिक विद्यँलय शिक्षाको समकक्षी बनाई जीवन पर्यन्त शिक्षामा लैजाने नीति लिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अभिभावक शिक्षा अनौपचारिक शिक्षा खुला तथा वैकल्पिक शिक्षा,निरन्तर शिक्षा सामुदायिक सिकाइ केन्द्र सम्बन्धि नीति कानुन मापदण्ड योजना तर्जुमा कार्यान्वयन अनुगमन, मुल्यांकन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ ।

**३.७.२ चुनौति तथा अवसरहरु**

१. खाँदबारी नगरपालिकामा बसोबास गर्ने सबै नागरिकलाई कार्यमुलक रुपमा साक्षर बनाउनु,
२. अनौपचारिक माध्यमबाट साक्षरता सीप प्राप्त गरेका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु,
३. अनौपचारिक शिक्षालाई सञ्चार प्रविधिसँग जोड्नु,
४. खुला तथा वैकल्पिक शिक्षामा पहुँच र निरन्तरता दिनु मुख्य चुनौति रहेका छन।
५. अनौपचारिक शिक्षाप्रति नागरिकको चासो तथा अभिरुचीको कमी हुनु,
६. सबै वडाहरुमा सामुदायिक सिकाइ केन्द्रहरु व्यवस्थापन गर्न नसक्नु,
७. अनौपचारिक शिक्षाको पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता व्यवहारिकता र स्रोत परिचालनमा कमी जस्ता कुरा पनि चुनौतिका रुपमा रहेका छन्।

वर्तमान सन्दर्भमा शिक्षाका अधिकारहरु संविधानत स्थानीय सरकार संचालन ऐन २०७४ द्वारा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, अभिभावक शिक्षा,विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्र सम्वन्धि नीति कानुन मापदण्ड स्थापना र सञ्चालन अनुगमन मूल्याङकन स्थानीय तहबाटै हुनुलाई अवसरका रुपमा लिन सकिन्छ ।कक्षा ८ उत्तीर्ण गरि बिचैमा विद्यालय छाडेकाहरुलाई माध्यमिक शिक्षा परीक्षाको अवसर प्रदान गर्नु, माध्यमिक शिक्षा सम्मको व्यवस्थापनको अधिकार स्थानीय तहमा दिनुका साथै शिक्षामा तीनै तहका सरकारको साझा अधिकार रहनु पनि अनौपचारिक तथा खुला शिक्षा विकासका लागि सुअवसर हो ।

**३.७. ३ लक्ष्य**

**अनौपचारिक शिक्षालाई साक्षरताको मुल आधारको रुपमा विकास गर्दै पूर्ण साक्षर नगरपालिका निर्माण गर्ने ।**

३.७. ४ उद्देश्यहरु

यस योजनाले अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ।

१. खाँदबारी नगरपालिकालाई पूर्ण साक्षर नगरपालिकाको रूपमा विकास गर्नु ।
२. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता सिकाइका अवसर सुनिश्चित गर्नु ।
३. शिक्षाको अवसरबाट बञ्चित वा बिचैमा पढाइ छाडेका निरक्षर सव्यक्तिहरु पहिचान गरी साक्षरता अभियानमा जीवनपर्यन्त शिक्षा खुला शिक्षा बैकल्पिक शिक्षामार्फत औपचारिक शिक्षा सरहको शिक्षा प्रदान गर्नु ।
४. स्थानीय तहले अनौपचारिक शिक्षा संचालन अनुगमन, निरीक्षण र कार्यान्वयन प्रक्रियालाई तीन तहका सरकारबीचको साझेदारी र समन्वयमा सञ्चालन गर्नु ।

### ३.७. ५ रणनीतिहरु

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ ।

१. खाँदबारी नगरपालिकालाई पूर्ण साक्षर नगरपालिकाको रुपमा स्थापित गर्न नगरपालिकाको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गरिनेछन् ।

२. अनौपचारिक, खुला र बैकल्पिक माध्यमबाट प्राप्त ज्ञान सीपलाई दैनिक जीवन र व्यवसायसँग आबद्ध गरी जीवनपर्यन्त सिकाइ सुनिश्चित गरिनेछ।

३. नगरपालिका भित्र निरक्षर व्यक्तिहरुको पहिचान गरि शिक्षाको पहुँच अभिवृद्धि गरिनेछ ।

४. मौलिक एवम् परम्परागत ज्ञान तथा सीपको पहिचान संरक्षण, प्रबर्धन, आधुनिकीकरण एवम् हस्तान्तरण सम्बन्धि कार्यक्रमहरू सञ्चालन गरिनेछ

५. नगरपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक सिकाइकेन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनसंरचना तथा पुनर्वितरण गरी स्थानीय आवश्यकता, माग र श्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा सामुदायिक सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गर्दै लगिनेछ।

६. संघीय र प्रदेश सरकारको समन्वयमा डिजिटल सिकाइ सामग्री विकास गरी निरन्तर शिक्षाका कक्षाहरु सञ्चालन गरिनेछ ।

७ विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा आजीवन सिकाइ र सिकाइ संस्कृतिको नगर अवधारणापत्र तयार गरिनेछ ।

८. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ एम सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलो (Lifelong Learning Hub) को रूपमा विकास गरिनेछ ।

९. जीवनपर्यन्त सिकाइलाई प्रभाबकारी बनाउन नगरपालिकामा योजना, अनुगमन र कार्यान्वयन संयन्त्र बनाइनेछ।

१०. कक्षा ८ उत्तीर्ण भई विचैमा कक्षा छोड्नेहरुका लागि खुला विद्यालयमा भर्ना गरी सम्पर्क कक्षा मार्फत माध्यमिक शिक्षा परीक्षाका लागि तयार गरिनेछ ।

### ३.७. ६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

उपलब्धि

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने ।

**क) प्रमुख नतिजाहरू**

- पूर्ण साक्षर नगरपालिका घोषणा हुने तथा नवसाक्षरहरूका लागि आवश्यकतामा आधारित निरन्तर शिक्षाका कार्यक्रमहरुको प्रबन्ध हुने ।
- संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा सिकारुको आवश्यकता अनुसार आजीवन सिकाइका नमुना मोड्युल तथा सिकाइ सामग्रीहरू विकास र कार्यान्वयन हुने ।

- नगरपालिकामा सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरुको संस्थागत संयन्त्र एवम् सञ्चालन मापदण्ड तयार भई आजीवन सिकाइको केन्द्र (Lifelong Learning Hub) को रूपमा विकास हुने ।

### ३.७.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र.सं | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | बाँकी ५ वर्ष | |
| १ | तीनै सरकारवीच समन्वय गरी लागत अनुमान प्रारुप तयार गर्ने | पटक | १ | | | | | | |
| २ | नगरपालिकालाई पुर्ण साक्षर पालिका घोषणा गर्ने | पटक | | | | | | १ | |
| ३ | सामुदायिक सिकाई केन्द्रलाई आवश्यकताका आधारमा तथ्याङ्क संकलन | निरन्तर | | | | | | | |
| ४ | सरकार गैरसरकारी संस्था तथा नीजिक्षेत्र सग समन्वय गरी सहकार्य गर्ने | निरन्तर | | | | | | | |
| ५ | स्थानीय आवस्यकताका आधारमा कला संस्कृति तथा अतिरिक्त कार्यकलापको संचालन गर्ने | निरन्तर | | | | | | | |
| ६ | खुला विद्यालयलाई खुला शिक्षा दिन प्रोत्साहन गर्ने | निरन्तर | | | | | | | |

# परिच्छेद ४
# अन्तरसम्वन्धित विषय तथा क्षेत्रहरु

## ४.१ समता र समावेशिकरण

### ४.१.१ परिचय (Introduction)

हाम्रो देश सामाजिक साँस्कृतिक रुपमा विविधता भएको मुलुक हो । यहाँ बहुभाषिक, बहुसंस्कृतिक र बहुजातजाति समुदायको बसोबास रहेको छ। विविधता भएको हाम्रो समाजमा शारीरिक रुपमा, मानसिक रुपमा, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक आधारमा, वातावरण भूगोल, रुचि तथा अवसर प्राप्तीका आधारमा वैयक्तिक भिन्नता भएकाहरुलाई उचित सहभागिता गराँउदै शिक्षामा विविधता, समता र समावेशिताको प्रवर्धन गर्नु आवश्यकता छ ।

समावेशी शिक्षा सामान्य रुपमा विद्यालयमा आइरहेका वा सेवाक्षेत्रबाट आइरहेका तथा सेवाक्षेत्रमै गएर सेवा दिनुपर्ने सबैका लागि अनुकुल हुने शिक्षा पद्धति भन्ने धारणामा आधारित हुन्छ। समावेशी शिक्षा भनेको जुनसुकै सामाजिक, आर्थिक वा सक्षमताको अवस्थामा भएका हरेक बालक वा बालिकालाई स्वीकार गर्ने र स्वागत गर्ने अवस्था हो।समावेशी शिक्षामा प्रत्येक बालबालिकाहरुलाई विद्यालयमा स्थान दिनको लागि भौतिक र मनोवृत्तिगत दुबै किसिमको सहयोगको आवश्यकता पर्दछ । यो एउटा यस्तो अवस्था हो जहाँ बालबालिकाको उपस्थिति,सहभागिता र उनीहरुले सिक्नुपर्ने कुराहरूको प्रगतिहरु समेत समावेश हुन्छन् । नेपालले समावेशी शिक्षाको सुनिश्चितताका लागि गरेको प्रतिबद्धताका बाबजुद पनि हाल नेपालमा विशेष शिक्षा, एकीकृत शिक्षा र समावेशी शिक्षाका अवधारणाको बुझाइमा अन्यौलता देखिनुको साथै सबै बालबालिकाहरुको विद्यालयसम्मको पहुँच सम्बन्धी रणनीतिहरुमा पनि अन्यौलता देखिएको छ। सबै बालबालिकालाई शिक्षाको अवसर प्रदान गर्ने कुरामा नेपालले अहिले पनि धेरै चुनौतीहरु सामना गर्नुपरेको छ।

नेपालको संविधान २०७२ ले शिक्षालाई आधारभूत मानव अधिकारको रुपमा परिभाषित गर्दै आएको वर्तमान परिपेक्षमा सबै वर्ग, लिङ्ग, जातजाति, भौगोलिक क्षेत्र लगायत विभिन्न शारीरिक तथा मानसिक क्षमता भएका,जोखिममा परेका व्यक्तिहरुको शिक्षामा सहज, समतामुलक पहुँचको सुनिश्चितता गर्नु राज्यको दायित्वको रुपमा स्वीकार गरी शिक्षा मौलिक अधिकारको रुपमा स्थापित गरेको छ ।

पन्ध्रौं योजना २०७६/७७- २०८०/८१ ले पनि आर्थिक, समाजिक, राजनैतिक र प्रशासनिक दृष्टिकोणले पछाडी परेका विभिन्न वर्गहरुका लागि सिप विकास तालिम, छात्रवृति, शिक्षा तथा सार्वजनिक क्षेत्रको रोजगारीमा आरक्षण, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा देखिएको अन्तरको अन्त्य सम्बन्धी कार्यक्रममहरु संचालन हुँदै आएको कुरा उल्लेख छ।

राष्ट्रिय शिक्षा नीति २०७६ले अपाङ्गता भएका बालबालिकाहरूलाई उपयुक्त शिक्षाको अवसर प्रदान गर्ने प्रतिबद्धता जाहेर गरेको छ ।यस नीतिले समावेशी शिक्षालाई अपाङ्गता भएका बालबालिकाहरु मात्र नभइ दलित, सिमान्तकृत वर्ग, सडक बालबालिकाहरु,जातीय एवम् भाषिक रुपले पछाडि पारिएकाहरु,सामाजिक तथा आर्थिक रुपमा शोषित वर्गहरु,बेचविखनमा परेका बालबालिकाहरु, मजदुरका छोराछोरीहरु, भावनात्मकरुपमा शोषणमा परेका बालबालिकाहरु, द्वन्द-पिडित बालबालिकाहरु, अनाथ बालबालिकाहरु र

दुर्गम तथा पिछडिएका क्षेत्रमा बसोबास गर्ने बालबालिकाहरु लगायत सबै किसिमका बालबालिकाहरुलाई मूलधारका विद्यालयहरुमा ल्याउन सक्ने एक साधन वा माध्यमको रुपमा परिकल्पना गरेको छ
समावेशी शिक्षा तथा समता सम्बन्धी संबैधानिक तथा नितिगत व्यवस्थालाई हेर्ने हो भने दिगो विकास लक्ष्य (२०१५-२०३०) लक्ष्य नं ४ मा पनि उल्लेख भएको छ ।

४.१.२ **बर्तमान अवस्था**

नेपालमा ३३ विषेश विद्यालय २३ एकीकृत विद्यालय र ३८० सामुदायिक स्रोत कक्षा विद्यालयहरु रहेको छ। यस क्षेत्रमा मुलत स्रोत कक्षा सञ्चालन भइरहेका विद्यालयहरुले अपाङ्गता भएका बालबालिकाहरुलाई विशेष प्रकारले शिक्षा दिइरहेको पाइन्छ। समावेशीकरण र समता सम्बन्धी विषयवस्तुलाई समेटी हाल यस पालिका अन्तरगत श्री महेन्द्र मा वि मानेमनज्याङ ले संचालन गरेको विशेष शिक्षा अन्तरगरको अपाङ्गता बालबालिकाका लागि दिइने शिक्षा उदाहरुणको रुपमा लिन सकिन्छ।केहि अभ्यासको रुपमा समावेशीकरण र समताको सुरुवात भएतापनि कार्यक्रमहरु कार्यान्वयन भएता पनि विद्यालय शिक्षामा समता र समावेशीतामा अपेक्षित उपलब्धि हुन सकेको छैन् । जसका लागि भुगोल, जनसंख्या, वस्ती आदिलाई समेटी विद्यालय बाहिर रहेका, बिचैमा विद्यालय छाडी तह पुरा नगर्ने, अपेक्षित शैक्षिक उपलब्धि प्राप्त गर्न नसकेकाहरुलाई सम्बोधन गरी समता र समावेशीता अभिवृद्धि गर्नु जरुरी हुन आउँछ ।

४.१.३ **चुनौति र अवसरहरु**

१.विद्यालयमा शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्नु,
२.विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरुलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग गर्ने प्रणालीको प्रभावकारी व्यवस्थापन गर्नु,
३.सबै प्रकारका अपांगता भएका बालबालिकाहरुका लागि विशेष शिक्षाको सुनिश्चितता गर्नु,
४.विद्यालयका पूर्वाधारहरुलाई छात्रामैत्री र अपांगमैत्री बालसंरचना बनाउनु,

बालबालिकाहरुलाई आधारभूत र माध्यमिक शिक्षामा निशुल्क तथा आर्थिक रुपले विपन्न,अपांग बालबालिकाहरुलाई उच्च शिक्षासम्म निशुल्क दिइने व्यवस्था, छात्रा र दलित एवम् सीमान्तकृत बालवालिकाहरुका लागि छात्रवृत्ति,पाठ्यपुस्तक वितरण, दिवा खाजा,आरक्षणको व्यवस्था लागू गरिनु लगाएका अवसरहरु यस क्षेत्रका सम्बन्धमा अवसरहरु रहेका छन् ।

४.१.४ **लक्ष्य**

सबै वर्गका बालबालिकाको शिक्षामा पहुँच विस्तार गरी सामावेशी शिक्षा प्रदान गर्ने ।

४.१.५ **उद्देश्य**

१. अपाङ्ता भएका, जोखिममा परेका, विपन्न वर्ग, द्वन्द्व प्रभावित भएका व्यक्तिहरुलाई शिक्षामा पहुँच पुऱ्याउनु,
२. लक्षित समूहका बालबालिकाहरुको सिकाइ उपलब्धि वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु,
३. समता एवम समावेशी शिक्षाका मुल्य मान्ता अनुकुल गुणस्तरीय सेवा प्रवाह गर्नु,

४.१.६ रणनितिहरु

शिक्षामा कमजोर वर्गको पहुँच र समावेशीकरणका उद्देश्य निम्न बमोजिम रणनीति उल्लेख गरेको छ

१. नगरपालिका क्षेत्रभित्र विद्यालय बाहिर रहेका आर्थिक रुपले विपन्न अपाङ्ग, असहाय र दलित लगाएत आर्थिक, सामाजिक तथा सांस्कृतिक कारणले पछि परेका व्यक्तिहरूलाई शिक्षाको अवसर सुनिश्चित गरिनेछ।
२. आरक्षण, सकारात्मक विभेद प्राथमिकता, प्रोत्साहन लगायतका उपायहरू अवलम्बन गरिनेछ ।
३. बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने अभियानलाई प्राथमिकतामा राखि सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरिनेछ ।
४. जोखिममा परेका, अपाङ्गता भएका बालबालिकाको पहिचान एवम् लेखाजोखा गरी उचित शैक्षिक अवसरको सिर्जना गरिनेछ ।
५. सबै किसिमका बालबालिकाको शिक्षामा समावेशीकरण गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।
६. विशेष समावेशी शिक्षाको पाठ्यक्रमको विकास गरी क्रमशः कार्यान्वयन गरिनेछ ।

४.१.७ **उपलब्धि, प्रमुख नतिजा, मुख्य क्रियाकलाप र लक्ष्य**

**क) उपलब्धि**

१. शिक्षामा समतामूलक पहुँच र गुणस्तरको सुनिश्चितता हुनेछ ।

**ख) प्रमुख नतिजा**

१. नगरपालिका क्षेत्रभित्र विद्यालय बाहिर रहेका आर्थिक रुपले विपन्न अपाङ्ग, असहाय र दलित बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने अभियान सञ्चालन हुने ।
२. विपन्न छात्रवृत्ति, अभिभावक शिक्षा र प्राथमिक उपचार जस्ता प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन हुने ।
३. महिला, दलित, जनजाति लोपोन्मुख समुदाय, अपाङ्गता भएका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, तथा सामाजिक तथा आर्थिक कारणले बञ्चित सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउने।
४. विद्यालयहरूमा अपाङ्ग मैत्री र लैङ्गिकमैत्री वातावरण सृजना हुने ।

४.१.८ **प्रमुख क्रियाकलापहरु**

| **क.स** | **प्रमुख क्रियाकलापहरु** | **इकाइ** | **भौतिक लक्ष्य** | | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | **बाँकी ५ वर्ष** | |
| १ | समावेशी शिक्षा नीति तर्जुमा गरी कार्यन्वयन गर्ने | निरन्तर | | | | | | | नगरपालिका |
| २ | विशेष विद्यालय संचालन तथा व्यवस्थापन गर्ने | निरन्तर | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | विशेष शिक्षा संचालन गर्ने विद्यालयलाई सहजिकरण गर्ने | निरन्तर | | | | | | | |
| ४ | विशेष तथा समावेशी शिक्षाको पाठ्यक्रम निर्माण गरी कार्यन्वयन गर्ने | निरन्तर | | | | | | | |
| ५ | विशेष शिक्षक दरबन्दिको व्यवस्थापन गर्ने | निरन्तर | | | | | | | |
| ६ | परामर्शदाता विज्ञ सेवा उपलब्ध गराउने | | | १ | | | | १ | |
| ७ | विशेष क्षमता भएकाहरुलाई भौतिक संरचना निर्माण तथा वातावरण तयार गर्ने | निरन्तर | | | | | | | |

### ४.२ दिवा खाजा

#### ४.२.१ परिचय

बालबालिकाको बद्धि र विकासका लागि खाना अनिवार्य तत्त्व हो । पोषणयुक्त खाना खाएमा मात्र स्वास्थ्य जीवनको सुरुवात हुन्छ । बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी यस्ता कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र अनुपस्थित हुने तथा बिचैमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ ।

विद्यालयमा आएका बालबालिकाहरुको पोषणयुक्त खाजा व्यवस्थापन गर्न प्रारमभिक बलविकास देखि कक्षा छ सम्म पढिरहेका विद्यार्थीहरुका लागि नेपाल सरकारले बजेटको व्यवस्था गरेको छ । विद्यालयले स्थानीय तहमा बजेट माग गरी विद्यार्थीहरुलाई खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने हुन्छ। पोषणयुक्त दिवा खाजाबाट बालबालिकाको शारीरिक र मानसिक विकासमा योगदान पुग्दछ ।
यसले विद्यालयका बालबालिकाहरुमा कुपोषण हटाउने र विद्यार्थीहरुको वृद्धि, विद्यालय भर्ना र उपस्थिति बढाई सिकाइ उपलब्धि गर्ने सुधार लक्ष लिएको छ।

#### ४.२.२ **वर्तमान अवस्था**

आर्थिक वर्ष २०७७/२०७८ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई प्रति विद्यार्थी रु १५ बराबरको खाजा खुवाउन थालिएकोमा सरकारले बजेट भाषन मार्फत शै स २०७९ देखि कक्षा ६ सम्म खुवाउने नीति ल्याएको थियो ।हाल कक्षा बाल-५ सम्मका विद्यार्थीलाई दिनको २० रुपैया दिने व्यवस्था गरेको छ ।

### ४.२.३ **अवसर र चुनौतिहरु**

यस क्षेत्रका मुख्य समस्या तथा चुनौतिहरुलाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ ।

१. खाजाको कार्यक्रमका लागि नेपाल सरकारबाट उपलब्ध हुने रकमबाट खाजा व्यवस्थापन गर्नु,
२. विद्यालयहरुले पोषणयुक्त खाजाका लागि स्थानीय स्तरमा पाउने सामग्री तथा विद्यालयमै पकाउने व्यवस्थाको वातावरण मिलाउनु ।

नेपालको संविधानले प्रत्यभुत गरेको शिक्षा, स्वास्थ्य खाद्य सम्बन्धी अधिकारहरु, राष्ट्रिय शिक्षा नीति २०७६ लागु हुनु, नेपाल सरकारले आर्थिक वर्ष २०७७/०७८ देखि सामुदायिक विद्यालयहरुमा वालकक्षा देखि कक्षा ५ सम्मका सबै बालबलिकाहरुलाई रु १५ का दरले खाजा व्यवस्थापनका लागि रकम उपलब्ध गरउनु अवसरहरु हुन ।

विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा दिवा खाजा लगाएतका कार्यक्रमले

विद्यालयमा पहुँच, भर्ना दरमा बृद्धि भइ शैक्षिक उपलब्धिहरूमा सुधार गरी विद्यार्थीको टिकाउ दर वढाउन सकिने अवसर समेत प्रदान गरेकोछ ।

### ४.२.४ **लक्ष्य**

विद्यालय उमेर समूहका सबै बबलबालिकाहरुलाई स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गरि विद्यालयमा टिकाउ सहित बालमैत्री वातावरणको पहुँच तथा सहभागिता र निरन्तरता सुनिश्चित गर्ने ।

### ४.२.५ **उद्देश्य**

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तको सुनिश्चितता गर्नु,
२. विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूका स्वास्थ्य पोषण र सरसफाइ सम्बन्धी व्यवहारलाई प्रोत्साहन गर्नु र सिकाइ उपलब्धिमा सुधार गर्नु,
३. बालबालिकाको पोषण,स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्न स्थानीय सरकार, सरोकारवालाहरु र अभिभावकहरुसँग समन्वय गर्नु,
४. विद्यालय उमेर समूहका बालबालिकाहरुको विद्यालय भर्ना दर वृद्धि गर्नु,
५. सामुदायिक विद्यालयमा विद्यार्थीहरुको आकर्षण बढाउनु,

### ४.२.६ **रणनिति**

यस योजनाका उद्देश्यहरु हासिल गर्न निम्न रणनितिहरु अवलम्बन गरीनेछ ।

१. नगरपालिका भित्रका विद्यालयहरुमा पोषणयुक्त दिवा खाजा मापदण्ड अनुरुप स्थानीय मापदण्ड र स्तर निर्धारण गरीनेछ ।
२. दिवा खाजा कार्यक्रमलाई विस्तार गर्दै आगामि दिनमा थप व्यवस्थित गरीने छ ।
३. विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सरसफाई सहितको हातधुने ठाउँ, स्च्छ खाने पानी र विद्यालय परिसर सरसफाई प्रबन्ध मिलाइनेछ ।
४. दिवा खाजाको लागि चाहिने खाद्य समाग्रीका लागि स्थानीय स्तरमा उत्पादित समाग्रीलाई प्राथमिकता दिन प्रोत्साहन गरीनेछ ।
५. मापदण्ड अनुसार विद्यालयहरुमा खाजा आपुर्ति भए नभएको अनुगमन गरीने छ ।

### ४.२.७ उपलब्धि नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क)उपलब्धि**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, बालमैत्री सिकाइ वातावरणमा पहुँच तथा सहभागिता हुने।

ख) **प्रमुख नतिजाहरु**

१. स्थानीय तह मार्फत विद्यलयमा दिवा खाजालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न सहयोग मिल्ने,
२. पौष्टिक तथा स्वस्थकर स्थानीय स्तरमा उत्पादित खाजाको व्यवस्थापनमा सहयोग मिल्ने,
३. दिवा खाजाको वितरण सम्बन्धमा स्थानीय तह मार्फत अनुगमन तथा सहजीकरणमा सहयोग हुने,
४. विद्यालयमा आवश्यक मात्रामा पिउने पानी, हात धुने साबुन र पर्याप्त पानीको व्यवस्थापन लगाएत स्वास्थ्यमामा टेवा पुग्ने,
५. विद्यालयहरुमा विद्यार्थी भर्ना दर बढ्ने, नियमितता हुने, सिकाइ उपलब्धिदरमा सुधार आउने,

### ४.२.८ प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण

| **क.सं** | **प्रमुख क्रियाकलापहरु** | **इकाइ** | **भौतिक लक्ष्य** | | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **बाँकी ५ वर्ष** | |
| १ | दिवाखाजा कार्यक्रम कार्यन्वयन पुस्तिका तयार गरि वितरण गर्ने | | | | | | | | तीनै तहका सरकार |
| २ | आधारभूत तह कक्षा बाल-५ का सबैलाई दिवा खाजा वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | दिवा खाजा रकम थप गर्ने | | | | | | | | |
| ४ | खाजा कार्यक्रम वितरण तथा सचेतता /अभिमुखिकरण गर्ने | | १ | १ | १ | १ | १ | ५ | |
| ५ | दिवा खाजा कार्यन्वयनमा प्रभावकारी अनुगमन तथा निरीक्षण गर्ने | निरन्तर | | | | | | | |

## ४.३ छात्रवृति

### ४.३.१ **परिचय**

सामुदायिक विद्यायलमा बालबालिकाहरुको विद्यालय शिक्षामा पहुँच तथा सहभागिता अभिवृद्धि गराउने उद्देश्यका साथ न्यून आय भएका परिवार, सुविधाविहिन तथा कठिन परिस्थितिमा रहेका, अपाङ्ग एवम् द्वन्द पिडित विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने गरिन्छ । यस्तो सहयोगले आर्थिक अभावका कारणले विद्यालयमा हुने विद्यार्थीको अनुपस्थिति र विद्यालय छाड्ने दर घटाउन सहयोग गर्दछ। नियमित छात्रवृत्ति वितरणका कारण विद्यालयमा नियमित उपस्थित भइ बालबालिकाको सिकाइमा सुधार साथै शिक्षाको गुणस्तर समेत सुधारमा योगदान पुग्दछ ।

नेपालको संविधान लगाएत अन्य विभिन्न नीति तथा कार्यक्रमहरुले शिक्षामा समतामूलक पहुँच अभिवृद्धि तथा समावेशी लागि विभिन्न लक्षित समुदायहरुलाई छात्रवृत्ति वितरणको प्रावधान गरेको छ । विद्यालय मार्फत विद्यार्थीलाई प्रदान गरीने यस्ता सहयोग विद्यार्थीको सिकाइ सहभागितासँग सम्बन्धित रही शिक्षाको गुणस्तर सुधार गर्नु नै हो।

सामुदायिक विद्यालयमा अध्ययन गर्ने कक्षा १० सम्मका सबैका विद्यार्थीले शुल्क तिर्न नपर्ने र पाठ्यपुस्तक निःशुल्क प्राप्त गर्ने व्यवस्था रहेको छ भने कक्षा छ सम्मका सबै विद्यार्थीका लागि विद्यालयमा दिवा खाजा लगाएत शिक्षामा सबैलाई पहुँच अभिबृद्धि गर्नर् उद्देश्यले छात्रवृत्ति प्रदान गर्नु उपयुक्त छ । यस किसिमको सहयोगले प्रत्यक्ष रूपमा विद्यार्थीलाई र अप्रत्यक्ष रूपमा सम्बन्धित परिवारलाई आर्थिक सुरक्षा प्रदान गर्दछ ।

### ४.३.२ **बर्तमान अवस्था**

नेपाल सरकारले विद्यालय तहका विद्यार्थीहरूका लागि विभिन्न किसिमका छात्रवृत्तिहरू प्रदान गरिरहेको छ । खाँदबारी नगरपालिकामा हाल विभिन्न किसिमका छात्रावृत्ति प्राप्त गर्ने विद्यार्थी सङ्ख्या विद्यालयगत रुपमा IEMIS बाट एकिन गरी दिने गरेको छ । यस नगरपालिकामा छात्रा छात्रवृत्ति कक्षा १ देखि ८ सम्म दलित छात्रवृत्ति कक्षा १ देखि ८ सम्मका बालबालिकाहरुले प्राप्त गरेको अवस्था छ । अपाङ्गता भएका विद्यार्थीकालागि छात्रावृत्ति श्री महेन्द्र मा वि मानेभन्ज्याङका १६ जना विद्यार्थीले मासिक ५००० का दरले बार्षिक ४० हजार हाल ५० हजार दिने व्यवस्था रहेको छ ।, सिमान्तकृत विद्यार्थी छात्रावृत्ति श्री मनकामना रत्न अम्विका मा वि तुम्लिनटार र श्री सिंहेश्वरी आ वि बोहोराटार ले प्रतिव्यक्ति ५०० दरले पाएका छन भने अपाङ्गताका लागि गैर आवासिय छात्रावृत्ति श्री लक्ष्मी आ वि गुवाबारी का एक जना विद्यार्थीले पाउदै आएका छन ।कक्षा ६ देखि १२ सम्मका विद्यार्थीहरुलाई विपन्न लक्षित छात्रवृत्ति दिने व्यवस्था समेत गरेको छ ।

### ४.३.३ **चुनौति र अवसरहरु**

धेरै विद्यार्थीले प्राप्त गर्ने छात्रा, दलित र लोपोन्मुख तथा सीमान्तकृत जनजाति छात्रवृत्तिको रकम ज्यादै न्यून हुनु, धेरैजसो छात्रवृत्तिहरू निश्चित आधार तथा आवश्यकतामा आधारित नभई सबैलाई प्रदान गरिनु, छात्रवृत्ति अक्षयकोष स्थापना गर्नु, छात्रवृत्ति वितरण र यसको उपयुक्तता तथा प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु मुख्य चुनौति रहेको छ ।

लक्षित समुदायहरू विशेषत गरिब सुविधाविहिन अपाङ्गता भएका तथा विभिन्न किसिमका कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई छात्रवृत्तिलगायत अतिरिक्त सहयोग गर्नु पर्ने कुरालाई नेपालको संविधान तथा विभिन्न नीति कार्यक्रमहरूले पनि आधार प्रदान गरेको छ । वर्तमान संघीय संरचना अनुरुप नेपालको संविधान, २०७२ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ ले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको जिम्मेवारीका साथै माध्यमिक शिक्षा सम्म अनिवार्य र निशुल्क शिक्षाको व्यवस्था समेत गरेको छ । यसको साथै विद्यार्थी प्रोत्साहनको व्यवस्थालाई झनै ठुलो अवसरको रुपमा लिन सकिन्छ । सिकाइप्रक्रियासँग प्रत्यक्ष रूपमा सम्बन्धित अन्य आवश्यकतालाई सम्बोधन गर्ने उद्देश्यले छात्रवृत्ति प्रदान गर्नु यस्तो सहयोगले विद्यार्थीलाई र सम्बन्धित परिवारलाई आर्थिक सुरक्षा प्रदान गर्दछ । विद्यार्थीलाई विद्यालय शिक्षामा ल्याउनु, सिकाई निरन्तरता टिकाइराख्नु अवसरको रुपमा रहेको छ ।

### ४.३.४ **लक्ष्य**

विद्यालय तहको शिक्षामा सबै वालवालिकाहरुको पहुँच र सहभागिता सुनिश्चित गर्ने ।

### ४.३.५ **उद्देश्य (Objectives)**

१. आर्थिक रूपले विपन्न, सुविधाविहिन,दलित, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालय शिक्षामा समतामुलक पहुँच तथा समावेशी बनाई सिकाइमा सहभागिता बढाउने।
२. सबै बालबालिकाका लागि सिकाइ सुनिश्चत गरी सिकाइ गुणस्तर वृद्धि गर्ने।
३. विद्यालय शिक्षामा विद्यार्थी टिकाउ दर वृद्धि गर्ने ।
४. सबै बालबालिकाका लागि सिकाइ सुनिश्चित गरी शैक्षिक गुणस्तर वृद्धि गर्ने।

### ४.३.६ **रणनीतिहरू (Strategies)**

१. छात्रवृत्तिका लागि मूलतः गरिबीलाई केन्द्रित गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने व्यवस्था मिलाइने छ ।
२. छात्रवृत्ति छनौटका लागि मुख्य आधार सहित एकमुष्ठ अनुदान रकम विद्यालयमा पठाईनेछ र सम्बन्धित विद्यालय र वि.व्य.स.लाई समेत जिम्मेवार वनाईनेछ ।
३. छात्रवृत्ति रकम पुनरावलोकन गरी उद्देश्यनुरुप पर्याप्त हुने गरी व्यवस्था गरीनेछ ।
४. स्थानीय तह एवम विद्यालय स्वयमले आवश्यक स्रोत व्यवस्था गरी थप विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान सक्नेछन ।

### ४.३.७ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि (Outcomes)**

विद्यालय तहको शिक्षामा सवैको पहुँच र सहभागिता सुनिश्चित गरी सिकाइ गुणस्तर वृद्धि गर्ने ।

**ख) प्रमुख नतिजाहरू (Key Results)**

१. आर्थिक रुपले विपन्न, कठिन परिस्थितिमा रहेका, सुविधाविहिन र अपाङ्गता भएका बालबालिकालाइ केन्द्रित गरी एकीकृत छात्रवृत्ति प्रणालीको विकास र कार्यान्यिन हुने ।
२. आवश्यकतामा आधारित भएर छात्रवृत्ति वितरण हुने ।
३. लक्षित समूह बालबालिकाहरु विद्यालयमा भर्ना हुने ।
४. लक्षित समुहका बालबालिकाहरु विद्यालयमा निरन्तर टिकाईराख्ने र सिकाइको गुणस्तर अभिबृद्धि हुने ।

### ४.३.८ प्रमुख क्रियाकलापहरु

| क.सं | प्रमुख क्रियाकलापहरु | इकाइ | १ | २ | ३ | ४ | ५ | बाँकी ५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | छात्रबृत्ति सहित उत्कृष्ट विद्यार्थी प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | विज्ञान शिक्षा ११-१२ प्रवर्द्धन गर्न विद्यालयसँग छात्रवृत्ति साझेदारी कार्यक्रम | | १ | १ | १ | १ | १ | ५ | |

## ४.४ आपतकालिन तथा संकटपूर्ण अवस्थामा शिक्षा

### ४.४.१ परिचय

कृत्रिम र प्राकृतिक कारणले हुन सक्ने असर जुनसुकै अवस्थामा पनि विद्यालय उमेर समुहका बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने कुरा सुनिश्चित हुनुपर्दछ । यस्तो अवस्थामा समेत बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चितता गर्दै सिकाइलाई निरन्तरता दिने सिकाइको वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई सकटपूर्ण अवस्थामा शिक्षा भनिन्छ । यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन साथै समग्र शिक्षा क्षेत्रलाई क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो ।

आपतकालीन तथा सकटपूर्ण अवस्थामा शिक्षाको आर्जन गर्न अधिकारको रुपमा अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, तथा प्रतिवद्धताहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ-आफ्नो नीति, कानुन तथा योजनाहरूमा आपतकालीन अवस्थाम शिक्षा लाई समावेश गर्ने गरेका छन्। नेपालमा पनि प्रकोप व्यवस्थापन तथा सङ्कटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकारलाई सुनिश्चित गर्न नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरिदै आएको छ ।नेपालमा २०७२ सालको विनासकारी भुकम्पका कारण विद्यालय भवनहरु नास भएसगै विद्यालमामा पठनपाठन वन्द भए त्यसैगरी विश्वमा कोभिड १९ को सङ्क्रमण भएका कारण नेपालमा शैक्षिक बर्ष २०७७ देखि विद्यालयमा माहामारीका कारण विद्यालयहरु बन्द भएपनि सिकाइका ढोकाहरु बन्द हुन हुदैन भन्ने अर्थमा सिकाइको रणनीतिलाइ मुल शैक्षिक नीतिमा समेटिनु आजको आवश्यकता छ। जङ्गलको नजिक रहेका विद्यालयहरुमा सुख्खा मौसममा आगजनी तथा डढेलो, वर्षायाममा बाढी पहिरो, भुईचालो जस्ता प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड १९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको सिकाइमा असर नपर्ने गरि सिकाइलाई सुनिश्चित गर्न बैकल्पिक सिकाइ आवस्यक छ ।२०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड १९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट सिर्जित ज्ञानको प्रयोग गरि यस योजनामा आगामी १० वर्षका लागि नीति तथा कार्यक्रम प्राथमिकता र कार्यान्वयन गर्न आवश्यक छ ।

यी सबैखाले समस्याहरुको समयमा बालबालिकाहरुको सिकाइ सूनिश्चित गराउन परिवेश अनुसार फरक फरक योजना बनाउनु पर्ने पनि देखिन्छ।

### ४.४.२ बर्तमान अवस्था

नेपालको संबिधानमा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निशुल्क माध्यमिक शिक्षा, आर्थिक रुपले विपन्न तथा दलित लाई उच्च शिक्षासम्म निशुल्क शिक्षाको व्यव्स्था गरीएको छ । अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५, शिक्षा नियमावली २०७७, बैकल्पिक सिकाइ निर्देशिका २०७७, विद्यालय शान्तिक्षेत्र निर्देशिका २०६८, बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ को व्यवस्था जस्ता संकटपूर्ण अवस्थामा सिकाइ संचालन गर्नमा नीतिगत अवस्था पर्याप्त रहेको छ । त्यसैगरी पन्ध्रौ योजनामा समेत निःशूल्क

शिक्षाको मापदण्डको बारेमा उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ मा पनि सुरक्षीत सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन तथा कार्यान्वयन गर्नुपर्ने कुरा उल्लेख गरेको छ । खाँदबारी नगरपालिकामा २०७२ सालको बिनासकारी भूकम्पले केहि विद्यालयहरुमा आंशिक तथा पूर्ण रुपमा क्षती पुगेकोमा पूनर्निर्माण प्राधिकरणबाट विद्यालयहरु निर्माण भईसकेका छन्। त्यसैगरी कोभिङ-१९ को प्रभावको अवस्थामा प्रभावकारी तथा सुरक्षीत शिक्षाको बैकल्पिक माध्यम प्रयोग गर्न नसक्दा विद्यालय तहका बालबालबालिकाहरु प्रत्यक्ष सिकाइबाट वञ्चित रहे।

### ४.४.३ लक्ष्य (Goal)

आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने ।

### ४.४.४ उद्देश्यहरू (Objectives)

यस पालिकाको विपदको अवस्थामा शिक्षाको उद्देश्य निम्न बमोजिम हुने छ।

- संकटको संभावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्व साबधानी र तयारीको वातावरण तयार गर्ने ।
- संभावित संकटको सामना गर्ने
- संकट समाधानका लागि भौतिक मानविय र आर्थिक स्रोतको तयारी गर्ने
- संकटको प्रतिकार्यको संवन्त्र र कार्यढाँचा तयार गर्ने

### ४.४.५ रणनीति

योजनाको उद्देश्यहरू हासिल गर्न निम्न अनुसारका रणनीतिहरु अबलम्बन गरीनेछ ।

- सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गरिनेछ ।
- संकट पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना र विद्यालयहरुले आ—आफ्ना विद्यालयको योजना तयार गरी लागू गर्ने प्रोत्साहन गरिनेछ।
- बिपद प्रतिरोधि भौतिक पूर्वाधारको निर्माण तथा पुनस्थापना गरीनेछ ।
- विद्यार्थी शिक्षक अभिभावक तथा अन्य सरोकारवालाहरुको तयारी, रोकथाम, प्रतिकार्य र पुनस्थापनाका लागि क्षमता विकास गरीनेछ ।
- गैरसरकारी क्षेत्र तथा विकास साझेदारहरूको सहभागिता र सहयोगसमेत परिचालन गरिनेछ ।

### ४.४.६ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results, Major)

#### क) उपलब्धि (Outcomes)

आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिचित हुने ।

**ख) प्रमुख नतिजा (Key result)**

१. प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी प्रतिकार्य तथा पुनर्उत्थानको योजना तथा क्षमता विकास हुने ।

२. भुकम्प प्रतिरोधि विद्यालय भवन निर्माण हुने

३. आपतकालिन शैक्षिक योजना स्वीकृती र कार्यान्वय हुने ।

**४.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य (Major activities and Target)**

| **क्र.सं** | **प्रमुख क्रियाकलापहरु** | **इकाइ** | **भौतिक लक्ष्य** | | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **६** | **बाँकी ५ वर्ष** | |
| १ | बैकल्पिक सिकाइ व्यवस्थापन कार्यक्रम | | निरन्तर | | | | | | स्थानीय तह |
| २ | विद्यार्थी मनोपरामर्श तालिम संचालन | | निरन्तर | | | | | | |
| ३ | विद्यालयमा विपत कोष निर्माण | | निरन्तर | | | | | | विद्यालय |
| ४ | सचेतता तथा स्वयमसेवक तालिम संचालन | | निरन्तर | | | | | | विद्यालय, स्थानीय तह |

## ४.५ विद्यालयको भौतिक पूर्वाधार विकास

### ४.५.१ परिचय

विद्यालयमा विद्यार्थी भर्ना हुनका लागि बालबालिकाले सुरक्षित महसुस गर्नु पर्दछ जसका लागि सुरक्षित विद्यालय हुनु आवश्यक छ । सुरक्षित विद्यालय हुनका लागि मापदण्ड अनुसारको कक्षाकोठा, खेल्ने खेलमैदान, चमेनागृह, शौचालय तथा

सफा खाने पानी जस्ता भौतिक संरचनाहरु हुनुपर्दछ । शिक्षा नियमावली २०५९ को अनुसुची २१ मा सुविधाजनक रुपमा पठनपाठनमा सहभागी हुनका लागि प्रारम्भिक बालविकास तथा आधारभूत तहलाई ०.७५ वर्ग मिटर र उच्च आधारभूत तथा माध्यमिक तहलाई १.०० वर्ग मिटर क्षेत्रफल प्रति विद्यार्थीका लागि आवश्यक पर्ने उल्लेख गरिएको छ ।कक्षाकोठाको उचाइ कम्तिमा ९ फिट हुनुपर्ने कुरा उल्लेख गरिएको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय,पानी, पुस्तकालय, बुक कर्नर, बालमैत्री शैक्षणिक बातावरण सुरक्षित कक्षाकोठा जस्ता भौतिक पुर्वाधार पुरा

गरि विद्यालय सेवाक्षेत्रको रुपमा विकास गर्ने नीति लिएको छ । मुलुक संघीयतामा गइसकेपछि राष्ट्रिय शिक्षा नीति अनुरुप यस नगरपालिकाले विद्यालयको सम्पूर्ण भौतिक पूर्वाधार विकासका लागि कार्यक्रमहरूलाई निरन्तरता दिइरहेको छ भने वि.स. २०७२ को भुकम्प पश्चात विपद जोखिममुक्त विद्यालयहरु निर्माण कार्य भएका छन ।

४.५.२ **वर्तमान अवस्था**

खाँदबारी नगरपालिकामा हाल ३३ सामुदायिक विद्यालय र १४ संस्थागत विद्यालय र ५ सामुदायिक अध्ययन केन्द्र सञ्चालित छन ।यस नगरपालिकामा एक नमुना विद्यालय रहेको छ । धेरै जसो सामुदायिक विद्यालयहरुमा पक्की भवन बनिसकेका छन भने केहि निर्माणको क्रममा रहेका छन्। प्रदेश सरकारको सहयोगमा ४ कोठे पक्की भवन, २ कोठेका साथै खानेपानी र शौचालय निर्माणको कार्य भएको छ केहि भवनहरु बन्ने क्रममा छन । कतिपय विद्यालयहरुमा व्यवस्थित शौचालय, प्रयोगशाला, खानेपानी जस्ता आधारभूत मापदण्डहरुको अभाव भने छ भने धेरै जसो विद्यालयहरुले सुविधा लिइरहेका छन ।

४.५.३ **अवसर र चुनौतीहरु**

भौतिक पुर्वाधार विकासमा निम्न चुनौतिहरु रहेका छन।

१. बालमैत्री कक्षाकोठा, शौचालय,खानेपानी, विज्ञान प्रयोगशाला आदिको प्रबन्ध मिलाउनु,
२. भौतिक पूर्वाधार विकासका लागि स्रोत व्यवस्थपन गर्नु,
३. पुर्वाधारहरुलाई अपाङ्गमैत्री र लैङ्गिकमैत्री तथा बालमैत्री बनाउनु,
४. विद्यालयको पुर्वाधारलाइ समयानुकुल प्रयोगशालाको रुपमा परिणत गर्नु,
५. विद्यालयमा मनोरञ्जनात्मक वातावरण सिर्जना गर्नु,
६. निर्माण भइसकेका संरचनाका लागि मर्मत सम्भार गर्नु,

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयमा बालमैत्री भौतिक तथा शैक्षिक पूर्वाधार विकास गर्ने नीति अवलम्बन गरेको छ । यसको साथै सार्वजनिक विद्यालयहरुको सञ्चालन र व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई जिम्मेवारी प्रदान गरेको छ । स्थानीय आवश्यकताका आधारमा पूर्वाधारको विकास गर्न स्थानीय तहबाटै सहयोग हुनु अवसरको रुपमा लिन सकिन्छ ।

४.५.४ **लक्ष्य:** बालमैत्री अपांगमैत्री र लैङगिकमैत्री पुर्वधार विकास गरि विद्यालय सेवाक्षेत्रको रुपमा विकास गर्ने ।

४.५.५ **उद्देश्य**

१. सुरक्षित पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा प्रदानमा सहयोग गर्नु,
२. विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्डको सहितको स्रोत पहिचान तथा व्यवस्थापन गर्नु,
३. विद्यालयमा पुर्वाधार विकास गर्न सरोकारवालाहरुको क्षमता विकास गर्नु,

### ४.५.६ रणनीतिहरु

१. विद्यार्थी संख्याका आधारमा पूर्वाधारको निर्माण तथा विकास गरिनेछ।

२. विद्यालय पूर्वाधारका विकासका लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरिनेछ।

३. पूर्वाधार विकासका लागि वार्षिक रुपमा योजना तथा कार्यक्रमहरु माग र

४. आवश्यकताका आधारमा वितरण गरिनेछ ।

५. बालमैत्री वातावरणमा शिक्षण सिकाइ सञ्चालन गर्न शैक्षिक सामाग्री निर्माणको कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

६. कक्षाकोठाहरुलाई प्रयोगशालाको रुपमा परिणत गर्न मापदण्ड अनुसारको आवश्यक सामाग्रीहरुको गर्न प्रोत्साहन गरिनेछ ।

### ४.५.७ उपलब्धि तथा नतिजाहरु

क) उपलब्धि

- सबै विद्यार्थीहरुलाई सुरक्षित र उपयुक्त भौतिक सुविधायुक्त विद्यालयमा अध्ययन गर्ने अवसर सुनिश्चित हुने ।

ख) नतिजा

१. पूर्वाधार विकासको आवश्यकता पहिचान र वितरणको मापदण्ड तयार हुने।

२. भौतिक पूर्वाधार विकासको लागि स्रोत व्यवस्थापन गर्ने।

३. विद्यालयहरुमा अपाङ्गमैत्री एवं लैङ्गिकमैत्री तथा बालमैत्री संरचनाको व्यवस्था गर्ने ।

४. आवस्यकता अनुसार कक्षाकोठाहरुमा शैक्षिक सामाग्री व्यवस्थापन हुने ।

५. विद्यालय भौतिक पुर्वाधार समय समयमा मर्मत तथा सम्भार गरिने ।

### ४.५.८ प्रमुख क्रियापलाप तथा लक्ष्य निर्धारण

| क.स | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | बाँकी ५ वर्ष | |
| १ | भौतिक पुर्वाधार विकास योजना निर्माण | पटक | आवश्यकता अनुसार | | | | | | |
| २ | संरचना निर्माणको क्रममा विज्ञ समुहद्वारा स्थलगत अनुगमन | | निरन्तर | | | | | | |
| ३ | पुर्वाधारको मर्मत तथा सम्भार | | आवश्यकता अनुसार | | | | | | |
| ४ | हामि बनाउछौ हाम्रो विद्यालय अभियान संचालन | निरन्तर | | | | | | | |
| ५ | बालमैत्री कक्षाकोठा व्यवस्थापन | निरन्तर | | | | | | | |
| ६ | हरित विद्यालय स्थापना कार्यक्रम | निरन्तर | | | | | | | |

## ४.६ शिक्षामा सूचना र प्रविधि

### ४.६.१ परिचय

विश्वमा सूचना र प्रविधिको विकासले अत्यन्तै फड्को मारेको छ। सुचना प्रविधिले विश्वलाइ एउटा कोठाभित्र कैद गर्न सफल भएको छ । यसले ज्ञानको बिस्फोटन गराएको छ। एउटा कोठाभित्र बसेर विश्वको सम्पुर्ण कुराहरु सजिलै प्राप्त गर्न सक्छन ।विश्वमा घटेका घटनाहरु क्षणभरमै जानकारी पाउन सक्छन । त्यसैले शिक्षामा सुचना तथा संचारप्रविधिको आमुल परिवर्तन आएको छ । शिक्षामा सूचना तथा प्रविधिको अत्यधिक प्रयोगले विभिन्न अवसर ल्याएको छ। गुणस्तरीय शिक्षा प्राप्तिका लागि सुचना तथा संचार प्रविधिको उच्चतम प्रयोग गर्नु आवश्यक छ । यसले शिक्षण सिकाइलाई प्रभावकारी बनाउन शैक्षिक गुणस्तरको अभिबृद्धि गर्नमा महत्वपूर्ण भूमिका खेल्दछ । कोभिड-१९ को महामारीले शिक्षामा सूचना तथा संचारको महत्वलाई अझै उजागर गरेको छ । कोभिड-१९ लगाएत महामारी, विपतका समयमा वैकल्पिक माध्यामबाट सिकाईलाई निरन्तरता प्रदान गर्न शिक्षामा सुचना तथा संचार प्रविधिको प्रयोग अत्यावश्यक छ ।

### ४.६.२ वर्तमान अवस्था

विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी कानुनी आधारहरु प्रशस्त छन। यस अन्तरगत नेपालको सूचना तथा प्रविधि नीति २०७२, डिजिटल नेपालको कार्यढाँचा २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजना २०१३/२०१७ समेतले शिक्षा क्षेत्रमा सूचना तथा संचार प्रविधिको स्थापना, संचालन, व्यवस्थापन, अनुगमन तथा मूल्यांकन गर्ने कुराको व्यवस्था गरेको छ। यस खाँदबारी नगरपालिकामा यस सम्वन्धि कुनै नीति वा कानुन बन्न सकेको छैन । यस पालिकाले विद्यालयमा सूचना तथा संचार क्षेत्रमा विभिन्न तालिम संचालन मार्फत ICTमा पहुँच भने पुर्याएको छ ।

शिक्षामा सुचना तथा संचार प्रविधिको प्रयोग सम्वन्धि कार्यक्रम समन्वय, कार्यन्वयन र सहजिकरण संघ, प्रदेश र स्थानीयतह मार्फत भइरहेको छ ।शैक्षिक संस्था प्रविधि पुऱ्याउन शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट विभिन्न कार्यक्रमहरु हुँदै आएका छन ।खाँदबारी नगरपालिकाले पनि शिक्षण सिकाई प्रक्रियामा सुचना तथा संचार प्रविधिको प्रयोग गर्न तथा दक्ष जनशक्ति तयार गर्न विभिन्न तालिम संचालन गरिरहेको छ ।

### ४.६.३ अवसर र चुनौति

१. सूचना तथा संचार प्रविधिको प्रयोगको लागि आवश्यक अन्य पूर्वाधारहरुको प्रभावकारी व्यवस्था गर्नु,
२. शिक्षकलाई स्वतस्फुर्त रुपमा सूचना प्रविधिको प्रयोगमा उत्प्रेरित गर्नु,

### ४.६.४उद्देश्यहरु

१. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र समय सान्दर्भिक बनाउन सूचना तथा संचार प्रविधिको प्रयोग विस्तार गर्नु,
२. सूचना तथा संचार प्रविधिको प्रयोगलाई समतामूलक ढंगले सबै लक्षित समूह सम्म विस्तार गर्नु,

३. शिक्षा सूचना तथा सञ्चार प्रविधि लाई शिक्षण सिकाई प्रक्रियाको अभिन्न अङ्गको रुपमा एकिकृत गरी प्रविधिमैत्री र नतिजामूलक बनाउनु,
४. शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउनु,

**४.६.५रणनीतिहरु**

१. सबै विद्यालयहरुमा सूचना तथा संचार प्रविधिका आधारभूत संरचनाहरु तथा उपकरणको भौतिक र प्राविधिक प्रबन्ध मिलाईनेछ ।
२. विद्यालयको शिक्षकलाई IT फोकल पर्सन तोकी सूचना प्रविधि सम्बन्धी क्षमता विकास गरिनेछ ।
३. अन्तर विद्यालय सँग समन्वय गरी शिक्षक सहायता तथा पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रणालीको प्रयोग गरीनेछ ।
४. शैक्षिक स्रोत सामग्रीहरुमा विद्यालय, शिक्षक एवम् विद्यार्थीको पहुँच पूऱ्याइनेछ ।
५. IEMIS को प्रयोगलाई थप विस्तार तथा व्यवस्थित गराईनेछ ।

**४.६.६ उपलब्धि नतिजा**

क) उपलब्धि

विद्यालयमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइ प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक हुने ।

**ख) नतिजा**

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधारको विकास भई सुचना तथा संचार प्रविधिको पहुँच हुने।
२. पालिकाका सम्पुर्ण विद्यालयका शिक्षक सुचना तथा संचार प्रविधिको प्रयोग गर्न सक्ने ।
३. सबै विद्यालयले IEMIS को प्रयोगलाई गरि समयानुकुल विद्यालयका तथ्याङ्क अध्यावधिक गर्न सक्ने ।

**ग) क्रियाकलाप**

१. सबै विद्यालयहरुमा शिक्षण सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग हुने ।
२. पालिका स्तरमा सूचना प्रविधिमा शिक्षक सहायता प्रणालीको विकास हुने ।

## ४.६.७ प्रमुख क्रियापलाप तथा लक्ष्य निर्धारण

| क्र.सं | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | बाँकी ५ वर्ष | |
| १ | विद्यालयमा ICT LAB स्थापना तथा विस्तार | ओटा | २ | २ | २ | २ | २ | ५ | |
| २ | विद्यालयमा इन्टरनेटको व्यवस्थापन | ओटा | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | |
| ३ | IEMIS software तालिम संचालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | शिक्षकको क्षमता विकास तालिम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | पुस्तकालय तथा इ-लाइब्रेरी स्थापना | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| ६ | सुचना तथा प्रविधिको पहँचका लागि अन्तरपालिका सँग समन्वय | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | |
| ७ | विद्यालयमा ई-हाजीरी व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |

## परिच्छेद ५

## सुशासन तथा व्यवस्थापन

शिक्षा क्षेत्रमा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहले सम्पादन गर्ने भनि तोकिएका २३ वटा अधिकार क्षेत्रको कार्यक्रम कार्यन्वयन नै सुशासन तथा संस्थागत व्यवस्थापन हो । कार्यलयमा नागरिक वडापत्रको स्थापना, स्तनपान कक्षा, अपाङगमैत्री संरचनाहरु बिचौलियाहरु निशेध जस्ता विषयहरु सुशासनका उदाहरण हुन । शिक्षा ऐनले विद्यालय व्यवस्थापन समितिलाई विद्यालय सञ्चालन तथा व्यवस्थापनको महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको भएतापनि संविधानले स्थानीय सरकारलाई प्रदान गरेका विस्तारित भूमिका र सक्रिय तथा सुदृढ नगर शिक्षा समितिको व्यवस्थाले विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य तथा उत्तरदायित्वको पुनःसंयोजन गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

संशोधित ऐनको व्यवस्थाले प्रधानाध्यापकलाई शिक्षकको कार्य सम्पादनको मूल्यांकन गर्ने तथा विद्यालयका समग्र शैक्षणिक पद्धतिको नेतृत्व प्रदान गर्ने विस्तारित र महत्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ भने विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ विद्यालयको आन्तरिक तथा दैनिक व्यवस्थापनको जिम्मेवारी निर्वाहमा केन्द्रीत हुनुपर्ने  व्यवस्था गरेको छ । यसैगरी नपगरपालिकाले खास गरी गुणस्तरीय शिक्षामा पहुँचको सुनिश्चितता, वित्तीय स्रोतको व्यवस्था लगायत प्रशासनिक र सञ्चालन सहयोगको जिम्मेवारी वहन गर्नुपर्ने भुमिका रहेका छन् ।बदलियो परिवेशअनुसार  शैक्षिक गतिविधि प्रभावकारी बनाई सुशासन कायम राख्न संघीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व किटान गरिएको छ। संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

### ५.१ संस्थागत क्षमता विकास

### ५.१.१.परिचय

कुनैपनि सँगठनमा रहेका जनशक्ति,समुदायहरुको क्षमता विकास, स्रोत तथा साधनहरुको पहिचान संकलन र प्रयोग, कार्य सम्पन्न गर्नका लागि आवश्यक ऐन तथा नियमहरुको निर्माण तथा प्रयोगबाट उत्कृष्ट सेवा प्रवाह गर्नु संस्थागत क्षमता विकास हो । संस्थालाइ प्रभावकारी ढङगबाट संन्चालन गर्न जनशक्तिहरुलाइ तालिम, अवसरहरु प्रदान गर्नु संस्थाको क्षमता विकास यसका अवयव हुन । नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्ने तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र सँगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ ।

### ५.१.२  वर्तमान अवस्था

शिक्षा युवा तथा खेलकुद शाखाका स्थानीय तहका प्रदेश र संघीय सरकारबाट प्राप्त भएका कार्यक्रमहरु कार्यन्वयनका लागि नगरसभा, कार्यपालिका, विषयगत समिति शिक्षा नियमावली युवा ऐन, नगर शिक्षा समिति सक्रिय छन । त्यसैगरी शाखामा ३ जना कर्मचारी उपलव्ध छन ।  कर्मचारीहरु नयाँ पदस्थापन भइ आउनेहरुले तालिम पाएका छैनन भने पुराना कर्मचारीहरु सरुवा भइ जाने हुदा तालिम प्राप्त जनशक्तिको अभाव छ।कर्मचारीहरुमा प्रशासनिक कार्यको चाप हुँदा विद्यालय अनुगमन तथा सुपरीवेक्षणको उपेक्षामा परेको छ।  प्रशासनिक कार्य र सुपरिवेक्षणको स्पष्ट कार्य जिम्मेवारी नहुँदा निरीक्षण तथा सुपरीवेक्षणमा चुनौति देखिन्छ। सबै विद्यालयहरुमा विद्यालयको सञ्चालन,  रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि

विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समिति रहेका छन् । ४५ विद्यालय तहमा विद्यालय व्यवस्थापन समिति गठन भएको छ भने ५ वटा सामुदायिक सिकाइकेन्द्रमा व्यवस्थापन समिति सक्रिय रहेको छ । विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको बैठक नियमति बसेको देखिन्छ । सबै विद्यालयहरुले सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण गर्ने गर्दछन् तरपनि उनिहरुलाइ संस्थाको क्षमता विकास गर्ने सीप सम्बन्धि तालिम प्रदान भएको छैन। कहिलेकाहि सञ्चालन गरिने एक दिने अभिमुखिकरण पर्याप्त छैन । धरै जसो विद्यालयहरुमा विद्युतिय हाजिरी, कम्प्युटर, प्रिन्टर लगाएतका अन्य विधुतिय उपकरणहरु उपलव्ध छन भने १३ वटा विद्यालयमा सिसिटिभि तथा वेवसाइटहरु सञ्चालित छन । समय समयमा तिर्नुपर्ने नविकरण सुल्क तिर्न नसक्दा तथा मर्मत संम्भार गर्न नसक्दा उपलव्ध गराइएका सामग्रीहरु पूर्ण उपयोगमा आउन सकेको छैन । विशेष गरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले नगरपालिकाले कार्यान्वयनमा ल्याएको शिक्षा ऐन तथा नियमावली अनुसारका शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासाहरू सरोकरवालाहरुबाट आइरहेका छन् ।त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ कार्यान्वयन पश्चात विभिन्न निकायहरुबीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ।

### ५.१.३ चुनौती

१. विद्यालयमा सुशासन कायम गर्नु,
२. प्रधानाध्यापकमा नेतृत्व सीप लगायत प्रशासनिक क्षमताको विकास गर्नु,
३. विद्यालय लेखा प्रणाली तथा लेखा अनुशासनलाई व्यवस्थित गर्नु,

### ५.१.४ लक्ष्य

संस्थागत क्षमता विकास गरी सुशासन कायम गर्ने ।

### ५.१.५ उद्देश्य

यस योजनामा संस्थागत क्षमता विकास गरी सुशासन कायम गर्न निम्नअनुसारका उद्देश्यहरु रहेका छन।
१. संस्थामा आवद्ध कर्मचारी तथा पदाधिकारीहरुको क्षमता विकास गर्नु,
२. ऐन, नियम तथा कानुनको निर्माण, प्रवोधिकरण तथा कार्यन्वयन गर्नु,
३. स्रोत र साधनको पहिचान, भण्डारण तथा व्यवस्थापन गर्नु,

### ५.१.६ रणनीति

१. संस्थागत कर्मचारीहरुलाई क्षमता विकासका तालिमहरु दिइनेछ ।
२. प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता गरी थप जिम्मेवारी बनाइनेछ ।
३. उपलब्ध स्रोत साधनलाइ समुहगत रुपमा सुचिकृत गरी आवश्यकता अनुसार वितरण तथा मर्मत गरिनेछ ।
४. नगरपालिकामा उत्कृष्ट काम गर्ने कुनै एउटा कर्मचारी,शिक्षक,प्रारम्भिक बाल विकास केन्द्र र सामुदायिक सिकाइ केन्द्रलाई पुरस्कृत गरिनेछ ।
५. नगरपालिकास्तरमा शिक्षा क्षेत्र हेर्ने निकायको पुनर्संरचना र क्षमता विकास गर्नु ।
६. संस्थागत विद्यालयहरुसँग समन्वय गरी संस्थागत विद्यालयका प्रधानाध्यापक तथा कर्मचारीको क्षमता विकास गर्नमा सहजीकरण गरिनेछ ।

### ५.१.७ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

क)**उपलब्धि**

१. सवै कार्यलय तथा विद्यालयमा सुशासन कायम भइ जनउत्तरदायी प्रणालीको विकास हुनेछ ।

२. सार्वजनिक सम्पतिको संरक्षण, सदुपयोग तथा मितव्ययिता कायम हुनेछ ।

**ख) प्रमुख नतिजा**

१. कार्यलयमा भएका सवै जिन्सी सामग्रीहरुको अभिलेख अध्यावधिक तथा आवश्यकता र औचित्यका आधारमा प्रयोग तथा वितरण हुनेछ ।
२. सबै प्रकारका विद्यालयहरुको संस्थागत विकास भएको हुनेछ ।
३. प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता विकास हुनेछ।
४. विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको कार्यजिम्मेवारी तोकिएको हुनेछ ।
५. विद्यालयको बार्षिक रुपमा कार्यसम्पादन परीक्षण हुनेछ ।
६. संस्थागत विद्यालयको वर्गीकरण र स्तरीकरण हुनेछ ।

### ५.१.८ प्रमुख क्रियाकलाप तथा लक्ष्य निर्धारण

| क.सं | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | बाँकी ५ वर्ष | |
| १ | आवश्यक कानुन तथा मापदण्ड निर्माण | पटक | | | १ | | | १ | |
| २ | प्र अ व्यवस्थापन तालिम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | वि व्य स तथा अभिभावक संघ तालिम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | कर्मचारी क्षमता सम्वन्धि तालिम | पटक | १ | १ | १ | १ | १ | ४ | |
| ५ | सामाजिक परीक्षण तथा कार्यसम्पादन परीक्षण | निरन्तर | | | | | | | |
| ६ | करार सम्झौता | पटक | निरन्तर | | | | | | |
| ७ | गुनासो संकलन/पेटिका | निरन्तर | | | | | | | |
| ८ | जिन्सी तथा लेखा व्यवस्थापन तालिम | निरन्तर | | | | | | | |

## परिच्छेद ६
## लगानी र स्रोत व्यवस्थापन

### ६.१ परिचय

आर्थिक तथा सामाजिक विकास गर्न शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ ।जति लगानी र लगानीको सदुपयोग गरिन्छ उपलब्धि पनि त्यतिकै हुन्छ । भविष्यका लागि गुणस्तरीय मानव संसाधनको विकास गर्न शिक्षामा लगानी गरिन्छ । बिना मुल्यका र न्युनतम मुल्यका लगानीबाट सञ्चालन गर्न सकिने आयोजनाहरुलाइ उच्च प्राथमिकता दिइ कार्यक्रम सञ्चालन गरिनेछ । यस योजनामा उल्लेखित सवै किसिमका कार्यक्रमका लागि आवश्यक पर्ने बजेट संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार बाट बिनियोजित बजेट र शिक्षा क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी संस्थासँगको साझेदारीमा प्राप्त हुनेछ ।

संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ प्रदेश र स्थानीय तहका साथै समुदाय र निजीक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ नेपालकोसंविधानले शिक्षालाई मौलिक हकको रूपमा लिई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क एवम् माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । उक्त मौलिक हक कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ जारी भएको छ भने उक्त ऐन कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली २०७७ पनि स्वीकृत गरेको छ । संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि आवश्यक स्रोतको खोजी प्राथमिकीकरण स्रोतको उचित विनियोजन प्रभावकारी कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ ।
नेपालको संविधानमा वित्तीय व्यवस्थापन सम्बन्धमा सशर्त अनुदान समानीकरण अनुदान समपूरक अनुदान विशेष अनुदान र आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा उल्लेख गरेको पाइन्छ । आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा स्थानीय र प्रदेश तहबाट हाल अभ्यास भएको देखिदैन ।

### ६.२ बर्तमान अवस्था

शिक्षामा सरकारको लगानी २० प्रतिशत हुनुपर्छ भन्ने मान्यता विश्वव्यापि रुपमा रहेपनि नेपालमा हाल १०.५ प्रतिशत हाराहारीमा बजेट छुट्याइएको छ । केहि स्थानीय तहले शिक्षामा महत्व दिएर बजेट छुट्याएका छन भने खाँदबारी नगरपालिकाले आवश्यक रुपमा बजेट छुट्याएकोत छ तर त्यतिले शिक्षामा बजेट अप्रयाप्तनै छ ।
नगरपालिकाले शिक्षा क्षेत्रमा विनियोजन गरेको बजेट मध्ये स्वयम् सेवक शिक्षक, बालविकासका सहजकर्ताको पारिश्रमिकमा खर्च हुने गरेको छ । नगरपालिकाको समग्र शैक्षिक गुणस्तरमा अपेक्षा गरेबमोजिम लगानी गर्न सकिएको अवस्था देखिदैन ।लक्षित समुहमा शिक्षाको पहुँच पुऱ्याउन, आर्थिक रुपमा विपन्न समुदायिक बालबालिकालाई विद्यालयमा निरन्तरता दिन पनि शिक्षामा पर्याप्त बजेटको व्यवस्था गर्नु आवस्यक छ ।

## ६.३ चुनौती तथा अवसरहरु (Challenges and Opportunities)

१. विद्यालय शिक्षा क्षेत्रमा लगानी अभिबृद्धि तथा दिगो स्रोत व्यवस्थापन गर्नु,
२. संघ, प्रदेश र स्थानीय तीनै तह बिचको शिक्षाको लगानी मापदण्ड निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउनु
३. शिक्षामा लगानी गर्न उचित संवैधानिक मार्गदर्शन बनाउनु
४. आधुनिक सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण गर्नु
५. लगानी तथा स्रोत व्यवस्थापन गर्न शिक्षामा समता तथा समावेशीता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, अपाङ्गता भएका बालबालिकाहरूको पहुँच सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्न जस्ता विषयहरु चुनौतिको रुपमा रहेका छन् ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि स्रोतको आँकलन तथा व्यवस्थापन गरी तीनै तहको समन्वयमा सरकारवाट गुणस्तरीय शिक्षा प्राप्तिको लागि लगानी बढाउने अवसर समेत छ ।

## ६.४ लक्ष्य (Goal)

विद्यालय शिक्षाको पहुँचका लागि शिक्षामा लगानीको सुनिश्चतता गराउने ।

## ६.५ उद्देश्य

यस योजनामा लगानी र स्रोत व्यवस्थापन गर्न निम्नअनुसारका उद्देश्यहरु रहेका छन।

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,
२. विद्यालय शिक्षासम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,
४. खर्चको प्रक्रिया र तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु,

## ६.६ रणनीतिहरू (Strategies)

१.विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरूबीचको लागत साझेदारीमा हुनेछ ।
२.शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न नगरपालिकाको आन्तरिक संयन्त्रलाई जवाफदेही हुने पद्धति विकास गरिनेछ ।
३.तिनै तहका सरकारबाट कुल बजेटको वार्षिक रूपमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा छुट्याउने अपेक्षा गरिएकोछ ।
४.निश्चित मापदण्डका आधारमा सेवामूलक व्यवसायका रूपमा रहने गरी शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिनेछ ।
५.मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिनेछ ।
६.विद्यालयको वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइनेछ ।
७.शिक्षा क्षेत्रका कार्यक्रमहरुलाई क्रमशः पूरा गर्नका लागि बार्षिक रुपमा बजेट विनियोजन गरिनेछ ।

**६.७ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान (Proposed Programme and Budget Prediction )**

विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रमअनुसार बजेट अनुमान गरिएको छ । बजेट अनुमान गर्दा सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चिततासहित गुणस्तरीय शिक्षामा विशेष ध्यान दिइएको छ । नगरपालिकाले विद्यालय क्षेत्रको १० बर्षे शिक्षा योजना निर्माण गर्न अनुमानित बजेट तयार पारीएको छ । यसका लागि अनिवार्य तथा निशुल्क शिक्षाको सुनिश्चित गरी गुणस्तर कायम गर्न आधारभूत तहमा न्युनतम मापदण्ड तथा माध्यामिक तहमा सबै मापदण्ड तयार गरी पुरा गर्ने प्रस्तावित बजेट अगाडि सारेको छ ।

बजेट कार्यन्वयन लाई निरन्तरता निम्न कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१. विद्यार्थी भर्ना कार्यक्रम संचालन गरिनेछ ।
२. सीपयूक्त प्राविधिक शिक्षा संचालन गरिनेछ ।
३. शैक्षिक क्यालेण्डर निर्माण गरिनेछ ।
४. नियमित प्र अ बैठक संचालन गरिनेछ ।
५. वि व्य स तथा शि अ सं को क्षमता विकास तालिम गरिनेछ ।
६. उत्कृष्ठ शिक्षक तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम गरिनेछ ।
७. प्रतिभा पहिचान कार्यक्रम गरिनेछ ।
८. शिक्षकहरुको क्षमता विकास तालिम गरिनेछ ।

विद्यालय शिक्षा क्षेत्रको प्रस्तावित बजेट

| क स | शिर्षक वा क्षेत्र वा क्रियाकलाप | अनुमानित कुल आवश्यक बजेट | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २२०८६/०८ ७ | २०८७/०८८ | २०८८/०८९ | संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरका | संस्था | जनसहभागिता | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | | | | | | | | | 0 | | | | |
| २ | आधारभुत शिक्षा | | | | | | | | | | | | | |
| ३ | माध्यामिक शिक्षा | | | | | | | | | | | | | |
| ४ | पाठ्यक्रम र मूल्याङकन | | | | | | | | | | | | | |
| ५ | शिक्षक व्यवस्थापन | | | | | | | | | | | | | |
| ६ | अनौपचारिक शिक्षा | | | | | | | | | | | | | |
| ७ | दिवा खाजा | | | | | | | | | | | | | |
| ८ | आपतकालिन अवस्थामा शिक्षा | | | | | | | | | | | | | |
| ९ | छात्रावृत्ति | | | | | | | | | | | | | |
| १० | भौतिक पुर्वाधार | | | | | | | | | | | | | |
| ११ | सुचना प्रविधि | | | | | | | | | | | | | |
| १२ | सुशासन | | | | | | | | | | | | | |
| १३ | अनुगमन मूल्याङकन | | | | | | | | | | | | | |
| १४ | समावेशी र समता | | | | | | | | | | | | | |
| | कुल बजेट रु | | | | | | | | | | | | | |

## परिच्छेद ७

## कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण

### ७.१ परिचय

शिक्षा कार्यक्रम कार्यान्वयन स्थानीय तहले वार्षिक स्वीकृत कार्यक्रम अनुरूप कार्यान्वन गर्नेछ । प्रत्येक विद्यालय र स्थानीय तहले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम सञ्चालन गर्नेछन् । कार्यक्रम सञ्चालनका लागि बजेट र आवश्यक प्रबन्ध शिक्षा शाखाले गर्नेछ ।

### ७.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरूमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको छ । खास गरी शिक्षा शाखाबाट अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको र जनप्रतिनिधिहरूबाट पनि समयसमयमा अनुगमन गरिएको छ । विद्यालयहरूमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरिएको छ । कहिलेकाहीँ गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको प्रभावकारी कार्यान्वयन गर्ने परिपाटी छैन । प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचालनमा समस्या छ । सफलता, सिकाइ र राम्रा अभ्यासहरूको दस्तावेजीकरण र प्रचारप्रसारको पनि खाँचो रहेको छ ।

ऐन, नियमअनुसार कार्य भए/नभएको लेखाजोखा गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङकन गर्ने कार्यहरू नियमित रूपमा भइरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय, व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन, लेखाजोखा तथा मूल्याङकन गरिने छ ।

नगर शिक्षा योजनाको प्रचारप्रसार गर्न सरोकारवालाहरूलाई भेला गराइने छ । सूचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइने छ । योजनाको कार्यान्वयनका क्रममा आवश्यक सहयोग तथा सहकार्यका लागि नगरपालिका तथा सम्बन्धित वडाहरूले यस योजनासँग सम्बन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनका क्रममा नगरपालिका, वडाहरू, सम्बन्धित समिति तथा उपसमितिहरूको बैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

| क्र.स. | अनुगमन गर्ने निकाय | अनुगमन प्रक्रिया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन, निरीक्षण, सुपरीवेक्षण, प्रतिवेदन | संयोजक | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, |
| २ | नगर शिक्षा समिति | | संयोजक | त्रैमासिक | |
| ३ | विज्ञसहितको विद्यालय सुपरीवेक्षण | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | प्रमुख तथा पदाधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय इकाइ | | इकाइ प्रमुख | वार्षिक | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| ७ | शिक्षा अधिकृत | | | मासिक | |
| ८ | विद्यालय सुपरीवेक्षक | | | मासिक | |
| ९ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | | | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | नागरिक समाज तथा गैरसरकारी सङ्घसंस्था | | | मासिक | |
| १२ | विद्यालय व्यवस्थापन समिति | | | नियमित | |

## ७.३ उद्देश्यहरू

क) वार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,

ख) एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार गर्नु,

ग) नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु ।

## ७.४ रणनीतिहरू

क) एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गर्ने ।

ख) अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गर्ने ।

ग) शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्ने ।

घ) राष्ट्रिय सूचकका अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आबद्ध गर्ने ।

ङ) योजनाका लागत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गर्ने ।

च) परिणाममा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गर्ने ।

छ) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गर्ने ।

ज) कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने ।

झ) सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गर्ने ।

ञ) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गर्ने ।

ट) शिक्षक मेन्टरिङ कार्यक्रमलाई बिस्तार एवम् निरन्तरता दिने ।

ठ) पुरस्कार र दण्ड प्रणालीको विकास गर्ने ।

## ७.५ उपलब्धि, प्रमुख नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्यहरू

### क) उपलब्धि

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ ।

**ख) प्रमुख क्रियाकलाप र लक्ष्यहरू**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | **जम्मा** | | |
| १ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | | | | १ | २ | | |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अद्यावधिक | पटक | १ | | | | | १ | | |
| ३ | अनुगमन, समीक्षा र प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ४ | अनुगमन सम्बन्धी क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | | प्र.अ. बैठकमा राख्ने |
| ६ | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ७ | अध्ययन तथा अनुसन्धान | पटक | | १ | | | १ | २ | | |

| बजेट अनुमान | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक वालविकास र शिक्षा | | | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु हजारमा | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| क. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३ | | | | | २०८४ | | | | | २०८५ | | | | | २०८६ | | | | | २०८७ | | | | | |
| | | | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | कुल जम्मा |
| १ | भर्ना अभियान संचालन | पटक | | | ५०. | | ५०. | | | ५०. | | ५०. | | | ५०. | | ५०. | | | ७५. | | ७५. | | | ७५. | | ७५. | ३००. |
| २ | अभिभावक सचेतता कार्यक्रम संचालन | पटक | | | १००. | | १००. | | | १००. | | १००. | | | १५०. | | १५०. | | | १५०. | | १५०. | | | २००. | | २००. | ७००. |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | ३८.४ | | ५०. | | ८८.४ | ३८.४ | | ५०. | | ८८.४ | ३८.४ | | ६०. | | ९८.४ | ३८.४ | | ६५. | | १०३.४ | ३८.४ | | ७५. | | ११३.४ | ४९२. |
| ४ | बालशिक्षक तथा कर्मचारी योग्यता, छनौटको मापदण्ड पाठ्यक्रम मापदण्ड निर्माण | पटक | | | १००. | | १००. | | | | | ०. | | | | | ०. | | | | | ०. | | | | | ०. | १००. |
| ५ | बालविकास शिक्षकको तालिम संचालन | पटक | | | २५०. | | २५०. | | | २५०. | | २५०. | | | २००. | १००. | ३००. | | | २००. | १००. | ३००. | | | २००. | १००. | ३००. | १४००. |
| ६ | बाल पुस्तक व्यवस्थापन | पटक | ४६०. | | | | ४६०. | ४६०. | | | | ४६०. | ४६०. | | | | ४६०. | ४६०. | | | | ४६०. | ४६०. | | | | ४६०. | २३००. |
| ७ | बालविकास केन्द्रको स्थापना/पुनर्संरचना गर्ने | निरन्तर | | | ५०. | | ५०. | | | ५०. | | ५०. | | | ५०. | | ५०. | | | १००. | | १००. | | | १००. | | १००. | ३५०. |
| ८ | भौतिक सुविधा विस्तार तथा सिकाइ सामग्री व्यवस्थापन | प्रत्येक वर्ष | | | २००. | | २००. | | | २००. | | २००. | | | २००. | | २००. | | | २००. | | २००. | | | २००. | | २००. | १०००. |
| ९ | बालशिक्षक सेवा सुविधा तथा प्रोत्साहन | वटा | ६३०८. | | ५८३०. | | १२१३८. | ६३०८. | | ५८३०. | | १२१३८. | ६५००. | ६०००. | | | १२५००. | ६५००. | | ६०००. | | १२५००. | ६५००. | | ६०००. | | १२५००. | ६१७७६. |
| | | | ६८०६.४ | ०. | ६६३०. | ०. | १३४३६.४ | ६८०६.४ | ०. | ६५३०. | ०. | १३३३६.४ | ६९९८.४ | ६०००. | ७१०. | १००. | १३८०८.४ | ६९९८.४ | ०. | ६७९०. | १००. | १३८८८.४ | ६९९८.४ | ०. | ६८५०. | १००. | १३९४८.४ | ६८४१८. |

## बजेट अनुमान

| आधारभूत शिक्षा | | | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु हजारमा | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३ | | | | | २०८४ | | | | | २०८५ | | | | | २०८६ | | | | | २०८७ | | | | | |
| | | | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | कुल जम्मा |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ३८.४ | | ५०. | | ८८.४ | ३८.४ | | ५०. | | ८८.४ | ३८.४ | | ६०. | | ९८.४ | ३८.४ | | ६५. | | १०३.४ | ३८.४ | | ७५. | | ११३.४ | ४९२. |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन दरबन्दी मिलान | पटक | | | १००. | | १००. | | | १००. | | १००. | | | १००. | | १००. | | | १००. | | १००. | | | १००. | | १००. | ५००. |
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | पटक | | | ५०. | | ५०. | | | ५०. | | ५०. | | | ५०. | | ५०. | | | ७५. | | ७५. | | | ७५. | | ७५. | ३००. |
| ४ | आधारभूत तहका बालबालिकाहरूका लागि पठनसामग्री व्यवस्था | पटक | ४००. | | | | ४००. | ४००. | | | | ४००. | ४००. | | | | ४००. | ४००. | | | | ४००. | ४००. | | | | ४००. | २०००. |
| ५ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | पटक | | | ५००. | | ५००. | | | ५००. | | ५००. | | | ५००. | | ५००. | | | ७००. | | ७००. | | | १०००. | | १०००. | ३२००. |
| ६ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | २८०. | | ६००. | | ८८०. | २८०. | | ६००. | | ८८०. | ३००. | | ७००. | | १०००. | ३००. | | ७००. | | १०००. | ३००. | | ७५०. | | १०५०. | ४८१०. |
| ७ | शिक्षक क्षमता विकास (कस्टमाइज्ड तालिम) | पटक | १५०. | | १००. | | २५०. | १५०. | | १००. | | २५०. | १५०. | | १००. | | २५०. | १५०. | | १५०. | | ३००. | १५०. | | १५०. | | ३००. | १३५०. |
| ८ | विद्यालय उत्थानशीलता योजना निर्माण तथा कार्यान्वयन | वटा | | | १००. | | १००. | | | १२०. | | १२०. | | | १५०. | | १५०. | | | १७५. | | १७५. | | | २००. | | २००. | ७४५. |
| ९ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | | २०००. | | १००. | | २१००. | २०००. | | १००. | | २१००. | २०००. | | १००. | | २१००. | २०००. | | १००. | | २१००. | २०००. | | १००. | | २१००. | १०५००. |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | | १२६००. | | | | १२६००. | १२६००. | | | | १२६००. | १२६००. | | | | १२६००. | १२७००. | | | | १२७००. | १२७००. | | | | १२७००. | ६३२००. |
| ११ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | | ३००. | | | | ३००. | | | | | ०. | ३००. | | | | ३००. | ४००. | | | | ४००. | ४००. | | | | ४००. | १४००. |
| १२ | पाठ्यपुस्तक व्यवस्था | | ३५००. | | | | ३५००. | ३५००. | | | | १०५००. | ३६००. | | | | ३६००. | ३६००. | | | | ३६००. | ३७००. | | | | ३७००. | २४९००. |
| १३ | विपन्नका लागि छात्रवृत्ति | | २००. | | | | २००. | ३००. | | | | | ५००. | | | | ५००. | ६००. | | | | ६००. | ७००. | | | | ७००. | २०००. |
| १४ | अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने | | | | १००. | | १००. | | | १००. | | | | | १५०. | | १५०. | | | १५०. | | १५०. | | | २००. | | २००. | ६००. |
| **जम्मा** | | | १९४३८.४ | ०. | १७००. | ०. | २११३८.४ | १९२३८.४ | ०. | १७२०. | ०. | २७५८८.४ | १९८८८.४ | ०. | १९१०. | ०. | २१७९८.४ | २०१८८.४ | ०. | २२१५. | ०. | २२४०३.४ | २०३८८.४ | ०. | २६५०. | ०. | २३०३८.४ | ११५९९७. |

| बजेट अनुमान | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| माध्यमिक शिक्षा | | | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु हजारमा | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३ | | | | | २०८४ | | | | | २०८५ | | | | | २०८६ | | | | | २०८७ | | | | | |
| | | | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | कुल जम्मा |
| १ | माग र आवश्यकतामा आधारित तालिम | पटक | | | ३००. | | ३००. | | | ३००. | | ३००. | | | ३५०. | | ३५०. | | | ३५०. | | ३५०. | | | ३५०. | | ३५०. | १६५०. |
| २ | ICT क्षमता विकास तालिम संचालन | पटक | १००. | | ५०. | | १५०. | १००. | | ५०. | | १५०. | १००. | | ५०. | | १५०. | १००. | | ५०. | | १५०. | १००. | | ५०. | | १५०. | ७५०. |
| ३ | सरोकारवालामा छलफल,परामर्श तथा अन्तर्क्रिया | पटक | | | ५०. | ५०. | १००. | | | ५०. | ५०. | १००. | | | ५०. | ५०. | १००. | | | ५०. | ५०. | १००. | | | ५०. | ५०. | १००. | ५००. |
| ४ | भौतिक पुर्वाधार निर्माण तथा मर्मत सम्भार | पटक | | | ५००. | | ५००. | | | ५००. | | ५००. | | | ५००. | | ५००. | | | ६००. | | ६००. | | | ६००. | | ६००. | २७००. |
| ५ | स्यानिटरी प्याड व्यवस्थापन | पटक | २६००. | | | | २६००. | २६००. | | | | २६००. | २७००. | | | | २७००. | २७००. | | | | २७००. | २८००. | | | | २८००. | १३४००. |
| ६ | छात्रवृत्ति, निशुल्क पाठ्यपुस्तक व्यवस्थापन | पटक | ३०००. | | | | ३०००. | ३०००. | | | | ३०००. | ३०००. | | | | ३०००. | ३०००. | | | | ३०००. | ३०००. | | | | ३०००. | १५०००. |
| ७ | पाठ्यक्रम,परीक्षा मुल्याङ्कन तथा नतिजा सम्वन्धी पुनर्ताजगी तालिम | पटक | | | २००. | | २००. | | | २००. | | २००. | | | २५०. | | २५०. | | | २५०. | | २५०. | | | ३००. | | ३००. | १२००. |
| ८ | SEE तथा SLC मा उत्कृष्ट नतिजा हासिल गराउने विद्यालयहरुलाई प्रोत्साहन पुरस्कार | वटा | | | ७५. | | ७५. | | | ७५. | | ७५. | | | ७५. | | ७५. | | | १००. | | १००. | | | १००. | | १००. | ४२५. |
| ९ | आवासिय छात्रबृत्ति | जना | २००. | | | | २००. | २००. | | | | २००. | २००. | | | | २००. | ३००. | | | | ३००. | ३००. | | | | ३००. | १२००. |
| १० | विज्ञान प्रदर्शनी तथा प्रतिभाको खोजी | | | | ५००. | | ५००. | | | ५००. | | ५००. | | | ५००. | | ५००. | | | ५००. | | ५००. | | | ५००. | | ५००. | २५००. |
| **जम्मा** | | | ५९००. | ०. | १६७५. | ५०. | ७६२५. | ५९००. | ०. | १६७५. | ५०. | ७६२५. | ६०००. | ०. | १७७५. | ५०. | ७८२५. | ६१००. | ०. | १९००. | ५०. | ८०५०. | ६२००. | ०. | १९५०. | ५०. | ८२००. | ३८३२५. |

| बजेट अनुमान | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम | | | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु हजारमा | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३ | | | | | २०८४ | | | | | २०८५ | | | | | २०८६ | | | | | २०८७ | | | | | |
| | | | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | कुल जम्मा |
| १ | अभिभावक तथा सरोकारवाला संघसंस्थाहरुलाई लागत साझेदारीका लागि प्रोत्साहन | पटक | | | १००. | १००. | २००. | | | १००. | १००. | २००. | | | १५०. | १५०. | ३००. | | | १५०. | १५०. | ३००. | | | २००. | २००. | ४००. | १४००. |
| २ | अनुगमन सूचक निर्माण गर्ने | पटक | | | ५०. | | ५०. | | | | | ०. | | | | | ०. | | | | | ०. | | | | | ०. | ५०. |
| ३ | सूचकका आधारमा अनुगमन गर्ने | पटक | | | १००. | | १००. | | | १००. | | १००. | | | १००. | | १००. | | | १००. | | १००. | | | १००. | | १००. | ५००. |
| ४ | छात्रवृत्ति छनौट मापदण्ड निर्माण | पटक | | | १००. | | १००. | | | | | ०. | | | | | ०. | | | | | ०. | | | | | ०. | १००. |
| ५ | नगरले आवश्कताको आधारमा छात्रवृत्तिमा साझेदारी गर्ने | पटक | | | १००. | १००. | २००. | | | १५०. | १५०. | ३००. | | | १५०. | १५०. | ३००. | | | २००. | २००. | ४००. | | | २००. | २००. | ४००. | १६००. |
| **जम्मा** | | | ०. | ०. | ४५०. | २००. | ६५०. | ०. | ०. | ३५०. | २५०. | ६००. | ०. | ०. | ४००. | ३००. | ७००. | ०. | ०. | ४५०. | ३५०. | ८००. | ०. | ०. | ५००. | ४००. | ९००. | ३६५०. |

| बजेट अनुमान | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शिक्षक व्यवस्थापन र विकास | | | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु हजारमा | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| क. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३ | | | | | २०८४ | | | | | २०८५ | | | | | २०८६ | | | | | २०८७ | | | | | |
| | | | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | कुल जम्मा |
| १ | स्थानीय विज्ञ समुह निर्माण | पटक | | | ५०. | | ५०. | | | ५०. | | ५०. | | | ५०. | | ५०. | | | ५०. | | ५०. | | | ५०. | | ५०. | २५०. |
| २ | पेशागत शैक्षिक अवलोकन तथा भ्रमण | पटक | | | | | ०. | | | ७००. | | ७००. | | | | | ०. | | | | | ०. | | | | | ०. | ७००. |
| ३ | सेवा निबृत्त शिक्षक सम्मान कार्यक्रम | पटक | | | १००. | | १००. | | | १००. | | १००. | | | १००. | | १००. | | | १००. | | १००. | | | १००. | | १००. | ५००. |
| ४ | उत्कृष्ट नतिजा ल्याउने विद्यालयका प्र अ तथा बिषय शिक्षक सम्मान | पटक | | | १००. | | १००. | | | १००. | | १००. | | | १००. | | १००. | | | १००. | | १००. | | | १००. | | १००. | ५००. |
| ५ | मेन्टर शिक्षक व्यवस्थापन | पटक | ३००. | | १००. | | ४००. | ३००. | | १००. | | ४००. | ३००. | | १००. | | ४००. | ३००. | | १००. | | ४००. | ३००. | | १००. | | ४००. | २०००. |
| ६ | शिक्षक सम्मेलन कार्यक्रम संचालन | पटक | | | | | ०. | | | ५००. | | ५००. | | | | | ०. | | | | | ०. | | | | | ०. | ५००. |
| **जम्मा** | | | ८००. | ८००. | ८००. | १३००. | १३००. | १८००. | १८००. | १८००. | १३००. | १३००. | ८००. | ८००. | ८००. | ८००. | ८००. | ८००. | ८००. | ८००. | ८००. | ८००. | ८००. | ३०००. | ३०००. | २९००. | २९००. | ४४५०. |

| बजेट अनुमान | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पाठ्यक्रम र मूल्याङ्कन | | | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु हजारमा | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| क. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३ | | | | | २०८४ | | | | | २०८५ | | | | | २०८६ | | | | | २०८७ | | | | | |
| | | | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | कुल जम्मा |
| १ | स्थानीय पाठ्यक्रम संशोधन तथा कार्यन्वयन र अनुगमन | पटक | | | ५००. | | ५००. | | | | | ०. | | | | | ०. | | | | | ०. | | | | | ०. | ५००. |
| २ | शिक्षा शाखामा पुस्तकालय स्थापना | पटक | | | १००. | | १००. | | | | | ०. | | | | | ०. | | | | | ०. | | | | | ०. | १००. |
| **जम्मा** | | | | | ६००. | | ६००. | | | | | | | | | | | | | | | | | | | | | ६००. |

| बजेट अनुमान | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| निरन्तर शिक्षा, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र खुला विद्यालय शिक्षा | | | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु हजारमा | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| क. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३ | | | | | २०८४ | | | | | २०८५ | | | | | २०८६ | | | | | २०८७ | | | | | |
| | | | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | कुल जम्मा |
| १ | सामुदायिक सिकाई केन्द्रलाई आवश्यकताका आधारमा तथ्याङ्क संकलन | पटक | ३००. | | १००. | | ४००. | ३००. | | १००. | | ४००. | ३००. | | १००. | | ४००. | ३००. | | १००. | | ४००. | ३००. | | १००. | | ४००. | २०००. |
| २ | खुला विद्यालयलाई खुला शिक्षा दिन प्रोत्साहन गर्ने | पटक | १६०. | | | | १६०. | १६०. | | | | १६०. | १६०. | | | | १६०. | १६०. | | | | १६०. | १६०. | | | | १६०. | ८००. |
| **जम्मा** | | | ४६०. | ०. | १००. | ०. | ५६०. | ४६०. | ०. | १००. | ०. | ५६०. | ४६०. | ०. | १००. | ०. | ५६०. | ४६०. | ०. | १००. | ०. | ५६०. | ४६०. | ०. | १००. | ०. | ५६०. | २८००. |

| बजेट अनुमान | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शिक्षामा सूचना र प्रविधि | | | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु हजारमा | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| क. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३ | | | | | २०८४ | | | | | २०८५ | | | | | २०८६ | | | | | २०८७ | | | | | |
| | | | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | कुल जम्मा |
| १ | विद्यालयमा इन्टरनेटको व्यवस्थापन | पटक | ५३०. | | | | ५३०. | ५५०. | | | | ५५०. | ६००. | | | | ६००. | ६००. | | | | ६००. | ६००. | | | | ६००. | २८८०. |
| २ | IEMIS software तालिम संचालन तथा व्यवस्थापन | पटक | २००. | | १००. | | ३००. | २००. | | १००. | | ३००. | २००. | | १००. | | ३००. | ३००. | | १००. | | ४००. | ३००. | | १००. | | ४००. | १७००. |
| ३ | सुचना तथा प्रविधिको पहँचका लागि अन्तरपालिका सँग समन्वय | पटक | | | ५०. | ५०. | १००. | | | ५०. | ५०. | १००. | | | ५०. | ५०. | १००. | | | ५०. | ५०. | १००. | | | ५०. | ५०. | १००. | ५००. |
| ४ | विद्यालयमा ई-हाजीरी व्यवस्थापन | पटक | | | ६००. | | ६००. | | | १००. | | १००. | | | १००. | | १००. | | | १००. | | १००. | | | १००. | | १००. | १०००. |
| **जम्मा** | | | ७३०. | ०. | ७५०. | ५०. | १५३०. | ७५०. | ०. | २५०. | ५०. | १०५०. | ८००. | ०. | २५०. | ५०. | ११००. | ९००. | ०. | २५०. | ५०. | १२००. | ९००. | ०. | २५०. | ५०. | १२००. | ६०८०. |

| बजेट अनुमान | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सुशासन तथा व्यवस्थापन | | | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु हजारमा | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| क. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३ | | | | | २०८४ | | | | | २०८५ | | | | | २०८६ | | | | | २०८७ | | | | | |
| | | | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | कुल जम्मा |
| १ | प्र अ व्यवस्थापन तालिम संचालन | पटक | | | २००. | | २००. | | | २००. | | २००. | | | २००. | | २००. | | | २००. | | २००. | | | २००. | | २००. | १०००. |
| २ | जिन्सी तथा लेखा व्यवस्थापन तालिम | पटक | | | २००. | | २००. | | | २००. | | २००. | | | २००. | | २००. | | | २००. | | २००. | | | २००. | | २००. | १०००. |
| ३ | वि व्य स तथा अभिभावक संघ तालिम संचालन | पटक | | | २००. | | २००. | | | २००. | | २००. | | | २००. | | २००. | | | २००. | | २००. | | | २००. | | २००. | १०००. |
| **जम्मा** | | | ०. | ०. | ६००. | ०. | ६००. | ०. | ०. | ६००. | ०. | ६००. | ०. | ०. | ६००. | ०. | ६००. | ०. | ०. | ६००. | ०. | ६००. | ०. | ०. | ६००. | ०. | ६००. | ३०००. |

| बजेट अनुमान | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण | | | भौतिक लक्ष्य (५ वर्ष) प्रति इकाइ लागत रु हजारमा | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| क. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | २०८३ | | | | | २०८४ | | | | | २०८५ | | | | | २०८६ | | | | | २०८७ | | | | | |
| | | | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | संघ | प्रदेश | स्थानीय | अन्य | जम्मा | कुल जम्मा |
| १ | अध्ययन तथा अनुसन्धान | पटक | | | | | ०. | | | १००. | | १००. | | | | | ०. | | | | | ०. | | | २००. | | २००. | ३००. |
| २ | अनुगमन प्रणालीका लागि सूचक तयारी र अद्यावधिक | पटक | | | ५०. | | ५०. | | | | | ०. | | | | | ०. | | | | | ०. | | | | | ०. | ५०. |
| ३ | अनुगमन, समीक्षा र प्रतिवेदन | पटक | | | ३००. | | ३००. | | | ३००. | | ३००. | | | ३००. | | ३००. | | | ३००. | | ३००. | | | ३००. | | ३००. | १५००. |
| ४ | विद्यालयको लेखा परीक्षण | पटक | ५००. | | ६००. | | ११००. | ५००. | | ६००. | | ११००. | ५००. | | ६००. | | ११००. | ५००. | | ६००. | | ११००. | ५००. | | ६००. | | ११००. | ५५००. |
| **जम्मा** | | | ५००. | ०. | ९५०. | ०. | १४५०. | ५००. | ०. | १०००. | ०. | १५००. | ५००. | ०. | ९००. | ०. | १४००. | ५००. | ०. | ९००. | ०. | १४००. | ५००. | ०. | ११००. | ०. | १६००. | ७३५०. |

# अनुसूचिहरु

## अनुसूचि-१

आज मिति २०८२/१०/०४ गते आइतबारका दिन खाँदबारी नगरपालिकाका प्रमुख तथा नगर शिक्षा समितिका अध्यक्ष श्री महेश थपलियाज्यूको अध्यक्षतामा देहाय बमोजिमको सदस्यहरुको उपस्थितिमा समितिको बैठक बसी तपसिल बमोजिमका विषयवस्तुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति

१. श्री महेश थपलिया - (नगर प्रमुख) -अध्यक्ष
२. श्री महेश्वरा श्रेष्ठ वज्रचार्य -(नगर उप-प्रमुख) -सदस्य
३. श्री पदम प्रसाद बजगाई -( प्रमुख प्रशासकीय अधिकृत) -सदस्य
४. श्री निरञ्जन श्रेष्ठ - (सामाजिक विकास समिति संयोजक) -सदस्य
५. श्री दीर्घध्वज चापागाईं -सदस्य
६. श्री शेरबहादुर पराजुली - सदस्य
७. श्री चित्ररेखा अधिकारी - सदस्य
८. श्री कुवेरप्रसाद भेटुवाल - सदस्य
९. श्री मेदिनी घिमिरे - सदस्य
१०. श्री हेमराज बस्नेत - सदस्य
११. श्री विमला नेपाल -सदस्य
१२. श्री बोधराज हुमागाईं - सदस्य
१३. श्री सल्लेन नेपाली - सदस्य
१५ श्री शेरबहादुर वन - सदस्य
१६. श्री जयन्द्र शाक्य - सदस्य
१७.श्री दीपकमणि घिमिरे -सदस्य सचिव
१८. श्री हिम बहादुर भट्टराई -आ.स. शिक्षा अधिकृत
१९. श्री दिपक निरौल - आ.स. सहायक कम्प्युटर अपरेटर

प्रस्ताव तथा निर्णयहरु

१.नगर शिक्षा योजना निर्माण सम्बन्धमा ।

यस नगरपालिकाको १० वर्षे नगर शिक्षा योजना निर्माण गर्न नगर कार्यपालिकाको बैठकमा पेश गर्ने ।शिक्षा योजना निर्माण कार्यदलमा तपसिल अनुसार हने र आवश्यकता अनुसार संयोजकले बढिमा २ जनासम्म विज्ञ राख्न सक्नेछ ।

तपसिल

१. दीर्घध्वज चापागाईं -संयोजक
२. दीपकमणि घिमिरे -सदस्य
३. तारा बहादुर बुढाथोकी -सदस्य
४. कुवेर प्रसाद भेटुवाल -सदस्य
५. मेदिनी घिमिरे -सदस्य
६. राजमणि घिमिरे -सदस्य
७. शेर बहादुर पराजुली -सदस्य
८. जयन्द्र शाक्य -सदस्य
९. हिम बहादुर भट्टराई -सदस्य-सचिव

उल्लेखित शिक्षा योजना निर्माणका लागि आवश्यक रकम उपलब्ध गराउन नगर कार्यपालिकाको बैठकमा अनुरोध गर्ने ।

२. अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयन सम्बन्धमा

यस सम्वन्धमा आवश्यक विवरण संकलनको कार्य सामुदायिक सिकाइ केन्द्रलाई परिचालन गरी सोको विवरण सम्वन्धित विद्यालयसँग समन्वय गरी वडा कार्यालयबाट प्रमाणित गरी लिने र सो विवरणको आधारमा अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावलीले उल्लेख गरेबमोजिम अनिवार्य शिक्षाको कार्यान्वयन गर्ने।

३. MGML संचालन सम्बन्धमा ।

यस आ.व. २०८२/०८३ देखि यस पालिकामा ६ वटा विद्यालयहरुमा MGML कार्यक्रम संचालन गर्न कोटा स्वीकृत भई आएकोले तपसिल अनुसारको विद्यालयहरुलाई विद्यार्थी संख्या र मौज्युदा शिक्षकहरुको आधारमा छनौट गर्ने ।

तपसिल

१. सरस्वती आ वि थालडाँडा
२. शान्ती आ वि मयँम
३. जालपा आ वि योगिडाँडा
४. जनचाहाना आ वि बेलडाँडा
५. सरस्वती आ वि हेलुवा
६. बालबालिका आ वि चिप्ले

३. स्थानीय भत्ता सम्बन्धमा ।

यस कार्यालयमा तलवभत्ता शिर्षकमा निकाशा भएको बजेट अध्ययन गरी कार्यक्रम कार्यान्वयन कार्याविधिमा रहेको व्यवस्था अनुसार शिक्षकहरुको तलव तथा स्थानीय भत्ता उपलब्ध गराउने प्रयोजनका लागि नपुग रकम माग गर्न सिफारिस गर्ने ।

आजको बैठक यहि अन्त्य गरियो ।

आज मिति २०८३ साल असार २२ गते सोमबारका दिन खाँदबारी नगरपालिकाका प्रमुख तथा नगर शिक्षा समितिका अध्यक्ष श्री महेश थपलियाज्यूको अध्यक्षतामा देहाय बमोजिमको सदस्यहरुको उपस्थितिमा समितिको बैठक बसी तपसिल बमोजिमका विषयवस्तुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति

१. श्री महेश थपलिया - (नगर प्रमुख) -अध्यक्ष
२. श्री महेश्वरा श्रेष्ठ वज्राचार्य -(नगर उप-प्रमुख) -सदस्य
३. श्री पदम प्रसाद बजगाई -( प्रमुख प्रशासकीय अधिकृत) -सदस्य
४. श्री निरञ्जन श्रेष्ठ - (सामाजिक विकास समिति संयोजक) -सदस्य
५. श्री दीर्घध्वज चापागाईं -सदस्य
६. श्री शेरबहादुर पराजुली - सदस्य
७. श्री चित्ररेखा अधिकारी - सदस्य
८. श्री कुबेरप्रसाद भेट्टवाल - सदस्य
९. श्री मेदिनी घिमिरे - सदस्य
१०. श्री हेमराज बस्नेत - सदस्य
११. श्री विमला नेपाल -सदस्य
१२. श्री बोधराज हुमागाईं - सदस्य
१३. श्री सल्लेन नेपाली - सदस्य
१४ श्री शेरबहादुर बन - सदस्य
१६. श्री जयन्द्र शाक्य - सदस्य
१७. श्री हिम बहादुर भट्टराई -सदस्य सचिव
१८. श्री दिपक निरौला - आ.स. सहायक कम्प्युटर अपरेटर
१९ श्री गुणराज खत्री प्र.शि.नि. आ.वि. ...

## प्रस्ताव तथा निर्णयहरु

### १.नगर शिक्षा योजना सम्बन्धमा ।

खाँदबारी नगरपालिकाको समग्र शैक्षिक बिकास, गुणस्तरीय शिक्षा प्रवर्द्धन तथा शिक्षा क्षेत्रको योजनाबद्ध बिकासका लागि तयार गरिएको **खाँदबारी नगर शिक्षा योजना** (२०८३/२०८४-२०९३/२०९४) माथि नगर शिक्षा समितिको बैठकमा विस्तृत छलफल गरी आवश्यक सुझाव तथा परिमार्जनसहित पारित गर्ने निर्णय गरियो साथै पारित खाँदबारी नगर शिक्षा योजना (२०८३/२०८४-२०९३/२०९४) स्वीकृतिका लागि खाँदबारी नगरपालिकाको कार्यपालिकामा पेश गर्न शिक्षा, युवा तथा खेलकुद शाखालाई आवश्यक प्रक्रिया अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो।

## अनुसूचि-२

# शिक्षा योजना निर्माण कार्यदलले योजना निर्माण गरी  नगर प्रमूख तथा नगर शिक्षा समितिका अध्यक्षलाई बुझाउँदै गरेको तस्विर

